जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न :
- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔँ।
- नियमित रुपमा शारीरिक व्यायाम गरौँ।
- माटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तीले नियमित स्वास्थ्य परीक्षण गरौँ।
- धुम्रपान र मद्यपान नगरौँ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २७ •अंक १९७ • २०८२ साल पुस १ गते मंगलबार (16 December, Tuesday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-

## एमालेको मतदान आज

**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा एमालेको जारी ११ औं महाधिवेशनमा मंगलबार नयाँ नेतृत्व चयनका लागि मतदान हुने भएको छ । निर्वाचनमा केपी शर्मा ओली र ईश्वर पोखरेलबीच प्रतिस्पर्धा हुने भएको छ ।

ओली समूहबाट उपाध्यक्षमा विष्णु पौडेल, रामबहादुर थापा, गुरु बराल, पृथ्वीसुब्बा गुरुङ र प्रदीप ज्ञवालीको नाम टुंगो लागेको छ । यद्यपि ज्ञवालीले भने केन्द्रीय सदस्यमा मात्र उम्मेदवारी दर्ता गराएका छन् ।

त्यस्तै महासचिवमा शंकर पोखरेलको नाम टुंगो लागेको छ । उपमहासचिवमा रघुवीर महासेठ, लेखराज भट्ट र विष्णु रिमाल तथा सचिवमा महेश बस्नेतको नाम छ ।

त्यसैगरी पोखरेल समूहबाट उपाध्यक्षमा गोकर्ण विष्ट, परशुमेघी गुरुङ, विन्दा पाण्डे, अरुण नेपाल, रघुजी पन्त र टंक कार्कीलाई समेटिएको छ । त्यस्तै उपमहासचिवमा योगेश भट्टराई, आनन्द पोखरेल र बैजनाथ चौधरीको उम्मेदवारी रहेको छ भने महासचिवमा सुरेन्द्र पाण्डेको उम्मेदवारी परेको छ ।

त्यस्तै सचिवमा रचना खड्का, कर्ण थापा, गोकुल बास्कोटा, विनोद ढकाल, कृष्णगोपाल श्रेष्ठ, ठाकुर गैरे, इन्द्रलाल सापकोटा र पुरुषोत्तम पौडेलको आकांक्षी उम्मेदवार छन् ।

सचिवमा उम्मेदवारी घोषणा गरेका आनन्द पोखरेल केन्द्रीय सदस्यमा पनि पर्न सकेका छैनन् । उनले उपमहासचिवमा उम्मेदवारी दर्ता गराएका छन् । विद्या भण्डारी र ईश्वर पोखरेलसंगको सम्पर्कमा रहेका कारण पोखरेललाई केन्द्रीय सदस्य हुनबाट रोकिएको बताएको छ ।

ओली समूहमा रहेका राजेन्द्र अर्याल, श्याम बस्नेत तथा गणेश बस्नेतलाई पनि रोकिएको छ । माधव नेपालको साथ छाडेर आएकी रामकुमारी झाँक्रीले पनि केन्द्रीय सदस्यमै चित्त बुझाएकी छन् । पृथ्वी सुब्बा गुरुङको नजिक रहेका शेरबहादुर तामाङलाई केन्द्रीय सदस्यमा झारिएको छ ।

मंगलबार बिहान ११ बजेदेखि साँझ ५ बजेसम्म मतदान हुनेछ ।

### मधेश प्रदेश सरकार विस्तार
# बुधबार सभामुखको निर्वाचन, शुक्रबार विश्वासको मत लिने गठबन्धनको निर्णय

**टुडे समाचारदाता**

जनकपुरधाम । कृष्णप्रसाद यादव नेतृत्वको सरकारले शपथग्रहण लिएको लिएको दश दिनपछि मन्त्रिमण्डल विस्तार गरिएको छ ।

तर मुख्यमन्त्री तथा मन्त्रिपरिषद् विस्तार भए पनि जसपा नेपाल भने अझैसम्म मधेश सरकार सहभागी भएको छैन ।

आगामी पुस २ गते सभामुख चयनको निर्वाचन प्रक्रिया अघि बढाइने र ४ गते मुख्यमन्त्रीले विश्वासको मत लिने सत्तारुढ सात दलीय गठबन्धनको बैठकबाट निर्णय भएको छ ।

आगामी पुस २ गते दिउँसो १ बजे सभामुख चयनबारे निर्वाचन प्रक्रिया अघि बढाइने छ भने पुस ४ गते दिउँसो ४ बजे विश्वासको मत लिने निर्णय भएको जसपा नेपाल संसदीय दलका नेता सरोजकुमार यादवले जानकारी दिए छन् ।

मन्त्रिमण्डल विस्तार भएसंगै नेकपा माओवादी केन्द्रबाट जवाहर लाल कुशवाहालाई उर्जा, सिचाइँ तथा खानेपानी मन्त्रालय र लोसपा नेपालबाट रानीकुमारी तिवारीलाई शिक्षा तथा संस्कृति मन्त्रालयको जिम्मेवारी सम्हालेकी छन् ।

यसअघि अर्थ मन्त्रालयको जिम्मेवारी जनमत पार्टीबाट महेशप्रसाद यादव र विनाविभागीय मन्त्रीका रुपमा नियुक्त भएका नेकपा एकीकृत समाजवादीबाट कनिष पटेललाई उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय र नेपाली कांग्रेसबाट जंगीलाल रायले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्हालेका छन् ।



जितेन्द्र सोनल सरकारको पालामा विनाविभागीय मन्त्री बनेका कनिष पटेल र महेशप्रसाद यादव दोहोरिएका छन् भने लोसपा नेपालले आफैले गरेको निर्णयलाई बेवास्ता गर्दै पुनः तिवारीलाई मन्त्रीमा दोहोऱ्याएको छ ।

जसपा नेपाल भने अहिलेसम्म पनि सरकारमा सामेल भएको छैन । यद्यपि सभामुख र भौतिक पूर्वाधार विकास मन्त्रालय भने जसपा नेपालले नै पाउने स्रोतले दाबी गरेको छ ।

जसपा नेपाल मधेश प्रदेश सांसदीय दलको बैठक नबसेको र पार्टीको केन्द्रीय अध्यक्षबाट समेत निर्देशन नआएकाले अहिलेसम्म मधेश प्रदेश सरकारमा सामेल हुन सकेको छैन ।

एक नेताले जनाए अनुसार सभामुख र भौतिक पूर्वाधार विकास मन्त्रालय जसपा नेपालले नै पाउने भए पनि केन्द्रीय अध्यक्षबाट मन्त्रालयको जिम्मेवारी कसलाई तोक्नेबारे टुंगो लाग्न सकेको छैन । जसपा नेपालको आन्तरिक बैठककै कारणले मधेश प्रदेश सरकारमा सहभागी हुनमा ढिलाइ भइरहेको जनाइएको छ । जसपा नेपालबाट सभामुखमा रामअशिष यादवकै चर्चा रहेको बताइन्छ ।

पूर्वमुख्यमन्त्री सोनलको बेला देखि नै रहेको सात दलीय गठबन्धनले मन्त्रीमा नयाँ अनुहारलाई ल्याउने निर्णय भए पनि सो निर्णय वर्तमान प्रदेश सरकारमा लागु भएको देखिएको छैन ।

उनले प्रतिपक्षी दल एमालेको महाधिवेशनमा लागेका कारण विश्वासको मत लिन ढिलाइ भएको बताए ।

यादव नेतृत्वको सरकारलाई जसपा नेपाल, जनमत, लोसपा, माओवादी, नेकपा एस र नागरिक उन्मुक्तिका सांसदले समर्थन गरेका छन् । एमालेबाट मुख्यमन्त्री बनेका मुख्यमन्त्री सरोजकुमार यादवले राजीनामा दिएपछि प्रदेश प्रमुख डा. सुरेन्द्र लाभ कर्णले नयाँ सरकार गठनका लागि आह्वान गरेका थिए ।

मन्त्रिपरिषद् विस्तार गर्नु अघि सोमबार बिहान बसेको सातदलीय गठबन्धनको बैठकले सरकार विस्तार गर्ने सहमति गरेको थियो ।

नवनियुक्त दुबै मन्त्रीले पद तथा गोपनीयताको शपथ लिएका छन् ।यससंगै मधेश प्रदेश सरकारको मन्त्रिपरिषद् ६ सदस्यीय विस्तार भएको छ । अहिले मधेश सरकारमा कांग्रेसका मुख्यमन्त्री र एक मन्त्री, नेकपा एस, जनमत पार्टी, लोसपा र माओवादी केन्द्रका १/१ जना सहभागी छन् ।

प्रदेशसभा सचिवालयले जारी गरेको सूचना अनुसार बैठक बुधबार दिउँसो १ बजे बस्ने भएको छ ।

बैठकबाट सभामुख निर्वाचनसम्बन्धी प्रस्ताव अनुमोदन गरी निर्वाचन कार्यतालिका सार्वजनिक गरिने प्रदेशसभा सचिव बासुप्रसाद कोइरालाले जानकारी दिए । उनका अनुसार कार्यविधि स्वीकृत भएसँगै सभामुख चयनको औपचारिक प्रक्रिया अघि बढाइने छ ।

यसअघि गत मंसिर ३ गते तत्कालीन सभामुख रामचन्द्र मण्डलले पदअनुकूल आचरण नगरेको ठहरसहित दुई तिहाइ बहुमतबाट पारित प्रस्तावका आधारमा पदमुक्त भएका थिए ।

तथापि छ वटा मन्त्रालयको जिम्मेवारी अझै पनि मुख्यमन्त्री यादवले नै सम्हालिरहेका छन् ।

## कर्मचारीको साख जोगाउन २३ बुँदे निर्देशन जारी

**टुडे समाचारदाता**

जनकपुरधाम । सरकारी काम कारबाहीलाई चुस्त र प्रभावकारी बनाउन मधेश प्रदेश सरकारका कर्मचारीहरुका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले २३ बुँदे निर्देशन जारी गरेको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सार्वजनिक सेवा प्रवाहप्रति नागरिकमा देखिएको चरम असन्तुष्टि र आक्रोश अन्त्य गरी सरकारप्रति भरोसा एवं विश्वास कायम गर्नु र निजामती प्रशासनप्रति जनताले गर्व गर्ने वातावरण सिर्जना गर्नका लागि स्थायी सरकारको रुपमा परिचित निजामती प्रशासनलाई चुनौती रहेकाले जनचाहना अनुसार कार्य गर्न निर्देशन जारी गरिएको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका निमित्त प्रमुख सचिव रामकुमार महतोले वर्तमान् परिवर्तित परिवेशमा जनचाहना बमोजिम छिटो, छरितो, सरल र सहजरुपमा गुणस्तरीय सेवा प्रवाह गर्न निजामती प्रशासनमा समय सापेक्ष व्यापक सुधार र रुपान्तरण आवश्यक रहेको औल्याए ।

मधेश प्रदेश सरकारको काम कारबाहीलाई चुस्तदुरुस्त र प्रभावकारी बनाउन सबै राष्ट्र सेवक कर्मचारीहरुको साथ, समन्वय र समर्थन प्राप्त हुने विश्वासका साथ कर्मचारीहरुको लागि कार्य सम्पादन नियमावली, २०८० को नियम ३५ को उपनियम (२) को खण्ड (ग) बमोजिम देहायका निर्देशन जारी गरेका छन् ।

कर्मचारीहरु कार्यालयमा समयमा अनिवार्य उपस्थित हुन, पूर्वस्वीकृति बेगर अनुपस्थित नहुन, काम विशेषले कार्यालय बाहिर जाँनु पर्दा कर्मचारी लगबुक राखेर अनिवार्य प्रविष्ट गरी कर्मचारीको पोसाक लगाउनु पर्ने निर्देशन जारी गरिएको छ ।

प्रदेश निजामती सेवा ऐन र नियमावलीमा भएको कर्मचारीले पालना गर्नुपर्ने आचरणका व्यवस्था पूर्ण रुपमा पालना गर्नु हुन र सो विपरीतको अनुशासनहीन काम गर्नमा बन्देज गरिएको छ ।

त्यस्तै सेवा प्रवाहको क्रममा सेवाग्राही र सरोकारवालसंग उचित आदर र सम्मानपूर्वक व्यवहार प्रदर्शन गर्नुपर्ने,

प्रत्येक निजामती कर्मचारीले कानून बमोजिम आफूलाई तोकिएको जिम्मेवारी पूर्ण निष्ठाका साथ पूरा गर्नुपर्ने र कुनै पनि बहानामा आलटाल गर्नमा कडाइ गरिएको छ ।

त्यस्तै आफ्नो जिम्मेवारी र अधिकार क्षेत्रभित्रको विषयमा सरल र सहजरुपमा समयमै कार्य फछ्र्योट गर्नुपर्ने,




> कर्मचारीहरु कार्यालयमा समयमा अनिवार्य उपस्थित हुन, पूर्वस्वीकृति बेगर अनुपस्थित नहुन, काम विशेषले कार्यालय बाहिर जाँनु पर्दा कर्मचारी लगबुक राखेर अनिवार्य प्रविष्ट गरी कर्मचारीको पोसाक लगाउनु पर्ने निर्देशन जारी गरिएको छ ।

कर्तव्य पालनको सिलसिलामा अधिकारप्राप्त निकाय वा अधिकारीवाट भएको निर्णय प्रचलित कानुन बमोजिम प्रभावकारीरुपमा कार्यान्वयन गर्नुपर्ने, आफ्नो मातहतका कार्यालय वा कर्मचारीहरुको काममा विना हस्तक्षेप काम गर्ने वातावरण प्रदान गर्नुपर्ने, प्रचलित कानुनले तोकेको अधिकार र जिम्मेवारीलाई ध्यानमा राखेर काम गर्नुपर्ने तथा अवाञ्छित ढंगले राजनीतिक प्रभाव नदेखाउन निर्देशन जारी गरिएको छ ।

त्यस्तै आफ्नो कार्यक्षेत्रभित्र रहेर एकआपसमा वा अन्य पदाधिकारी/कर्मचारीहरुसंग सहयोग र समन्वयको भावनाले काम गर्नुपर्ने, आफ्नो कर्तव्य पालन गर्दा आफ्नो कार्यालय र मातहतका कार्यालयहरुमा अनुचित प्रभाव पारी आफ्नो नातेदार नियुक्त गर्ने, काजमा ल्याउने वा सरुवा गर्ने जस्ता पक्षपातपूर्ण वा मोलाहिजायुक्त कुनै कार्य नगर्नुपर्ने, अनुगमनको क्रममा जारी गरिएको निर्देशन पालना भएको नपाएमा नसिहत दिनेसम्मको विभागीय कारबाही गर्नुपर्ने निर्देशन जारी गरिएको छ ।

विकास निर्माण कार्यलाई द्रुत गति दिइ निर्धारित समयमा सम्पन्न गर्नु हुनका साथै सरकारको नीति तथा कार्यक्रम र प्रतिवद्धताहरुलाई पूरा गर्न उल्लेख्य योगदान गर्नुपर्ने, मधेश प्रदेशको न्यून आयबाट जनताको असीमित आकांक्षा पूरा गर्न स्रोतको चाप रहेकोले विकास निर्माण एवं सेवा प्रवाहमा प्रशासनिक खर्च घटाउन अत्यधिक मितव्ययिता अपनाउनुपर्ने, सेवाग्राहीको अत्यधिक चाप रहेका कार्यालयमा विद्युतीय टोकन प्रणालीको व्यवस्था गर्नुपर्ने,

कर्मचारीले आफ्नो व्यक्तिगत आचरण र कार्यशैलीमा आमूल परिवर्तन एवं सुधार ल्याई प्रदेश निजामती सेवाको गिर्दो साखलाई उचो बनाइ जनताको विश्वास अभिवृद्धिमा योगदान गर्नुपर्ने, परिवर्तित परिवेश अनुरुप आफ्नो सोच, व्यवहार र कार्यशैलीमा सुधार ल्याउन सबै कर्मचारीले सुधारको प्रयास स्वयंबाट थाल्नुपर्ने, प्रदेशको गौरव र प्रतिष्ठा वृद्धि एवं नागरिक सन्तुष्टि अभिवृद्धिलाई केन्द्रमा राखी सार्वजनिक सेवामा योगदान गर्नुपर्ने, राजनीति र प्रशासन एक अर्काको परिपूरक रहेकोले आरोप प्रत्यारोपमा नलागी आपसी विश्वास, समन्वय, सहयोग र समझदारी कायम गर्न आफ्नो स्तरबाट पूर्ण प्रयत्न गर्नु, गराउनुपर्ने, जनताको नजरमा प्रदेश निजामती सेवा र सरकारको छविलाई उच्च बनाउन आफ्नो कर्तव्य र दायित्वप्रति सदैव समर्पित रही सुशासन, सेवा प्रवाह, विकास निर्माण र समग्र रुपान्तरणको मियोको रुपमा प्रदेश निजामती सेवालाई स्थापित गर्न पूर्णरुपमा क्रियाशील रहनका लागि २३ बुँदे निर्देशन जारी गरिएको छ ।



# रास्वपाको पालिका सभापतिमा पूर्वप्रहरी निरीक्षक कुर्मी



**टुडे समाचारदाता**

वीरगञ्ज । अवकाश प्राप्त प्रहरी निरीक्षक ललन प्रसाद कुर्मी राष्ट्रिय स्वतन्त्र पार्टीको धोबिनी पालिका सभापतिमा चयन गरिएको छ ।

वीरगञ्जमा सोमबार राष्ट्रिय स्वतन्त्र पार्टी धोविनीको प्रथम पालिका भेलाबाट कुर्मीलाई सर्वसम्मत रुपमा सभापतिमा चयन गरिएको छ । उनी पूर्वप्रहरी परिषद् पर्सा जिल्लाका अध्यक्ष पनि हुन् ।

उक्त भेलाबाट उपसभापतिमा निरज पटेल, सचिवमा उदित नारायण पटेल, कोषाध्यक्षमा बृजलाल पटेल र सदस्यहरुमा प्रमोद पटेल, नुबिन राम, सन्दिप पटेल, रामनरेश पटेल, सरस्वती देवी , रजरीश पटेल र प्रियंका देवी पासवानलाई चयन गरिएको छ ।

रास्वपाका क्षेत्रीय सभापति जीतेन्द्र मिश्रको सभापतित्वमा सम्पन्न भेलालाई रास्वापा पर्सा सभापति हरी पन्तलगायतका नेताहरुले शुभकामना व्यक्त गरेका थिए ।

# भन्सारको माग गर्दै आमरण अनशन




**टुडे समाचारदाता**

रौतहट । रौतहटको परोहा नगरपालिका-९ रामपुर खापमा रहेको छोटी भन्सार कार्यालय पुनः सञ्चालन र सहज रुपमा सवारी साधन आवागमनको माग गर्दै अनिश्चितकालीन आमरण अनसन सुरु गरिएको छ ।

सिमाना संघर्ष समितिको आयोजनामा आइतबार बेलुका करिब ३ बजेदेखि रामपुर खाप छोटी भन्सार कार्यालयको प्राङ्गणमा आमरण अनसन सुरु गरिएको हो ।

समितिका अध्यक्ष तथा पूर्व शिक्षक हाजी शेख तजमुल हकबाट शुरु भएको आमरण अनसनमा सोमबारदेखि पूर्व गाविस उपाध्यक्ष जगत लाल यादव र समाजसेवी साहेब शाह कानु पनि सहभागी भएको जनाइएको छ ।

कोरोना महामारीको समयमा स्थानीय सशस्त्र प्रहरी बलको बीओपी रामपुर खाप र भारतीय सीमा सुरक्षा बल एसएसबीले सो नाकाबाट चारपाङ्गे सवारी साधनको आवत-जावत पूर्ण रूपमा बन्द गरेको थियो । तर महामारी समाप्त भइसकेको लामो समय बितिसक्दा पनि सीमा नाका सञ्चालन नगरेको भन्दै स्थानीयले गुनासो व्यक्त गरेका छन् ।

रामपुर खाप नाकाबाट भारततर्फ चारपाङ्गे सवारी आवत-जावत सहज नहुँदा सीमावर्ती गाउँ-टोलका बासिन्दाहरू विवाह, काजक्रिया, उपचार, घरायसी कामकाज तथा दैनिक किनबेचका लागि ठूलो समस्यामा परिरहेको समितिको भनाइ छ ।

त्यसैगरी दशकौं देखी सञ्चालन रहेको रामपुर खाप छोटी भन्सार सरकार र माओवादी द्वन्दको समय असुरक्षाको कारण देखाउँदै जिल्ला भन्सार कार्यालय गौरमा मर्ज गरिएको थियो। छोटो भन्सार हटेको झण्डै दुईदशक वित्नलाग्दा पनी पुनः स्थापना हुनसकेको छैन । उक्त स्थानमा छोटी भन्सार सञ्चालन नहुँदा साना ब्यापारीहरू बाध्यभएर भारतीय सामान अबैध रुपमा नेपाल भित्र्याउने गरेका छन् ।

त्यस्तै ठूला व्यापारी भारतीय सामानको भन्सार कटाउन ३० किलोमिटर टाढा सदरमुकाम गौर पुग्नुपरेको स्थानीयले बताएका छन्। रामपुर खापमा भन्सार सञ्चालन नहुँदा एकातर्फ सरकारी राजश्व चुवाहट भईरहेको छ भने अर्को तर्फ सो क्षेत्रको व्यापार ब्यवसाय प्रभावित भएको उनीहरूले गुनासो गरेका छन् । यसअघि गत वर्ष पनि सोही माग राख्दै स्थानीयले आमरण अनसन सुरु गरेका थिए । तर तत्कालीन सहायक सिडियो, नेपाल प्रहरीका एसपी,सशस्त्र प्रहरीका एसपीले मौखिक आश्वासन दिएपछि अनसन तोडिएको थियो । करिब एक वर्ष बितिसक्दा पनि कुनै ठोस पहल नभएपछि पुनः आमरण अनसन गर्न बाध्य भएको समितिले जनाएको छ ।

आईतवार देखी सुरु भएको अनसनप्रति सरोकारवाला निकायबाट कुनै चासो नदेखाइएको भन्दै स्थानीय सर्वसाधारणले असन्तुष्टि व्यक्त गरेका छन् । समयमै ध्यान नदिइए मानवीय क्षति हुन सक्ने चेतावनी दिँदै त्यसको सम्पूर्ण जिम्मेवारी जिल्ला प्रशासन कार्यालयका प्रमुखले लिनुपर्ने समितिको माग रहेको छ ।

# गाँजा बरामद

**टुडे समाचारदाता**

सर्लाही । घरभित्र लुकाइछिपाइ राखिएको प्रतिबन्धित लागुऔषध गाँजा प्रहरीले सर्लाहीको पर्सा गाउँपालिका-१ बाटट बरामद गरेको छ ।

प्रहरी टोलीले आइतबार राति करिब साढे ११ बजे पर्सा-१ स्थित रामसिरिठ मण्डलको घरमा छापा मारी गाँजासहित उनलाई पक्राउ गरेको हो ।

इलाका प्रहरी कार्यालय संग्रामपुरबाट खटिएको टोलीले घरधनी ५७ वर्षीय रामसिरिठ मण्डलको घर खानतलासी गर्दा बाँस र माटोले बनेको भान्छा घरको टाटीमा लुकाइ राखिएको निलो र रातो प्लास्टिकले बेरेको एक पोका गाँजा फेला पारेको प्रहरीले जनाएको छ ।

स्थानीय व्यक्तिहरूको रोहबरमा नेपाल सरकारबाट मान्यता प्राप्त तराजुमा तौल गर्दा उक्त गाँजा प्लास्टिक बाहेक १ किलो ८०० ग्राम रहेको पुष्टि भएको छ । बरामद गरिएको गाँजासहित मण्डललाई नियन्त्रणमा लिई लागुऔषध मुद्दामा अनुसन्धान अघि बढाइएको प्रहरीले जानकारी दिएको छ ।

यस सम्बन्धमा सर्लाही जिल्ला अदालतबाट सात दिनको म्याद थप अनुमति लिई जिल्ला प्रहरी कार्यालय सर्लाहीले थप अनुसन्धान गरिरहेको छ ।

# वन डढेलोको जोखिम व्यवस्थापन गर्न राष्ट्रिय रणनीति र कार्ययोजना निर्माण




काठमाण्डु । सरकारले वन डढेलोको जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी राष्ट्रिय रणनीति र कार्ययोजना निर्माण थालेको छ । गृह मन्त्रालयको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको अगुवाइमा उक्त कार्ययोजना निर्माणको काम अघि बढेको हो ।

त्यसका लागि प्राधिकरणले एक कार्यदल नै गठन गरेको छ । कार्यदलले कार्ययोजनाको मस्यौदा निर्माण गरी सुझाव सङ्कलन गरिरहेको छ । वन डढेलो जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय रणनीति, २०८२ एवं कार्ययोजना, २०८२/८३-२०९१/९२ तर्जुमा गर्न गठित कार्यदलको आइतबारको बैठकले उक्त कार्ययोजना निर्माणमा विभिन्न निर्णयसमेत गरेको छ ।

कार्यदलको बैठकले विभिन्न सरोकारवाला निकायबाट प्राप्त संस्थागत सुझावहरू सम्बन्धमा छलफल गर्दै ती सुझाव समेटेर केही दिनभित्रै रणनीतिलाई अन्तिम रूप दिने निर्णय गरेको प्राधिकरणकी प्रवक्ता शान्ति महतले जानकारी दिनुभयो । उक्त रणनीतिले वन डढेलो व्यवस्थापन रणनीति, २०६७ को समीक्षा गर्दै वन डढेलोको जोखिम कम गर्ने र मूलतः जानाजान आगो लगाउने कार्यलाई उल्लेख्य रूपमा घटाउनका लागि विस्तृत कार्ययोजना तयार गरेको छ ।

जानाजानी तथा लापरबाही तबरबाट वनमा आगो लगाउने कार्यले वन डढेलो दिनप्रति दिन जटिल समस्या बन्दै गएको छ । त्यसैले कार्ययोजना नै बनाएर त्यलाई न्यूनीकरण तथा व्यवस्थापनको काम गर्न लागिएको प्राधिकरणका कार्यकारी प्रमुख दिनेश भट्टले जानकारी दिनुभयो ।

डढेलोका कारण हरेक वर्ष अर्बौंको भौतिक क्षतिका अतिरिक्त पर्यावरण तथा पारिस्थितिकी प्रणालीमा क्षति पुगिरहेको छ। रणनीति र कार्ययोजना तर्जुमाका लागि प्राधिकरणका प्राविधिक सहसचिवको संयोजकत्वमा १२ सदस्यीय समितिले काम गरिरहेको छ। पछिल्लो समयमा डढेलो र आगलागीका घटनामा बढोत्तरी भइरहेको छ। पछिल्लो एक महिनामा मात्रै आगलागीमा नेपालमा विभिन्न जिल्लामा आठ जनाको मृत्यु भइसकेको छ । वन डढेलो लाग्दा ठूलाठूला बस्तीसमेत जोखिममा परेका विगतको उदाहरण रहेको छ ।रासस

# ‘दुई सय ८ रोपनी सार्वजनिक जग्गा फिर्ता’



काठमाण्डु । काठमाडौं महानगरपालिकाकाप्रमुख बालेन्द्र शाहले आफू प्रमुखको भूमिकामा आएपछि रु २३ अर्ब मूल्य बराबरको २०८ रोपनी सार्वजनिक जग्गा फिर्ता गरिएको बताउनुभएको छ ।

यहाँ सोमबार आयोजना गरिएको कामपाको ३१औँ स्थापना दिवसको अवसरमा प्रमुख शाहले कामपाको लक्ष्य रु दुई खर्ब बराबरको एक हजार आठ सय ५९ रोपनी सार्वजनिक अतिक्रमण जग्गा फिर्ता गर्नुरहेको जानकारी दिनुभयो । उहाँले रु ९१ करोड लागतको सम्पदा संरक्षणको काम गरेको बताउनुभयो । दश केन्द्रलाई बिमाको प्रथम सेवा केन्द्रको रुपमा तोकिएको उहाँले जानकारी दिनुभयो ।

रु पाँच अर्ब चार करोडको लागतमा दुई सय ५१ योजना बोलपत्र प्रक्रियामार्फत खरिद गरिएका प्रमुख शाहले बताउनुभयो । उहाँका अनुसार धुलोरहित सडक कार्यक्रमअन्तर्गत ५५ किलोमिटर सडक सुधार सम्पन्न भएको छ ।

कार्यक्रममा राष्ट्रपति रामचन्द्र पौडेल, उपराष्ट्रपति रामसहायप्रसाद यादव, सभामुख देवराज घिमिरे र राष्ट्रियसभाका अध्यक्ष नारायण दाहालसहितको सहभागिता थियो । कार्यक्रममा विभिन्न वडाले सांस्कृतिक झाँकी प्रस्तुत गरेका थिए । काठमाडौं महानगरले हरेक वर्ष मङ्सिर २९ गते स्थापना दिवस मनाउँदै आएको छ ।रासस

# कांग्रेसले नेता उपाध्यायको निधनमा पार्टीको झण्डा तीन दिन आधा झुकाउने



काठमाण्डु । नेपाली कांग्रेसले लोकतान्त्रिक आन्दोलनका योद्धा, पार्टीका पूर्वकेन्द्रीय सदस्य तथा पूर्वमन्त्री आमोदप्रसाद उपाध्यायको निधनप्रति शोक प्रस्ताव पारित गर्दै उहाँको शोकमा तीन दिनसम्म पार्टीको झण्डा आधा झुकाउने निर्णय गरेको छ ।

पार्टीका उपसभापति धनराज गुरुङको सभापतित्वमा सोमबार बसेको कांग्रेस केन्द्रीय कार्यसमितिको बैठकले उहाँको निधनप्रति दुःख व्यक्त गर्दै पारित शोक प्रस्ताव पारित गरेको हो । बैठकले यही मङ्सिर २९, पुस १ र २ गते पार्टीको केन्द्रीय कार्यालय, प्रदेश कार्यालय र जिल्ला कार्यालयहरूमा झण्डा आधा झुकाउने निर्णय गरेको मुख्य सचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो ।

नेता उपाध्यायको काठमाडौँको ह्याम्स अस्पतालमा क्यान्सर रोगको उपचारका क्रममा यही मङ्सिर २७ गते शनिबार साँझ ९१ वर्षको उमेरमा निधन भएको थियो । बैठकले उहाँप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनमा समवेदना प्रकट गरेको छ ।

यसैगरी बैठकले आगामी पुस १ गते केन्द्र, प्रदेश र जिल्लाका सबै कार्यालय बन्द गर्ने, स्वर्गारोहणको १३औँ दिनसम्म केन्द्र, प्रदेश र जिल्ला कार्यालयहरूमा शोक पुस्तिका राख्ने र स्वर्गारोहणको १३औँ दिनमा उहाँको गृह जिल्ला मोरङमा शोकसभाको आयोजना गर्ने निर्णय गरेको छ । उहाँको पार्थिव शरीरलाई आजै पशुपति आर्यघाटमा दाहसंस्कार गरिने पार्टी कार्यालयले जनाएको छ ।

विसं २०४८ मा राष्ट्रियसभा सदस्यमा मनोनित हुनुभएका उपाध्याय विसं २०५६ मङ्सिर २३ गते सम्पन्न भएको उपनिर्वाचनमा मोरङ निर्वाचन क्षेत्र नं १ बाट प्रतिनिधिसभा सदस्य पदमा निर्वाचित हुनुभएको थियो । विसं २०५६ मा उहाँ शिक्षा तथा खेलकुदमन्त्री हुनुहुन्थ्यो भने विसं २०६२/०६३ को ऐतिहासिक जनआन्दोलन पश्चात पुनःस्थापित व्यवस्थापिका संसद्को सदस्य हुनुहुन्थ्यो । त्यसैगरी विसं २०६४ को संविधानसभा सदस्य निर्वाचनमा मोरङ निर्वाचन क्षेत्र नं. १ बाट निर्वाचित हुनुभएको थियो ।

शालिन र वौद्धिक व्यक्तित्वका रूपमा पार्टीमा परिचित स्व उपाध्याय विसं २०६९ मा पार्टीको केन्द्रीय अनुशासन समितिको संयोजक भएर कुशलतापूर्वक जिम्मेवारी निर्वाह गर्नुभएको कांग्रेसले जनाएको छ । राजनीतिक सङ्घर्षका क्रममा पटक-पटक पक्राउ परी जेल जीवन बिताउनुभएका उपाध्यायले निर्वासित जीवनसमेत बिताउनुभएको थियो । समाजसेवा र अध्ययनमा विशेष रुची राख्ने उपाध्यायका विभिन्न पत्रपत्रिकाहरूमा लेख रचनासमेत प्रकाशित भएका छन् ।

पार्टीको विभिन्न पदीय जिम्मेवारीमा रहेर कांग्रेसको सङ्गठन निर्माण र नेपालको लोकतान्त्रिक आन्दोलनहरूमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएका नेता उपाध्यायको निधनबाट पार्टीले एक अग्रज र अनुभवी नेतृत्वलाई गुमाएको जनाएको छ ।रासस

# चालु खाता र शोधनान्तर बचतमा, मुद्रास्फीति वान्छित सीमाभित्र



काठमाण्डु । केन्द्रीय बैंकले चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो चौमासिकसम्मको देशको आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदन सार्वजनिक गरेको छ । नेपाल राष्ट्र बैंकका अनुसार गत कात्तिक मसान्तसम्ममा वार्षिक विन्दुगत आधारमा उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित मुद्रास्फीति एक दशमलव ११ प्रतिशत रहेको छ ।

यो अवधिसम्ममा कूल विदेशी विनिमय सञ्चिति रु ३० खर्ब ५५ अर्ब ५२ करोड रहेको छ । अमेरिकी डलरमा उक्त सञ्चिति २१ अर्ब ५२ करोड बराबर हो हालको विदेशी विनिमय सञ्चितिले १७ दशमलव ४ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको राष्ट्र बैंकले जनाएको छ । गत कात्तिक मसान्तसम्ममा चालु खाता रु दुई खर्ब ७९ अर्ब ६५ करोड र शोधनान्तर रु तीन खर्ब १८ अर्ब ४० करोड बचतमा रहेको छ ।

**पहिलो चौमासिकमा विप्रेषण आप्रवाह नेपाली रूपैयाँमा**

३१ दशमलव ४ प्रतिशतले र अमेरिकी डलरमा २५ दशमलव ३ प्रतिशतले बढेको छ । चालु आर्थिक वर्षको कात्तिक महिनाको विप्रेषण आप्रवाह रु एक खर्ब ३३ अर्ब ८२ करोड रहेको छ ।यही अवधिमा निर्यात ७७ दशमलव ५ प्रतिशतले बढेर रू ९३ अर्ब ५० करोड बराबर पुगेको छ । त्यस्तै आयात १८ दशमलव ७ प्रतिशतले बढेर रू छ खर्ब नौ अर्ब ४५ करोड पुगेको पनि राष्ट्र बैंकले जनाएको छ ।

पहिलो चौमासिकमा नेपाल सरकारको खर्च रु चार खर्ब ६८ अर्ब ८८ करोड र राजस्व परिचालन रु तीन खर्ब २६ अर्ब ५५ करोड रहेको छ । यही अवधिमा विस्तृत मुद्राप्रदाय तीन प्रतिशतले बढेको छ । कात्तिक मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाको निक्षेप परिचालन तीन दशमलव एक प्रतिशत अर्थात् रू दुई खर्ब २२ अर्ब ३८ करोडले बढेर रू ७४ खर्ब ८६ अर्ब २५ करोड पुगेको छ । त्यस्तै निजी क्षेत्रमा प्रवाहित कर्जा एक दशमलव दुई प्रतिशत अर्थात् रू ६५ अर्ब चार करोडले बढेर रू ५५ खर्ब ६२ अर्ब ७५ करोड पुगेको छ ।

वार्षिक विन्दुगत आधारमा निक्षेपको वृद्धिदर १३ दशमलव चार प्रतिशत र निजी क्षेत्रमा प्रवाहित कर्जाको वृद्धिदर ६ दशमलव नौ प्रतिशत रहेको राष्ट्र बैंकले जनाएको छ । यो अवधिसम्ममा बैंक तथा वित्तीय संस्थाबीचको भारित औसत अन्तरबैंक दर दुई दशमलव ७५ प्रतिशत र ९१ दिन अवधि भएको ट्रेजरी बिलको भारितऔसत ब्याजदर दुई दशमलव ३७ प्रतिशत रहेको छ ।

वाणिज्य बैंकहरूको निक्षेपको भारित औसत ब्याजदर तीन दशमलव ७४ प्रतिशत र कर्जाको भारितऔसत व्याजदर सात दशमलव ३८ प्रतिशत रहेको छ ।रासस


## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | केही निराशा आउन सक्छ। परिवारमा सानो मतभेद हुनसक्छ। |
| वृष : | अवसर आउन सक्छ, तर हतार नगर्नुहोस् । |
| मिथुन : | आत्मविश्वास उच्च रहनेछ । पुराना योजना सफल हुने सम्भावना छ । |
| कर्कट : | नयाँ विचारहरु अघि बढाउन अनुकुल समय हो । मेलमिलाप रहनेछ । |
| सिंह : | प्रशंसा हुनेछ र आत्मबल बढ्नेछ । |
| कन्या : | नयाँ जिम्मेवारी आउनेछ, त्यसका लागि समय व्यवस्थापन गर्नुपर्छ । |
| तुला : | आज सामाजिक र पारिवारिक काममा व्यस्त रहनुहुनेछ । |
| वृश्चिक : | केही पुराना समस्या समाधान हुनेछ । |
| धनु : | काममा सफलता र सम्मान दुबै प्राप्त हुनेछ । |
| मकर : | नयाँ परियोजनामा सफलता पाइनेछ । घरमा सन्तोष र सुखको माहोल हुनेछ। |
| कुम्भ: | कला, लेखन वा सञ्चार क्षेत्रमा प्रगति हुने दिन छ। |
| मीन : | आजको दिन अध्यात्म र मनको शान्तिको लागि अनुकुल छ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378


## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३० बजे

दिउँसो :- ११:४६ बजे

बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे

दिउँसो :- १३:४५ बजे

बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



सप्तरीको हनुमाननगर कङ्कालिनी नगरपालिका-१ भारदहस्थित प्रसिद्ध शक्तिपीठ कङ्कालिनी भगवतीको मन्दिर । यहाँ दैनिक नेपाल र भारतका विभिन्न स्थानबाट हजारौँ भक्तजन दर्शनका लागि आउने गर्दछन् । *तस्बिरः अमरेन्द्रकुमार यादव*

# हुलाक सेवालाई आधुनिक, व्यावसायिक र प्रतिस्पर्धी बनाइनुपर्छ : सञ्चारमन्त्री खरेल

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले हुलाक सेवालाई आधुनिक, व्यावसायिक र प्रतिस्पर्धी बनाइनुपर्नेमा जोड दिनुभएको छ ।

डिल्लीबजारस्थित गोश्वारा हुलाक कार्यालयको सोमबार अनुगमन तथा निरीक्षणका क्रममा मन्त्री खरेलले बदलिदो परिस्थितिलाई आत्मसात गरी हुलाक सेवालाई व्यावसायिक कार्ययोजनासहित अगाडि बढाइनुपर्ने बताउनुभयो ।



सञ्चारमन्त्री खरेलले भन्नुभयो, "हामीले हुलाक सेवालाई अझ व्यावसायिक र प्रतिस्पर्धी बनाउनैपर्छ, हुलाकले कमाउन सक्नुपर्छ, हुलाकासँग अबको पाँच वर्षभित्रमा राज्य र जनतालाई योगदान गर्नसक्ने गरी कार्यान्वयनमुखी कार्ययोजना हुन आवश्यक छ ।" उहाँले 'स्मार्ट हुलाक' को कामलाई तीव्रताका साथ अगाडि बनाउन पनि निर्देशन दिनुभयो ।

सञ्चार सचिव राधिका अर्यालले स्मार्ट हुलाकका लागि नीतिगत र संरचनागत सुधारका पक्षमा पहल भइरहेको जानकारी दिँदै भन्नुभयो, "स्मार्ट हुलाकको मापदण्ड स्वीकृतिका लागि मन्त्रालयमा प्रस्ताव आइसकेको छ, यो छिट्टै स्वीकृत भएर कार्यान्वयनमा जान्छ । यसवर्ष ५० वटा हुलाक कार्यालयलाई स्मार्ट हुलाक बनाउने गरी बजेट व्यवस्था भइसकेको छ ।"रासस

# उपराष्ट्रपति यादव कतारको राष्ट्रिय दिवस स्वागत समारोहमा सहभागी



काठमाण्डु । उपराष्ट्रपति रामसहायप्रसाद यादव कतारको राष्ट्रिय दिवसका अवसरमा सोमबार साँझ यहाँ आयोजित स्वागत समारोहमा सहभागी हुनुभयो ।

नेपालका लागि कतारका राजदूत मिसाल एम अल अन्सारीले आयोजना गर्नुभएको उक्त समारोहमा संवैधानिक अङ्गका प्रमुख, पूर्वमन्त्री, यहाँस्थित कूटनीतिक नियोगका प्रमुख तथा पदाधिकारी, नेपाल सरकारका उच्चपदस्थ अधिकारी, कामको सिलसिलामा यहाँ रहेका कतारी, उद्योगपति, व्यापारी तथा वरिष्ठ सञ्चारकर्मीको उपस्थिति थियो ।

समारोहमा सङ्क्षिप्त मन्तव्य व्यक्त गर्दै राजदूत अन्सारीले आधुनिक कतार र नेपालबीचको सम्बन्ध सुमधुर रहेको चर्चा गर्नुभयो । उहाँले नेपालको स्वास्थ्य तथा जीविकोपार्जनका साथै यहाँको वातावरण संरक्षण र जलवायु परिवर्तनका असर घटाउन कतारले सहयोग गर्दै आएको बताउनुभयो । कतार च्यारिटीमार्फत नेपालका १० जिल्लामा विकासका विविध कार्यक्रम सञ्चालन भएका जानकारी दिँदै राजदूत अन्सारीले ती कार्यक्रमबाट १५ लाख नेपाली लाभान्वित भएका बताउनुभयो ।

आधुनिक कतारका संस्थापक शेख जसिम बिन मोहमद अल थानीको सम्मानस्वरुप हरेक वर्ष डिसेम्बर १८ मा राष्ट्रिय दिवस मनाइन्छ । यद्यपि विश्वका विभिन्न भागमा अवस्थित कतारी राजदूतावासहरूमा भने यो दिवस स्थानीय अनुकूलताका आधारमा मनाइन्छ । सन् १९७८ मा बेलायतबाट कतार स्वतन्त्र भएको हो । सन् २००६ सम्म उसले सेप्टेम्बर ३ मा स्वतन्त्रता दिवस मनाउँदै आएको थियो ।रासस

# एमालेमा मन र मत मिलाउने प्रयास

काठमाण्डु । "अध्यक्ष कमरेड, पार्टीभित्र एकताका लागि सङ्ख्या होइन, मन मिलाउनुस् मन...।'', दशौँ केन्द्रीय कमिटीको अन्तिम बैठक चलिरहँदा नेकपा (एमाले) का सचिव योगेश भट्टराईले अध्यक्ष केपी शर्मा ओलीलाई यस्तो आग्रह गरेपछि बैठकको वातावरणमा फेरबदल देखिएको थियो ।

पछिल्लो दोस्रो विधान महाधिवशनबाट पारित विधानलाई संशोधन गरेर पदाधिकारी र केन्द्रीय कमिटीको सङ्ख्या थप गर्ने/नगर्ने विषयमा गरमागरम बहस चलिरहेको थियो । यही मङ्सिर २६ गतेको पार्टीको सचिवालयको बैठकमा आधिकारिरूपमा ११ औँ राष्ट्रिय महाधिवेशनमा विधान संशोधनको प्रस्ताव नलाने निर्णय भए पनि महाधिवेशनको बन्दसत्र सुरु अघि भृकुटीकण्डपमा भएको केन्द्रीय कमिटीको बैठकमा 'फ्लोर' बाट केन्द्रीय सदस्य खिमलाल भट्टराईबाट विधान संशोधनको प्रस्ताव आएको थियो । त्यसपछि केन्द्रीय सदस्यहरूले विधान संशोधनको पक्ष र विपक्षमा मत दिइरहेका थिए ।

धेरैबोल्नथालेपछिपदाधिकारीहरूबाट बोल्नका लागि हात उठ्न थाल्यो । कतिपय केन्द्रीय सदस्यले पदाधिकारीले सचिवालयको बैठकमा बोलिसकेकाले यहाँ बोलिरहनुनपर्ने सन्देश दिइरहनुभएको थियो । सचिव गोकर्णराज विष्टले बोल्न समय माग्दा केन्द्रीय सदस्यहरूको उत्तिकै हात उठिरहेपछि अध्यक्ष ओलीले, "अब लामो समय छलफल गर्न सकिँदैन, कुरा आइसकेको छ । बाहिर प्रतिनिधि साथीहरू कुरिरहेका छन् । छिटो सकौँ ।"

त्यसपछि सचिव भट्टराईले आफूलाई एक मिनेट समय दिन आग्रह गरेपछि अध्यक्ष ओलीले 'ल एक मिनेट' भनेर समय दिनुभयो । सचिव भट्टराईले यसरी केन्द्रीय सदस्यहरूले पनि बैठकमा प्रस्ताव राख्न र खुलेर छलफल गर्न पाउनु अन्तरपार्टी लोकतन्त्र र जनताको बहुदलीय जनवाद (जबज) को सही



अभ्यास भएको बताउँदै विधानबाट सङ्ख्या बढाएर प्राविधिक रूपमा केही समाधान भए सङ्ख्या बढ्दैमा नेताहरूको मन मिल्छ भन्ने सुनिश्चितता नहुने तर्क गर्नुभयो । सचिव भट्टराई एमाले महाधिवेशनबाट असन्तुष्ट भएर कोही नेता नेपाली कम्युनिष्ट पार्टीमा जाने भन्ने 'ढोक्सा' कसैले थाप्न आवश्यक नभएको मत पनि व्यक्त गर्नुभयो ।

त्यसपछि मञ्चबाट सचिव विष्टले फेरि बोल्न समय माग गर्नुभयो । तलबाट 'भो भो' भन्ने आइरहेको थियो । अध्यक्ष ओलीले "ल ल बोलौँ । मन मिलाउनु पर्‍यो नि त साथीहरू" भन्दै बोल्न दिनुभयो । बहस चल्दै जाँदा विधान संशोधन खुला गर्ने हो भने दुई वर्षे कार्यकाल र ७० वर्षे उमेर हद खुला गर्न वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल पक्षबाट प्रस्ताव आएपछि अध्यक्ष ओलीले "पहिल्यै टुङ्गो लागिसकेको विषयमा खुल्ला गर्ने भए गरौँ, मलाई केही फरक पर्दैन । विधिबाट हल भइ हाल्छ, धेरै छलफल गर्न पर्दैन । के गर्ने/नगर्ने भनेर मतदानमा जान सकिन्छ ।" भनेपछि पद सङ्ख्या मात्रै बढाउने गरी आएको विधान संशोधनको प्रस्ताव सहजै पारित भयो । उक्त प्रस्ताव महाधिवेशनको बन्दसत्रमा महासचिव शङ्कर पोखरेलले राख्दा र अध्यक्ष ओलीले निर्णयार्थरूपमा प्रस्तुत गर्दा हलमा तालीको गडगडाहट उत्पन्न भएको थियो ।

एमालेले विधान संशोधन गरेर दशौँ राष्ट्रिय महाधिवेशनमा कायम रहेको ३०१ सदस्यीय केन्द्रीय कमिटी र १९ पदाधिकारी, स्थायी कमिटी र पोलिटब्युरोको संरचनालाई ब्युँताए छ । यसमा वरिष्ठ उपाध्यक्ष पद हटाइएको छ भने उपाध्यक्षको सङ्ख्या घटाएर सचिवको सङ्ख्या बढाएर नौ पुर्‍याइएको छ । यो प्रक्रियाले एमालेभित्र बेग्लै विधान महाधिवेशन आयोजना गर्ने या नगर्ने भन्ने बहस उत्पन्न भएको छ ।

एमालेका केन्द्रीय सदस्य विष्णु रिजालले आफूले राष्ट्रिय महाधिवेशनमा विधान संशोधने हुने अभ्यासले बेग्लै विधान महाधिवेशन आयोजना गरिहन नपर्ने भने आफूहरूले विगतमा पार्टीमा लिखित प्रस्ताव दर्ज गरेको राससलाई बताउनुभयो । तर केन्द्रीय कमिटीको अन्तिम बैठक र महाधिवेशनको बन्दसत्रमा यो प्रस्ताव भने कतैबाट आएन ।

एमालेका केन्द्रीय सदस्य सीता पौडेलले विधान संशोधन गर्ने हो भने अरु धारामा पुनः विचार गर्नुपर्ने प्रस्ताव भने पारित नभएको बताउनुभयो । उहाँले पूर्वराष्ट्रपति एवं पार्टीका पूर्व उपाध्यक्ष विद्यादेवी भण्डारीको सदस्य रोक्का गर्न नहुने तर्क पनि अन्तिम केन्द्रीय कमिटी बैठकमा सम्झाउनुभएको थियो ।

वरिष्ठ उपाध्यक्ष पोखरेलले बन्दसत्रमा सम्बोधन गर्दै भण्डारीलाई रोकिनु उचित नहुने मत राख्नुभएको थियो । जवाफमा अध्यक्ष ओलीले पूर्व राष्ट्रपति सम्मानित स्थानमा रहनुपर्ने र राजनीतिमा आउन नहुने निर्णय यसअघि केन्द्रीय कमिटीबाट भएको तथा उहाँले पार्टीको सदस्यता पुनः लिन चाहेमा प्रक्रियागतरूपमा आवेदन दिएमा त्यसमा पार्टीले पुनःविचार गर्ने स्पष्ट पानुभयो ।

एमालेभित्र देखिएका यी विवाद र बहसका विषयहरू कुनै सैद्धान्तिक विषयहरू होइनन् । वरिष्ठ उपाध्यक्ष पोखरेलले आफ्नो मन्तव्यका क्रममा अध्यक्ष ओलीलाई आफूले सक्रिय नेता तथा पार्टी जीवनको लोकतान्त्रिकरणका प्रस्तोताका रूपमा सम्मान गर्ने बताउँदै कार्यशैलीगत सवाल तथा नेतृत्व हस्तान्तरण र पुस्तान्तरणका सवालमा अभिभावकीय भूमिका खेल्न आग्रह गर्नुभएको थियो । अध्यक्ष ओलीले प्रतिनिधिहरूको चाहना र मुलुकको आवश्यकताबमोजिम पार्टीलाई एकताबद्ध बनाउन आफू प्रतिबद्ध रहेको बताउनुभएको थियो । नेताहरूबीच एक प्रकारको सवालजवाफका साथै पार्टी एकताबद्ध बनाउने वाचालाई प्रतिनिधि र कार्यकर्ताहरूले व्यवहारिकरूपमा व्यग्रतापूर्वक प्रतिक्षा गरिरहेका छन् ।

अध्यक्ष ओलीले उद्घाटनसत्रमा "कम्युनिष्ट पार्टी जति बलियो भयो, त्यति नै राष्ट्रियता बलियो हुन्छ । एमाले सामाजिक न्याय र सामाजिक न्यायको सुरुवाती अभियन्ता पार्टी हो ।" भनी व्यक्त गर्नुभएको भनाइलाई महाधिवेशनले थप स्थापित गरेस् भन्ने प्रतिनिधिहरूको चाहना देखिन्छ । अध्यक्ष ओली र वरिष्ठ उपाध्यक्ष पोखरेलको समूहबीच चुनावी प्रतिस्पार्धा हुन लागेकाले चुनावी परिणामले कसरी नेताहरूको मन जोड्छ भन्ने भने हेर्न बाँकी नै रहेको छ ।

भक्तपुरको सल्लाहघारीमा यही मङ्सिर २७ गते उद्घाटन भई काठमाडौँको भृकुटीमण्डपमा मङ्सिर २८ गतेदेखि सुरु भएको बन्दसत्रअन्तर्गत दोस्रो दिन सोमबार नयाँ नेतृत्वका लागि उम्मेदवारको मनोनयन भयो । एमालेको केन्द्रीय निर्वाचन आयोगका अध्यक्ष डा विजय सुब्बाका अनुसार मनोनयनपछि अन्य प्रक्रिया पूरा गरेर उम्मेदवारको अन्तिम नामावली सोमबार साँझ ६:०० बजे प्रकाशन भयो ।

विद्युतीय मतदान प्रक्रियाबाट मतदान हुने भएकाले उम्मेदवारको विवरण 'सेटअप' गर्न सयम लाग्ने भएकाले मतदान भने पुस १ गते मात्रै हुनेछ । आयोगले मतदानका लागि ८० वटा मेसिन तयार गरेको छ । एमालेको महाधिवेशनमा मनोनित सहित दुई हजार २६३ प्रतिनिधि रहेका छन् ।रासस

# महानगरको प्राथमिकतामा खर्च कटौती, पुँजीगत लगानी र सेवा सुधारः प्रमुख शाह

काठमाण्डु । काठमाडौँ महानगरपालिकाका प्रमुख बालेन्द्र शाहले महानगरले कार्यालय सञ्चालन खर्च घटाउँदै पुँजीगत खर्चलाई विशेष महत्व दिएर बढाउने नीति अपनाएको बताउनुभएको छ ।

काठमाडौँ महानगरपालिकाको ३१औँ स्थापना दिवसको अवसरमा सोमबार आयोजित कार्यक्रममा प्रमुख शाहले बहाल करको क्षेत्र विस्तार गरिएको र नागरिकबाट सङ्कलित राजस्व नागरिककै सामूहिक हितमा प्रयोग भइरहेको स्पष्ट पार्नुभयो । उहाँले महानगरको कार्यसम्पादन र प्रगतिबारे कार्यक्रममार्फत जानकारी दिनुभयो ।

प्रमुख शाहका अनुसार महानगरबाट धुलोरहित सडक कार्यक्रमअन्तर्गत ५५ किलोमिटर सडक सुधार सम्पन्न भएको छ । ६२ चोकमा हाईमास्ट लाइट जडान गरिएका छन् । साथै पाँच हजार ३१८ पोलमा १३ हजार ३४० बत्ती जडान गरी रात्रिकालीन सहरी सौन्दर्य विस्तार गरिएको छ । गत आर्थिक वर्षमा रु दुई अर्ब ८६ करोड बराबरका पूर्वाधार योजना सम्पन्न भएका छन् । करिब रु ९१ करोडको लागतमा सम्पदा संरक्षणका काम हुँदा २७६ मूर्त सम्पदा आयोजना र १२५ अमूर्त



सम्पदा कार्यक्रम सञ्चालन गरिएका प्रमुख शाहले जानकारी दिनुभयो ।

महानगर प्रमुख शाहका अनुसार महानगरले हालसम्म रु २३ अर्ब बराबरको २०८ रोपनी सार्वजनिक जग्गा फिर्ता गरिसकेको छ । आगामी दिनमा करिब रु दुई खर्ब बराबरको एक हजार ८५९ रोपनी जग्गा अतिक्रमणमुक्त गराउने लक्ष्य रहेको उहाँले बताउनुभयो । उहाँले स्थानीय स्रोतसाधन र सीपको अधिकतम प्रयोग गर्दै रैथाने सीपलाई आयमा रूपान्तरण गर्न 'एक वडा-एक कार्यक्रम' सञ्चालन भइरहेको जानकारी दिनुभयो ।

महानगर प्रमुख शाहले आर्थिक, सामाजिक र पूर्वाधार विकास, सुशासन तथा प्रशासनिक सुधार महानगरका नियमित कार्यक्षेत्र भएको बताउनुभयो । उहाँले प्राकृतिक सम्पदा र मानव-निर्मित सृजनाको संरक्षण, संवर्द्धन र प्रवर्द्धनमार्फत सहरको सांस्कृतिक पहिचान जोगाउने, सहरी स्वच्छता र सरसफाइ विस्तार गर्ने तथा एकीकृत पूर्वाधार विकासमार्फत सेवा प्रवाहलाई सहज र चुस्त बनाउने महानगरको दायित्व भएको बताउनुभयो ।

महानगरले स्वास्थ्य, शिक्षा, रोजगारी प्रवर्द्धन, वातावरण सुधार र पूर्वाधार कार्यक्रमलाई थप प्राथमिकतासहित कार्यान्वयनमा ल्याएको जनाएको छ । स्वास्थ्यतर्फ एक हजार ८६ विपन्न नागरिकलाई उपचारका लागि सिफारिस गरिएको, २१० जनाको निःशुल्क उपचार गरिएको तथा ३२ वडामा स्वास्थ्य प्रवर्द्धन केन्द्रसहित ३५ स्वास्थ्य संस्था र जनस्वास्थ्य प्रयोगशाला स्थापना गरिएको प्रमुख शाहले जानकारी दिनुभयो ।

यस्तै, विद्युतीय शासनअन्तर्गत इ-सिफारिस र इ-कार्यालय प्रणाली कार्यान्वयनमा ल्याइएको छ । यसैगरी १५२ आगलागीका घटना र १४३ जोखिमयुक्त रुख व्यवस्थापन गरिएको महानगरले जनाएको छ । सहरी योजना आयोगमार्फत १६४ योजनाको विस्तृत डीपीआर तयार गरिएको छ भने रु ६ अर्ब ३३ करोड ५८ लाखको लागत अनुमान भएका २५१ योजना बोलपत्रमार्फत खरिद हुँदा रु एक अर्ब २३ करोड बचत भएको उहाँले जानकारी दिनुभयो ।रासस

# खाद्य र पेय पदार्थको मुद्रास्फीति ऋणात्मक

काठमाण्डु । गत कात्तिक महिनामा खाद्य र पेय पदार्थको मुद्रास्फीति ऋणात्मक देखिएको छ ।

नेपाल राष्ट्र बैंकले सोमबार सार्वजनिक गरेको चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो चौमासिक अवधिमा आधारित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार गत कात्तिक महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति एक दशमलव ११ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति पाँच दशमलव ६० प्रतिशत रहेको थियो ।

राष्ट्र बैंकका अनुसार कात्तिक महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति तीन दशमलव ३२ प्रतिशतले ऋणात्मक रहेको छ भने गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति तीन दशमलव ६९ प्रतिशत रहेको छ ।

अघिल्लो वर्षको सोही अवधिमा यी समूहहरूको मुद्रास्फीति क्रमशः नौ दशमलव १० र तीन दशमलव ६५ प्रतिशत रहेको थियो ।प्रतिवेदनअनुसार चालु आर्थिक वर्षको पहिलो चौमासिकको औसत मुद्रास्फीति एक दशमलव ५३ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिको औसत मुद्रास्फीति चार दशमलव ५९ प्रतिशत रहेको थियो ।

गत कात्तिक महिनामा खाद्य तथा पेय पदार्थ समूहअन्तर्गत घ्यू तथा तेल उप-समूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क पाँच दशमलव २५, गैर-मदिराजन्य पेय पदार्थको तीन दशमलव ६१ र दुग्ध पदार्थ तथा अण्डाको एक दशमलव ९७ प्रतिशतले बढेको छ । तरकारी उप-समूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क १४ दशमलव ४३, मरमसलाको सात दशमलव ८५ र दाल तथा गेडागुडीको पाँच दशमलव ३६ प्रतिशतले घटेको छ ।रासस



**विदेह नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**तिनकौरिया, धनुषा**
**मधेश प्रदेश, नेपाल**

**सूचना संशोधन गरिएको बारे**

**संशोधित सूचना प्रकाशित मिति : २०८२/०९/०१**

यस नगरपालिकाद्वारा मिति २०८२/०८/२८ गते जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित कर्मचारी आवश्यकता सम्बन्धी सूचनाको विज्ञापन नं. १/२०८२/०८३, जनस्वास्थ्य अधिकृत, तह सातौं हुनुपर्नेमा अन्यथा भएकोले संशोधन गरिएको हुँदा जानकारीका लागि यो संशोधित सूचना प्रकाशित गरिएको छ।

**प्रमुख प्रशासकिय अधिकृत**



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# चुनावको तयारीमा दलहरु

फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचनका लागि दलहरु तयारी थालेका छन् । देशको सबै भन्दा ठूलो पार्टी नेपाली कांग्रेसले पार्टीको आन्तरिक महाधिवेशनका लागि सदस्यता वितरणसंगै चुनावका लागि उम्मेदवारको सिफारिस गर्न थालेको छ। कांग्रेस पार्टीमा क्षेत्रीय समिति हुँदै उम्मेदवारको सिफारिस भएर केन्द्रीय समिति सम्म पुग्छ। उम्मेदवारको नाम सिफारिसमा कांग्रेस पार्टी भित्र विभिन्न जिल्लाहरुमा विवाद पनि देखिएको छ। जीवन्त पार्टीमा त्यो अस्वभाविक होइन। उम्मेदवार छनोटको प्रक्रियामा गएको कांग्रेसले फागुन २१ गते नै चुनाव हुनुपर्नेमा जोड दिँदै आएको छ। जनता समाजवादी पार्टी(जसपा) नेपालले पनि उम्मेदवार छनोटका लागि तल्लो निकायहरुलाई सर्कुलर जारी गरेको छ । पार्टीको तल्लो निकायबाट सिफारिस भएका नामहरु मध्येबाट टिकट वितरण गर्ने चलन छ। तर नाम सिफारिस नै नभएकाहरुले पनि विशेष परिस्थितिमा टिकट पाउने गरेका छन्। राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)ले पनि उम्मेदवार छनोटको प्रक्रियामा अगाडि बढेको छ । अन्य दलहरु पनि उम्मेदवार छनोटको प्रक्रिया थालेका छन् । नेकपा एमाले महाधिवेशनमा लागेकाले पुसको पहिलो हप्तादेखि चुनावको प्रक्रियामा अगाडि बढ्ने सम्भावना छ । हुन त महाधिवेशनको उद्घाटन सत्रमा नै एमाले अध्यक्ष केपी शर्मा ओलीले अत्यन्त आत्मविश्वासका साथ प्रतिनिधि सभा सर्वोच्च अदालतबाट पुनर्स्थापना हुने बताए । उनले पनि एक पटक प्रतिनिधि सभा विघटन गर्दा सर्वोच्च अदालतले व्युत्याँइ दिएको थियो । ओली नै पूनःएमालेको अध्यक्ष चयन हुने बलियो सम्भावना रहेको छ । त्यसकारण पनि एमाले महाधिवेशन सम्पन्न भएपछि मात्र चुनावमा जाने अथवा संसद पुनर्स्थापनाको निर्णय कुर्ने टुंगो लाग्ने छ । तर अन्य दलहरु समयमै चुनाव गराउने वातावरण बनाउन सरकारलाई दबाब दिन थालेका छन् । फागुन २१ गते हुने चुनावका लागि अब समय एकदम कम हुन थालेको छ। सत्ता परिवर्तन गरी प्रतिनिधि सभा विघटन गराउन सफल जेन- जी आन्दोलनमा सहभागी युवाहरुले विदेशमा रहेका नेपालीहरुलाई पनि मताधिकार दिनुपर्ने माग गरेका छन् । निर्वाचन आयोग चुनावका लागि चाहिने आवश्यक प्रक्रियाहरुलाई अगाडि बढाएको छ । निर्वाचनको कार्यतालिका समेत आयोगले सार्वजनिक गरिसकेको छ। तर पनि समयमै चुनाव सम्पन्न हुनेमा अधिकांश नेपाली विश्वस्त देखिएका छैनन् । चुनाव अझ् केही महिना सार्नुपर्ने कांग्रेसका केही पदाधिकारीहरुले समेत बताउन थालेका छन् । प्रधानमन्त्री सुशीला कार्कीले चुनावबाट ध्यान हटाउन थालेको देखिन्छ । उनी साढे दुई महिनाका लागि मन्त्रीहरु थप्न थालेकी छन् । चुनावलाई नै सरकारले अर्जुन दृष्टि बनाउनु पर्ने थियो । तर सरकार चुनावलाई प्रमुख प्राथमिकतामा राखेको छैन । निर्धारित समयमा चुनाव गराउन नसके प्रधानमन्त्रीको असफलता हुनेछ । देशमा राजनीतिक अस्थिरता बढने छ । त्यसकारण समयमै चुनाव गराउन सबै पक्ष लाग्नु पर्छ ।

# लोकतन्त्रको चुनौती र निर्वाचन



डा.केदार कार्की

प्रजातन्त्र एउटा यस्तो यात्रा हो जसमा जनता र प्रणाली दुवै हरेक चरणमा परिपक्क हुन्छन् । तन्त्र, शब्दबाट नै स्पष्ट छ, धेरै शाखाहरू र जनताको अपेक्षाहरूको संयोजन हो, तिनीहरूको अधिकारको संरक्षण, राम्रो भविष्यको उनीहरूको दृष्टिकोणको प्राप्ति, सबै कुरा यसमा निर्भर गर्दछ। तर यदि त्यही प्रणालीलाई आफ्नै अंगले अपहरण गरिदियो भने ती सबै आशा र अपेक्षाहरू व्यर्थ नै रहन्छन् ।

यस सम्पूर्ण प्रणालीमा विचलन नहोस् भन्ने सुनिश्चित गर्न दबाब समूहहरूको आफ्नै भूमिका हुन्छ, तर प्रायः त्यस्ता समूह चलाउने स्ट्रिङहरू तिनीहरूको हातमा हुन्छन् जसको उद्देश्य स्वार्थ पूरा गर्ने हो। त्यस्ता तत्वहरूको सम्पूर्ण खेल 'परिसेप्शन' सिर्जनामा निर्भर गर्दछ, किनकी आधुनिक संसारमा सिमानामा हुने लडाइँभन्दा धेरै ठूलो लडाइँ देशहरूको सीमाभित्र लडिरहेको छ तर के यो अधिकार सानो समूहलाई छ ? उसले 'विशेष' निर्णय लिन दबाब दिने र त्यसका लागि अराजकतावादी पनि बन्ने ? अभिव्यक्तिको आडमा बेलगाम आक्रोशलाई प्रवर्द्धन गर्ने वा प्रदर्शनको आडमा अराजकताका अग्रगामी दलहरूको दुस्साहस आक्रोश लोकतन्त्रको नाममा सहन सकिन्छ ? 'लोकतन्त्र खतरामा छ...' र यो राजनीतिक सभामा पार्टी नेताको भनाइ होइन, वास्तविकता हो । लगातार आठौं वर्ष विश्वभर प्रजातन्त्र गिरावट भएको छ।

हरेक चुनावले लोकतन्त्रको लागि चुनौती लिएर आउँछ । वर्षभरि कुनै न कुनै रूपमा चुनाव भइरहने मुलुकमा लोकतन्त्रको अवस्था कस्तो छ, तपाईं कल्पना गर्न सक्नुहुन्छ। बचाउने संख्या देखेर लोकतन्त्र डराउँछ। यो आमचुनाव हो, हरेक चुनावमा लोकतन्त्र नराम्ररी नर्भस हुन्छिन्। वास्तवमा, चुनावको समयमा उनलाई बचाउन यति धेरै मानिसहरू आउँछन् कि उनी नर्भस भइन् । यही घबराहटले गर्दा उसलाई को आफ्नो हो होइन भन्ने शंका छ । संविधान अदालत र अन्य निकायले पनि कम वा बेस यस्तो असहज महसुस गर्न थाल्दछन । किनभने यसको स्वतन्त्र तापनि खतरामा छ जस्ता कुरा प्लेटफर्ममा दोहोऱ्याइएको छ।

जनता त निर्विकार हुन्छन । तर, उही चुनावको केन्द्रमा हुन्छन्। चुनावअघि जनता जनार्दन हुन्छन तर पछि कहिल्यै हुँदैनन्। आफ्नो वास्तविकता बुझेका जनता चुनावमा असहाय हुन्छन् । तुलसीदासले धेरै पहिले मन्थरामार्फत सिकाउनुभएको थियो, यही मानसिकताका कारण झण्डै आधा जनता भोट हाल्न जाँदैनन्। बलियो लोकतन्त्रका लागि सरकार चयनमा बढीभन्दा बढी जनताको सहभागिता हुन जरुरी छ, तर त्यो भइरहेको छैन । अहिले पनि ठूलो संख्यामा मतदाता हरेक निर्वाचनमा सहभागी भइरहेका छैनन् । विशेषगरी शहरी क्षेत्रको अवस्था निकै चिन्ताजनक छ।

तर, अधिकांशले भोट हाल्न मदिरा, कुखुरा, सारी, पायल र नगदको रूपमा उपदान पाउँछन्, त्यसलाई बेवास्ता गर्ने अवस्था छैन । किनकी उनीहरूलाई थाहा छ कि हरेक जितनेको भागमा तर नई आउने हो। उसको केही अंशले आफ्नो निकटतम प्रतिद्वन्द्वीलाई पनि शान्तपूर्वक सहन गर्नेछ । उसले सधैं झैं 'बाबाजीको ठल्लू' आफ्नो हिस्सा पाउँछ।

भोटको महत्व यो होइन कि यसले विकल्प दिन्छ, बरू लोकतान्त्रिक प्रणालीमा प्रतिनिधिलाई शक्ति दिने र जवाफदेही बनाउने हो। निर्वाचन भनेको शक्तिशाली प्रतिनिधिलाई नियन्त्रण गर्ने माध्यम हो । तर कुनै पनि चुनाव आफैंमा टुगिन्छ जस्तो लाग्छ। तसर्थ, लोकतन्त्रको सार वास्तवमा छनौट गर्ने स्वतन्त्रतामा निहित छैन। बरू, यो मुख्य रूपमा निर्वाचित शक्तिसँग सम्बन्धित छ। लोकतन्त्रलाई मात्र छनोटसँग तुलना गर्नु र स्वतन्त्र बजार अर्थतन्त्र लोकतन्त्रको प्रतिबिम्ब हो भनी दाबी गर्नु एकदमै गलत हो।

निर्वाचनबाट मात्रै लोकतान्त्रिक समाजको परिभाषा हुनसक्छ भन्ने समाजमा अटल विश्वास छ। 'एक व्यक्ति, एक मत'को सिद्धान्त लोकतन्त्रको निर्णायक सिद्धान्त मानिन्छ । यो सिद्धान्त यति बलियो भएको छ कि यसले लोकतन्त्रको विचारलाई भोटको संस्कारमा मात्र सीमित गरेको छ । फलस्वरूप लोकतन्त्रमा सहभागिता गतिशील र निरन्तर प्रक्रियामा नभई मतदानमा मात्र सीमित भएको छ। यसरी हामीले प्रकृतिमा अलोकतान्त्रिक समाज निर्माण गरेका छौं। प्रजातन्त्रको कुरा गर्ने धेरै राजनीतिक दलमा लोकतान्त्रिक मूल्य मान्यताको ठूलो अभाव रहेको धेरै व्यक्तित्वहरू बताउँछन्। प्रायः सबै राजनीतिक दलहरू मित्रवाद वा वंशवादबाट प्रभावित छन् । कहिलेकाहीँ उनका व्यावसायिक साझेदार पनि देखिन्छन्।

जनहितको यो शाश्वत लोकतान्त्रिक प्रणालीलाई प्रभाव पार्न धेरै तत्वहरू पर्खिरहेका छन् । यीमध्ये धन शक्ति, जनशक्ति र भौतिक शक्तिलाई प्रमुख कारक मानिन्छ। यो प्रचलन नयाँ होइन। राजनीतिक दलका नीति, कार्यक्रम र अवधारणाप्रति जनताको मनमा असन्तुष्टि फैलिन थालेपछि राजनीतिले विभिन्न तरिकाले समर्थन गर्न थाल्यो । पछि गएर राजनीतिलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग गर्ने धनी वर्ग, शक्तिशाली वर्ग, शक्तिशाली समूह आफैं यो मैदानमा उत्रिन थाले । राजनीतिक भाषामा भन्ने हो भने राजनीतिक दलका सहयोगी यस्ता पुँजीपति र शक्तिशाली तत्वहरूले राजनीतिक शुद्धतालाई धेरै हदसम्म प्रभावित गरेका छन् । यो गठबन्धनले एउटा अभिनव राजनीतिक संस्कृतिको जन्म दियो, जसका लागि जनताको चासो बिस्तारै गौण बन्यो। जनसमर्थनमा विजयी भएका जनप्रतिनिधिले दायाँबायाँबाट समर्थन जुटाउन थाले । फलस्वरूप राजनीतिको जनप्रतिनिधि प्रवाह धेरै हदसम्म प्रदूषित हुन थाल्यो । सबैभन्दा महत्वपूर्ण 'साइड इफेक्ट'यो थियो कि केही मतदाताले निर्वाचन प्रक्रियामा विश्वास गुमाउन थाले।

> **सबैभन्दा ठूलो प्रश्न भनेको निर्वाचन आयोगले चुनावमा कालो धनको प्रवाह कसरी रोक्ने ? राजनीतिक दलहरुले पनि जितलाई मनमा राखेर महत्वाकांक्षी आर्थिक घोषणा गर्छन् । भाषण र संवादमा मात्र नभई दलहरुले सार्वजनिक गरेका घोषणापत्रमा पनि अनेकौं प्रतिबद्धताहरु उल्लेख गरिएका छन् । भोटको लागि "आकाशका ताराहरु तोड्न" पनि उनीहरुका लागि सजिलो कुरा हो । अधिकांश घोषणा कुनै आर्थिक-वित्तीय आधारविनै हुन्छन् !**

सबैभन्दा ठूलो प्रश्न भनेको निर्वाचन आयोगले चुनावमा कालो धनको प्रवाह कसरी रोक्ने ? राजनीतिक दलहरूले पनि जितलाई मनमा राखेर महत्वाकांक्षी आर्थिक घोषणा गर्छन् । भाषण र संवादमा मात्र नभई दलहरूले सार्वजनिक गरेका घोषणापत्रमा पनि अनेकौं प्रतिबद्धताहरू उल्लेख गरिएका छन् । भोटको लागि 'आकाशका ताराहरू तोड्न' पनि उनीहरूका लागि सजिलो कुरा हो । अधिकांश घोषणा कुनै आर्थिक-वित्तीय आधारविनै हुन्छन् !

चुनावी खर्चलाई सीमित गर्न पनि अति आवश्यक छ। आजको प्रत्यक्ष र अप्रत्यक्ष निर्वाचन खर्चमा राष्ट्रप्रति समर्पित कोही पनि आमगरिब, विपन्न उम्मेदवार अगाडि आउन आँट गर्दैनन् । लोकतन्त्रमा शुद्धताका लागि सबै प्रकारका जनतालाई प्रतिनिधिसभामा समावेश गरी जनप्रतिनिधित्व प्राप्त गर्न आवश्यक छ । तबमात्र लोकतन्त्रको परिभाषा पूरा हुन्छ।

यससँगै चुनावी स्रोतको सीमिततालाई पनि विचार गर्न आवश्यक छ । उम्मेदवारले कति प्रचारप्रसार गर्ने, कति सवारीसाधन चलाउने, कति लाउडस्पिकर बजाउने, कति पर्चा, पोष्टर र होल्डिङ राख्ने, सामाजिक सञ्जालका विज्ञापन, सञ्चारमाध्यममा गरिने विज्ञापन आदिको नियमावली हुनुपर्छ । नत्र के हुन्छ भने उम्मेदवारी दिने दिनदेखि नै शक्ति र स्रोतसाधनको चर्को प्रदर्शन आउन थाल्छ। विश्वको सबैभन्दा ठूलो हाम्रो लोकतन्त्र क्रमशः बलियो, साहसी र परिपक्व हुँदै गए पनि मानिसमा अझै पनि गुण र कमजोरी छन् । त्यसैले निर्वाचन आयोगको भूमिका महत्वपूर्ण हुन्छ । सबैभन्दा पहिले कानुनी व्यवस्थाका आधारमा राजनीतिक दलहरूको चहलपहललाई निरुत्साहित गरिनुपर्छ, निर्वाचन प्रणालीका लागि निर्वाचन कोषको व्यवस्था गर्नुपर्छ र दलहरूबीच उपलब्धिको आधारमा विनियोजन गर्नुपर्छ । यस कोषमा सहभागिताका लागि व्यक्ति र संस्थाले कानुनी व्यवस्था बमोजिम कर आदिमा छुट पाउने हक हुनुपर्छ। कुनै पनि दललाई चुनावमा एक पैसा खर्च गर्ने अधिकार नहुँदा आदर्श हुन्छ । यससँगै निर्वाचित हुने मतको अनुपात, एकभन्दा बढी क्षेत्रबाट उम्मेदवारी दिन नपर्ने, द्विनिर्वाचनको अवस्था आदि जस्ता विभिन्न बुँदामा संसदीय लोकतान्त्रिक आदर्शका लागि ठोस कदम चाल्ने चुनौती छ । आगामी दिनमा निर्वाचन आयोगले सरकार, राजनीतिक दल, मतदाता, विज्ञ आदिसँगको उचित संवादका आधारमा राम्रो लोकतान्त्रिक भविष्यका लागि सिफारिशलाई आकार दिने अपेक्षा गरिएको छ।

राजनीतिमा लोकतन्त्रको शुद्ध भावनाको अभावले हाम्रो समाजलाई असर गर्छ। प्रजातन्त्रको शुद्ध विचार आत्मसात गरेर समाजमा केही संस्थामात्रै छन् । यस क्षेत्रमा केही निजी संस्था छन्, जसले लोकतन्त्रको आत्मा जोगाउने नाटक गर्छन् । नामले सुझाव दिएजस्तै यी निजी संस्थाहरू सार्वजनिक सम्पत्तिको एक अंशको ट्रस्टीशिपमा साझेदार हुन् । हामीबिना कुनै हिचकिचाहट यस 'निजी'बाट केही नैतिक आचरणको आशा गर्न सक्छौं, किनभने तिनीहरू पनि आफ्नो अस्तित्वका लागि दृढ सार्वजनिक आधार चाहिन्छ । यी संस्थाहरूबाट पनि विकल्पहरूको छनोट पूरा गर्नुभन्दा पनि केही बढी अपेक्षा गरिएको छ । सत्ता वा अख्तियारको लोकतान्त्रिकीकरण सम्भव भएमात्रै यो सम्भव हुन्छ। अहिले हामी सबैलाई थाहा छ कि साना संस्थामा पनि लोकतान्त्रिक रूपमा शक्ति बाँडफाँड गर्न गाह्रो भइरहेको छ । सरकार होस् वा अन्य कुनै पनि संस्था, जबसम्म सत्तामा बस्ने व्यक्तिलाई विश्वासको भावना हुन्छ, तबसम्म लोकतन्त्रको केही संरक्षण हुन्छ। लोकतान्त्रिक शक्तिको अन्तिम लक्ष्य उत्पीडितहरूलाई राहत प्रदान गर्नु भएकोले, हामीले राजनीतिको केन्द्रमा सहानुभूति, संवेदना र भाइचारा पुनर्स्थापित गर्नुपर्छ। नत्र हामी हाम्रो उदासीनताको लागि निन्दाको पात्र बन्नेछौं।

प्रसिद्ध कवि फराज अहमद फराजले लेखेका छन्, "सबैजना आफ्नै हावामा डुबेका छन्, फराज, यो मानिसहरूको शहरमा, तिम्रो आँसुले भरिएको आँखालाई कसले हेर्छ?" यसको अर्थ यो लापरवाह शहरमा सबैजना आफैंमा मोहित छन्, त्यसैले तिम्रो आँसुले भरिएको आँखाको वास्ता कसले गर्नेछ?

लाखौं सह-नागरिकहरूलाई उत्पीडन र यातनाबाट मुक्त गर्न, एउटा संवेदनशील राजनीतिक प्रणालीको विकास गर्नुपर्छ। हामीले फूट र घृणामा आधारित विभाजनकारी राजनीतिलाई अस्वीकार गर्नुपर्छ र सम्मानजनक प्रणाली निर्माण गर्न समानता र स्वतन्त्रताको सिद्धान्तहरू लागू गर्नुपर्छ। आधारभूत मूल्यमान्यतामा आधारित आचरणको राजनीति मार्फत मात्र हामी साँघुरो शक्तिलाई हराउन र लोकतन्त्रलाई जीवन्त बनाउन सक्छौं।

नागरिकहरूको चेतनालाई आत्मसमर्पणमा भ्रमित गर्ने बाध्यकारी राजनीतिलाई हटाउनु आवश्यक छ। वैकल्पिक नेतृत्वको वकालत गर्नेहरूले यस्तो ऐतिहासिक मार्ग छनौट गर्ने र बनाउने, साथै त्यसमा हिंड्ने ठूलो चुनौती सामना गर्छन्।

थोमस मोब्रेले आफ्नो कवितामा नागरिकहरूको विवेकको आवाजभन्दा माथि वफादारीको माग गर्नेहरूको कडा निन्दा गर्छन्। कवितामा, एक वफादारले राजालाई स्पष्ट रूपमा भन्छन्ः "म तपाईंको चरणमा छु; मेरो जीवन तपाईंप्रति समर्पित छ, तर मेरो आत्मसम्मान, जुन मेरो चिहान पछि पनि जीवित रहनेछ, तपाईंको होइन। तपाईं त्यो सम्मानको अपमान गर्न सक्नुहुन्न" यसको अर्थ वफादारको आत्मसम्मान सधैं उसको आफ्नै हुन्छ, जबकि उसको जीवन राजाको चरणमा हुन्छ।

प्रतिनिधि सभाको आगामी आम निर्वाचनले देशको संवैधानिक प्रणालीलाई पुनर्जीवित गर्ने र बहुलवादी लोकतन्त्रको संरक्षण गर्ने हाम्रो सामूहिक संकल्पको परीक्षण गर्नेछ। अन्यायको सामना गर्दा निष्क्रियताले जनताको भावनालाई चकनाचुर पार्छ भन्ने कुरा सम्झाउँदै गतिशील लोकतन्त्र निर्माणलाई प्राथमिकता दिनु नेपाल गणतन्त्रका सचेत नागरिकहरूको सामूहिक जिम्मेवारी हो।

अन्यायको गहिरो अनुभूति बिना, हामी क्रान्ति समयको बर्बादी हो भन्ने ऐतिहासिक सत्यलाई अस्वीकार गर्न सक्दैनौं। "एकताबद्ध नेपाल" को भावनालाई साकार पार्न र निरंकुश शक्तिहरू विरुद्ध लोकतान्त्रिक मशाललाई बलिरहन, साधारण नागरिकहरूको मात्र होइन, बुद्धिजीवीहरूको पनि सहभागिता आवश्यक छ। उनीहरूले सामाजिक अवस्थाको मूल्याङ्कन र रूपान्तरण गर्न संयुक्त रूपमा जिम्मेवार छन् भन्ने कुरा बिर्सनु हुँदैन।

चुनावी मुद्दाहरू र परिणामहरूले नेपाली लोकतन्त्रको संवैधानिक उद्देश्यहरू जस्तै मर्यादा, न्याय, समावेशी भ्रातृत्व र शक्तिको जवाफदेहिता साँच्चै प्राप्त भएको छ कि छैन भनेर निर्धारण गर्नेछ।

मतदाता तबसम्म राजनीतिक प्रक्रियाको एक अंग हो जबसम्म उसले मतदान गर्छ । त्यसपछि उनी लोकतान्त्रिक प्रक्रियाबाट अलग्गिए । यस्तो प्रक्रियालाई वास्तविक लोकतान्त्रिक मान्न सकिँदैन। जनतामा राजनीतिबाट अलगावको भावना बढ्दै गएको छ । यही राजनीतिक उदासीनताबाट नै सांस्कृतिक निष्क्रियताको जन्म भइरहेको छ । फलस्वरूप दक्षिणपन्थी उदय भइरहेको छ । हामीले अहिले भोगिरहेका समस्याबाट मुक्त हुन चाहन्छौं भने हाम्रो राजनीतिक प्रक्रिया साँच्चै लोकतान्त्रिक र समावेशी हुनुपर्छ। यो आमजनताको माग हो।

# काठमाडौँमा बढ्दो वायु प्रदूषणको समस्या र न्यूनीकरणका उपाय



रोशनी अधिकारी

नेपाल हाल विश्वका ती देशहरूमध्ये पर्दछ, जहाँ वायु प्रदूषण तीव्रगतिमा बढ्ने क्रममा छ। काठमाडौं उपत्यकादेखि तराई, पहाड हुँदै हिमाली क्षेत्रसम्म प्रदूषणको प्रत्यक्ष असर देखिन थालेको छ। त्यसो त हरेक पल फेर्ने श्वासप्रश्वासदेखि पिउने पानीसम्मलाई प्रदूषणले प्रभाव पारिरहेको छ। यसको असरबाट नयाँ प्रकारका रोगहरू देखिने क्रममा छन्। अझ पछिल्लो दशक संसारमा नसर्ने रोगहरूको महामारी फैलनुमा पनि प्रदूषणको प्रभाव हो भन्ने कुरालाई प्रतिष्ठित अनुसन्धानमा संलग्न संस्था र व्यक्तिहरूले प्रमाणित गरेका छन्। हरेक साल झैं यस साल पनि काठमाडौंमा वायु प्रदूषणको मात्रा बढ्न थालेको समाचारहरू आएका छन्। साधारण रूपमा हामीलाई हिँडडुल गर्दा पनि आँखा पिरो हुने, नाक पोल्ने, वाकवाकी लाग्ने, रिँगटा लागे जस्तो हुने, श्वासप्रश्वासमा असहजता हुने जस्ता लक्षणहरू भोग्दै आएका छौं।

संसारभर प्रदूषण बढ्नु हरेक देशका आ-आफ्ना प्रमुख कारणहरू छन् तर पनि मुख्य कारण भने अठारौं शताब्दीमा भएको औद्योगिक क्रान्तिलाई मानिन्छ। एकपछि अर्को उद्योग स्थापना हुँदै जाने क्रममा त्यस्ता उद्योगले गर्ने प्रदूषण नियन्त्रणमा कसैले ध्यान दिएनन्। आर्थिक विकास गर्ने होडमा शक्तिशाली देशहरूले जनमानसको स्वास्थ्यमापर्ने असरप्रति ध्यान दिएनन्। त्यसैगरी जनसङ्ख्या वृद्धि, तीव्र सहरीकरण, सवारीसाधनको अनियन्त्रित विस्तार र प्रभावकारी नीतिको अभावले प्रदूषणको समस्या झन् पछि झन् जटिल बन्दै गयो। यसले क्रमशः बहुआयामिक प्रभाव पार्दै गयो। फलस्वरूप पर्यावरण, अर्थतन्त्र, पर्यटन, कृषि तथा समग्र जीवनयापनमै गम्भीर असर पार्न थाल्यो। त्यस्ता असरबाट नेपाल र मुख्यगरी यसको राजधानी काठमाडौं अछुतो रहने कुरै भएन।

**काठमाडौंमा वायु प्रदूषण**

कचौरा जस्तो भौगोलिक भू-बनोटले गर्दा काठमाडौं उपत्यकाभित्र जम्मा भएका वायु प्रदूषणलाई हावाले सजिलै बाहिर लान सक्दैन। अझ जाडोयाममा राति र बिहानीपख उपत्यकाको सतह नजिक चिसो हावाको एक तह बन्छ जसलाई तातो हावाको अर्को तहले ढकनीले जस्तै छोपेर राखेको हुन्छ; यसलाई वैज्ञानिक भाषामा इन्भर्सन भनिन्छ। यसले गर्दा जाडोयाममा प्रदूषण जमिनको सतह नजिक नै बसिरहन्छन् र वायु प्रदूषण अत्यधिक मात्रामा बढ्न जान्छ। वायु प्रदूषण बढी हुनुको अर्को कारण यहाँको उचाइ पनि हो। १३ सयदेखि १३ सय ५० मिटरसम्मको उचाइमा अवस्थित काठमाडौं उपत्यकामा गाडीले अन्य कम उचाइ भएका ठाउँभन्दा साधारणतया बढी धुवाँ फाल्ने गर्दछ। त्यस्तै अन्य निम्न कारणले पनि काठमाडौंमा वायु प्रदूषण बढ्ने गरेको छ :

सवारीसाधनद्वारा अत्यधिक धुँवा उत्सर्जन : यसै त काठमाडौं उपत्यकाको भू बनोट कचौरा आकारको छ। जसले गर्दा प्रदूषित हावा तल्लो तहमा थिग्रिएर बस्न पुग्छ। त्यही हावा श्वासप्रश्वासका माध्यमबाट मानिसको फोक्सोमा पुगेर सङ्क्रमण गर्दछ। पुराना र मापदण्डविहीन सवारीसाधन, गुणस्तरहीन इन्धन, भिडभाडयुक्त तथा कच्ची सडक र ट्राफिक व्यवस्थापनको कमजोरीले उपत्यकाको प्रदूषणमा करिब ५० प्रतिशतसम्म योगदान गरेको देखिन्छ। सहरी क्षेत्रमा सवारीसाधन सञ्चालनको मापदण्डलाई कडाइ नगर्ने हो भने यसको हिस्सा बढ्दै जाने कुरामा कसैको दुई मत नहोला।

सिमेन्ट र इँटा उद्योग : बढ्दो सहरीकरणसँगै उत्पादन बढाउँदै गएन भने देशको अर्थतन्त्र क्रमशः ऋणात्मक हुँदै जाने गर्दछ। तसर्थ, औद्योगीकरण कुनै पनि देशको प्रगतिको पहिलो मानक हो। तर त्यसता उद्योग बस्तीहरूबाट निश्चित दूरीमा हुनु आवश्यक छ। अझ धुँलो र धुँवा उत्सर्जन गर्ने सिमेन्ट, इँटा जस्ता उद्योगहरूलाई त बस्तीभन्दा निकै टाढा राख्नुपर्ने हुन्छ। हामीकहाँ भने नियमनबिना सञ्चालन हुने त्यस्ता उद्योगहरूले वातावरणमा धुलो, कार्बन-मोनोअक्साइड, सल्फरडाईअक्साइड जस्ता प्रदूषक तत्वहरू छरिरहेका हुन्छन्।

निर्माण कार्यबाट उड्ने धुलो : हाम्रो जस्तो भौतिक विकासमा पछि रहेका देशहरूमा आधुनिक समयसँगै विभिन्न भौतिक संरचनाहरूको निर्माण कार्य तीव्र गतिमा हुँदै गरेका छन्। अझ पछिल्लो समय विकास भनेकै भौतिक निर्माण हो भन्ने भाष्य विकास हुँदै गएको छ। सडक विस्तार, घर निर्माण र सार्वजनिक संरचनाहरूको निर्माण स्थलहरूमा सुरक्षा मापदण्ड नअपनाइँदा जथाभावी धुलो उड्ने गरेको देखिन्छ। त्यो धुलोले मानव स्वास्थ्यमा पार्ने प्रभावका विषयमा सम्बन्धित पक्षहरू संवेदनशील नभइदिँदा प्रदूषण घट्नुको साटो झन् बढ्दो क्रममा रहेको छ।

फोहर दहन र डम्पिङ साइट : सामान्यतः घर वरपर, खेतबारीमा रहेका प्लास्टिक, सिमेन्टको बोरा, चाउचाउका खोल, गुट्खाका खोल, कागज, ढोड, पराल, छ्वाली, झिक्राझिक्रीहरूलाई हामी खुला रूपमा जलाउने प्रवृत्ति रहेको छ। त्यस्ता वस्तु जलाउँदा विषालु ग्यास उत्पन्न भई वातावरणमा मिसिन जान्छ। यसले गर्दा हामीले फेर्ने श्वासमा प्रदूषण मिसिन पुग्छ। त्यस्तो प्रदूषित हावा लिएर हाम्रो फोक्सो के स्वस्थ रहन्छ र!

प्राकृतिक तथा मौसमी कारणहरू : त्यसो त प्रदूषित वातावरणको कारण पृथ्वीको बढ्दो तापक्रम, हावाको कम गति, डढेलो र खाद्य बालीका अवशेषहरूलाई जलाउने गर्दा पनि वायु गुणस्तरलाई निरन्तर रूपमा बिगारी रहेका छन्।

**वायु प्रदूषणका प्रभावहरू**

स्वास्थ्यमा प्रभावः वायु प्रदूषणको प्रमुख असर भनेको यसले मानिसको स्वास्थ्यमा एकपछि अर्को असर गर्दै जानु हो। यसले श्वासप्रश्वाससम्बन्धी रोग (दम, एलर्जी, सिओपिडी), फोक्सो क्यान्सर, मुटु तथा रक्तसञ्चार प्रणाली र प्रजनन स्वास्थ्यसम्बन्धी रोगहरू लाग्ने गरेको विभिन्न अध्ययनहरूले देखाएका छन्। त्यसो त यसले बालबालिका, वृद्धवृद्धा र गर्भवतीलाई उच्च जोखिममा पार्दछ।

अर्थतन्त्रमा प्रभावः कुनै पनि अर्थतन्त्रको प्रमुख मेरुदण्ड भनेको जनशक्ति नै हो। प्रदूषणले मानव स्वास्थ्यमा प्रहार गर्न थालेपश्चात् जनशक्तिको उत्पादन क्षमता पनि ह्रस आउन थाल्दछ। यसका कारण उत्पादन एवम् सेवा क्षेत्रमा गम्भीर असर पर्न जान्छ। बिरामी जनशक्तिले न त उत्पादन गर्न सक्छ न त उपभोग नै गर्नसक्छ। त्यसै गरी प्रदूषणले स्वास्थ्य उपचार खर्च बढ्ने र पर्यटन क्षेत्रमा पनि नकारात्मक प्रभाव पारी समग्र आर्थिक चक्रलाई नै क्षति पुऱ्याई समग्र अर्थतन्त्रलाई शिथिलतातर्फ लाने सम्भावना रहन्छ।

पर्यावरणीय प्रणालीमा प्रभावः प्रदूषणले पृथ्वीको तापक्रम बढाउँदा समग्र जीवहरूको पुनरुत्पादन प्रक्रियामा गम्भीर असर परिरहेको हुन्छ। त्यसरी प्रदूषण र तापमान बढ्दा हरियो वनस्पति कमजोर बन्ने, जैविक विविधतामा असर पर्ने, वर्षा ढाँचामा परिवर्तन हुने जस्ता असर देखिँदै जानेछन्। यसले समग्र जीवको प्रणालीमै असर गरी नयाँ सङ्कट बढाउने जोखिम दिनानुदिन बढ्दै गएको पाइन्छ।

पर्यावरणीय प्रणालीमा रहेका समस्याहरुको तत्कालीन समाधानका विभिन्न उपायहरू हुन सक्छन्। धुलो नियन्त्रण अभियान कडाइका साथ सञ्चालन गर्न सकिन्छ। सडक लगायतका भौतिक संरचना निर्माणस्थलमा नियमितरूपमा पानी छर्कने र जिओ-टेक्सटाइल लेयर उपयोग गर्न सकिन्छ। पुराना सवारीसाधनहरू चरणबद्ध रूपमा हटाउने र विद्युतीय सवारीसाधनको प्रयोगमा जोड दिनुपर्छ। सार्वजनिक यातायातलाई भरपर्दो र व्यवस्थित पार्दै निजी सवारीसाधनको प्रयोगलाई निरुत्साहित र इन्धन गुणस्तर नियमित अनुगमन एवम् परीक्षणमा कडाइ गर्न सकिन्छ।

त्यस्तै जथाभावी फोहर जलाउने कार्यलाई पूर्ण प्रतिबन्ध लगाउन आवश्यक छ। घरवर, खेतबारीमा रहेका फोहरहरूलाई खुल्लारूपमा जलाउने कार्यलाई प्रतिबन्ध लगाउनुपर्छ। त्यस्ता कार्यलाई स्थानीय तहमार्फत नियमित निरीक्षण, दण्डजरिवाना प्रणाली लागू गरिनुपर्छ। राष्ट्रिय तथा स्थानीयस्तरमा वायु गुणस्तर सूचकाङ्क मापन र तत्क्षणिक सूचना प्रवाह गर्ने प्रणालीको विकास गरी त्यसलाई कडाइका साथ लागू गरिनुपर्छ। खुला रूपमा निर्माण सामग्रीको ढुवानी गर्ने कार्य रोक्न भौतिक निर्माणमा आवश्यक ढुङ्गा, बालुवालगायतका सामाग्रीलाई ढाकेर मात्र ढुवानी गर्ने, व्यवस्था गर्नुपर्छ। दीर्घकालीन समाधानका उपायहरूमा विद्युतीय सवारीसाधनको प्रयोगलाई रणनीतिक रूपमा प्रोत्साहित गर्दै ट्राफिक व्यवस्थापन सुधारमा गर्दै एमआरटी, बिआरटीजस्ता आधुनिक सार्वजनिक यातायात प्रणालीको विकास गर्नुपर्दछ। दैनिक जीवनमा नवीकरणीय ऊर्जा खपतलाई प्रोत्साहित गराउन आवश्यक छ। सबैभन्दा बढी प्रदूषण गर्ने सिमेन्ट र इँटा उद्योगमा आधुनिक प्रविधिको जडान गरी प्रदूषण कम गर्न सकिन्छ। त्यसका लागि 'जिगज्याग' प्रविधिलाई अनिवार्य गर्दै शून्य उत्सर्जन उद्योगको अवधारणामा रूपान्तरण गर्नुपर्दछ। त्यसैगरी त्यस्ता उद्योगलाई सहर बाहिर सर्नका लागि प्रोत्साहन गर्नुपर्दछ। सहरी क्षेत्रमा बढ्दो कङ्क्रिटका संरचनाले तापक्रम र प्रदूषण बढाउन मुख्य भूमिका खेलिरहेको वर्तमान परिप्रेक्ष्यमा स्थानीय सरकारले 'ग्रिनबेल्ट' क्षेत्रहरूको विकास गर्दै पार्कहरूको निर्माणमा जोड दिनुपर्नेछ। वृक्षरोपण अभियानलाई तीव्रता दिँदै जमिन उपभोगको नीतिमा निर्मम बन्नुपर्दछ।

त्यसैगरी बढ्दो प्रदूषणलाई कम गर्नका लागि वातावरण संरक्षण वातावरण संरक्षण ऐनको पूर्ण कार्यान्वयनमा ध्यान दिनुपर्नेछ। स्थानीय तहलाई वातावरणीय निगरानी अधिकार विस्तार गर्दै वातावरण प्रभाव मूल्याङ्कन (इआइए) र प्रारम्भिक वातावरणीय परीक्षण (आइई) को प्रावधानलाई प्रभावकारी बनाउनुपर्ने हुन्छ। विद्यालयदेखि समुदायस्तरसम्म वातावरण शिक्षालाई अनिवार्य रूपमा लागू गरिनुपर्छ। हरेक घर-परिवारमा धुलो नियन्त्रण, मास्क प्रयोग, हरियाली अभियान र खुल्ला फोहर दहन बन्द गर्ने विषयलाई प्रभावकारी रूपमा चलाउनुपर्छ।

# ‘अबको निर्वाचनपछि बन्ने सरकारको नेतृत्व गर्नेगरी अगाडि बढ्नुपर्छ’




धुलिखेल। ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङले नयाँ शक्तिहरू अबको निर्वाचनपछि बन्ने सरकारको नेतृत्व गर्नेगरी अगाडि बढ्नुपर्ने बताउनुभएको छ। काभ्रेपलाञ्चोकको बनेपामा सोमबार आयोजित उज्यालो नेपाल पार्टीको जिल्ला भेलामा उहाँले विकल्पिक शक्ति बन्ने भनेर आएका सबै मिलेर अगाडि बढ्नुपर्ने र त्यसको अगुवाई उज्यालो नेपाल पार्टीले गर्नुपर्ने बताउनुभयो।

मन्त्री घिसिङले पार्टीमा सबैलाई जोड्दै अगाडि बढ्नसमेत नेतृत्वलाई आग्रह गर्दै काम गर्दा चुनौती आउने र त्यसलाई सामना गरेर अगाडि बढ्न सकेमा नै परिवर्तन सम्भव हुने धारणा राख्नुभयो। “जेनजी पुस्ताको आन्दोलनपछि जुन हिसाबले यो सरकार परिवर्तन भएको छ, यसले गर्ने निर्वाचन पछिको सरकार कस्तो हुने भन्ने कुरा झन् महत्त्वपूर्ण छ”, उहाँले भनुभयो, “त्यो सरकारको नेतृत्व वैकल्पिक शक्ति भन्नेहरु सबै मिलेर गर्नुपर्छ। उज्यालो नेपाल पार्टीले त्यसको अगुवाइ गर्छ।”

कार्यक्रममा उक्त पार्टीका केन्द्रीय सदस्य ज्ञानेन्द्र तामाङले सामाजिक न्याय, सुशासन र समृद्धि ल्याउनका लागि आफैँ अनुशासित भएर लाग्न आवश्यक रहेको बताउनुभयो। अर्का केन्द्रीय सदस्य शङ्कर ढकालले पार्टी मध्यमार्गी धारबाट अगाडि बढ्ने र कुलमानको नेतृत्वमा विद्युत्को क्षेत्रमा अँध्यारोबाट उज्यालोतर्फ अगाडि बढाएजस्तै अब देशलाई अगाडि बढाउन भूमिका खेल्ने धारणा राख्नुभयो।

केन्द्रीय सदस्य रिमा विश्वकर्माले दक्ष्य र योग्य व्यक्तिलाई जिम्मेवारी दिएर देश बनाउनका लागि लाग्नुपर्ने धारणा राख्नुभयो। उहाँले आफ्नो पेसा र धर्म कलाकारिता भए पनि इमान्दार र लगनशील भएर धर्म पछ्याइरहँदा पनि परिवर्तनका लागि कलिला भाइबहिनीले राजनीतिक जागरणको बीउ रोपेकाले आफू पनि राजनीतिमा होमिएको बताउनुभयो।

कार्यक्रममा पार्टीका केन्द्रीय सदस्यहरु जितराम लामा, ज्योत्सना सैंजु, सुमी लामालगायतले धारणा राख्नुभएको थियो। उज्यालो नेपाल पार्टीको जिल्ला भेलाले क्षितिज लामाको संयोजकत्वमा जिल्ला समिति गठन गरेको छ।

त्यस्तै युवा हेर्ने कमितिको संयोजकमा निशान्त रत्न बास्ताकोटी र सहसंयोजकमा अविरल लामालाई जिम्मा दिएको र समितिलाई पछि पूर्णताः दिइने पार्टीका केन्द्रीय सदस्य जितराम लामाले बताउनुभयो।रासस

# प्रभावकारी छैन बेरुजु लेखाङ्कन, थन्किए महालेखाका प्रतिवेदन

काठमाण्डु। गत २३ र २४ भदौको ‘जेनजी’ प्रदर्शन र विकसित राजनीतिक घटनाक्रमसँगै संसद् विघटन भएपछि संसद्का अधिकांश नियमित कामकाज ठप्प छन्। प्रतिनिधिसभा मातहतका समिति निष्क्रिय जस्तै भएपछि सार्वजनिक लेखासमितिमा महालेखापरीक्षकको ६० औँ प्रतिवेदनयताका तीनवटा वार्षिक प्रतिवेदनमाथि संसदीय छलफल हुनसकेको छैन।

सरकारका खातामा देखिएका अनियमितता, दोहोरिएका कमजोरी र असुल उपर गर्नुपर्ने बेरुजु संसद्को कोठामै थन्किएका छन्। महालेखापरीक्षकको कार्यालयका प्रवक्ता श्रीकुमार राईले असुल उपर गर्नुपर्ने बेरुजु फछ्र्यौटका लागि काम भइरहेको भए पनि प्रतिवेदनको संसदीय प्रक्रिया पूरा गर्न नसकिएको बताउनुभयो। “बेरुजु फछ्र्यौटको काम त भइरहेको छ, तर सार्वजनिक लेखा समितिलाई नियमित जानकारी गराएर अघि बढ्नुपर्ने प्रक्रिया पूरा हुन सकेको छैन,” उहाँले भन्नुभयो। अघिल्ला प्रतिवेदनमाथिको छलफल नटुङ्गिदा नयाँ प्रतिवेदनमा पुरानै बेरुजु दोहोर्‍याएर उल्लेख गर्नुपर्ने बाध्यता रहेको प्रवक्ता राईको भनाइ छ।

“६०औँ प्रतिवेदनपछि समितिमा छलफल हुनसकेको छैन। यसले गर्दा सरकार र मातहतका कार्यालयको बेरुजु घट्नुको साटो थपिँदै जान्छ,” उहाँले भन्नुभयो। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४० ले बेरुजु फछ्र्यौटका विषयमा स्पष्ट कार्यविधि तोकेको छ। असुल गर्नुपर्ने बेरुजु असुल भई प्रमाण पेस भएको, पेश्की फछ्यौट भएको वा आवश्यक कागजात प्राप्त भएको अवस्थामा महालेखापरीक्षकको कार्यालयले सम्परीक्षण गरी लगत कट्टा गर्नुपर्ने र त्यसको जानकारी सात दिनभित्र सार्वजनिक लेखासमिति तथा सम्बन्धित लेखा उत्तरदायी अधिकृतलाई दिनुपर्ने कानूनी व्यवस्था छ।

त्यस्तै, सार्वजनिक लेखा समितिको प्रतिवेदन बमोजिम लगतबाट हटाउनुपर्ने बेरुजु तीस दिनभित्र हटाइ जानकारी दिनुपर्ने प्रावधान पनि ऐनमै छ। कानुनका यी प्रावधान व्यवहारमा उतातिएका छैनन्। लेखा समितिका पदाधिकारी कायम नभए पनि




सचिवालयबाट सामान्य दैनिक प्रशासनिक भइरहेकै छ। तर महालेखापरीक्षकको कार्यालयले सम्परीक्षण गरी लगतकट्टा गर्नुपर्ने र लगतबाट हटाउनुपर्नेलगायतका काम बारेको जानकारी समितिलाई गराएको देखिँदैन।

सार्वजनिक लेखासमितिका सचिव एकराम गिरीका अनुसार महालेखापरीक्षकको कार्यालयबाट पछिल्लो समय समितिलाई यस्तो कुनै जानकारी आएको छैन। प्रतिवेदनमाथिको छलफल भने प्रभावित भएको उहाँको भनाइ छ। “महालेखा परीक्षकको ६० औँ प्रतिवेदनमाथिको छलफल अन्तिम चरणमा पुगेको थियो भने ६१ र ६२ औँ प्रतिवेदनमाथिको छलफलका लागि तयारी हुँदै थियो। समिति बहालमा नहुँदा सचिवालयले मात्र त्यति सक्रियतापूर्वक काम गर्न सक्दैन”, गिरीले रासससँग भन्नुभयो। उहाँका अनुसार समितिमा परेका उजुरीको सङ्ख्या मात्रै १५० हाराहारी छ, जुन लामो समयदेखि फछ्यौटको पर्खाइमा छन्।

समितिले अघिल्ला वर्षमा बेरुजु फछ्यौटका लागि उपसमिति गठन गरी विभिन्न ‘क्लस्टर’ बनाएर छलफल र छानबिनको काम अघि बढाएको थियो। तर राजनीतिक अस्थिरता र संसद् विघटनले ती प्रक्रिया पनि बीचमै रोकिएका छन्। सामान्य प्रक्रियाबाट फछ्र्यौट हुन नसकेको बेरुजुका लागि बन्ने बेरुजु फछ्र्यौट समितिको अध्यक्ष नै सार्वजनिक लेखासमितिको सदस्य रहने व्यवस्था छ। समिति नै नहुँदा त्यो संयन्त्र पनि निष्क्रिय छ।

प्रतिनिधिसभा नियमावली, २०७९ को नियम १७३ अनुसार सार्वजनिक लेखासमिति सरकारका काम कारबाहीको अनुगमन, मूल्याङ्कन तथा आवश्यक निर्देशन दिने प्रमुख निकाय हो। नियमावलीको नियम १७८ को उपनियम (८) ले समितिलाई महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा उल्लेखित बेरुजुको जाँच गर्ने, सम्बन्धित निकायले गरेका काम कारबाही कानुनी र औचित्यपूर्ण भए-नभएको अध्ययन गर्ने तथा आवश्यक निर्देशन दिने अधिकार दिएको छ।

त्यस्तै, उपनियम (११) अनुसार समितिले आफ्नो वार्षिक प्रतिवेदन वार्षिक बजेट पेस हुनु अगावै संसद्मा पेस गर्नुपर्ने स्पष्ट व्यवस्था छ। कानुनले यति स्पष्ट अधिकार र दायित्व तोकिदिँदा पनि व्यवहारमा समग्र संसदीय निगरानी प्रणाली नै कमजोर बन्दै गएको जानकारहरू बताउँछन्। संसद् स्वयं निष्क्रिय भएपछि त्यसअन्तर्गतका समितिहरू औपचारिक संरचनामा सीमित हुन्छन्। तर समस्या संसद् विघटन मात्र नभइ, संसद् कायम रहँदा पनि समितिहरू अपेक्षित रूपमा चल्न नसक्नु र नतिजामुखी हुन नसक्नु हो।

पूर्व महालेखापरीक्षक टङ्कमणि शर्मा दङ्गाल संसद् र संसदीय समितिहरूको प्रभावकारिता कमजोर हुँदा आर्थिक अनुशासन र वित्तीय सुशासन धराशायी बन्दै गएको बताउनुहुन्छ। व्यवस्थापिकाको निगरानी कमजोर भएकै कारण कार्यपालिका र न्यायपालिकाका काम खराब हुँदै गएको उहाँको तर्क छ। “संसद् र संसदीय समिति प्रभावकारी भएको भए अहिलेको जस्तो अवस्था आउँदैनथ्यो। बेरुजु केवल लेखापरीक्षणको प्राविधिक विषय होइन, यो शासन प्रणालीको विश्वसनीयतासँग जोडिएको प्रश्न पनि हो”, उहाँले भन्नुभयो।

यद्धपि सार्वजनिक लेखासमितिका निवर्तमान सभापति ऋषिकेश पोखरेल भने आफ्नो कार्यकालमा समितिले प्रभावकारी र नतिजामुखी काम गरेको दाबी गर्नुहुन्छ। “हामीले जिम्मेवारी लिँदा महालेखापरीक्षकका सातवटा प्रतिवेदनमाथिको छलफल बाँकी थियो,” उहाँले भन्नुभयो, “६०औँ प्रतिवेदनसम्मको छलफल सकिसकेको थियो र आगामी फागुनसम्म ६१ र ६२औँ प्रतिवेदन पनि सक्ने लक्ष्य थियो।” उहाँका अनुसार बेरुजु शून्य बनाउने उद्देश्यसहित सबै विषयगत मन्त्रालयसँग कार्ययोजनासहित प्रतिक्रिया मागिएको थियो। “जेभने पनि विरोध हुन्छ, तर तथ्य साक्षी छन्,” पोखरेलले जोड दिनुभयो।

तर तथ्याङ्कले भने अर्कै चित्र देखाउँछ। बेरुजु घट्नुको साटो हरेक वर्ष बढ्दै गएको छ। वर्षौंसम्म अड्किएका बेरुजु, बारम्बार दोहोरिने अनियमितता र प्रतिवेदनमाथि छलफल नै हुननसक्ने अवस्थाले दाबी र यथार्थबीचको गहिरो अन्तर उजागर गर्छ। सरकारी कार्यालय, सङ्गठित संस्था तथा अन्य संस्था, समिति प्रदेश निकाय र स्थानीय तहहरूसमेतको हालसम्मको कूल बेरुजु रु १२ खर्ब ८४ अर्ब नाघेको छ। महालेखापरीक्षकको ६२ औँ वार्षिक प्रतिवेदनअनुसार पछिल्लो एक वर्ष अर्थात् आर्थिक वर्ष २०८०/८१ मा मात्रै रु ९१ अर्ब ५९ करोड ७९ लाख बराबर बेरुजु थपिएको छ। प्रतिवेदनअनुसार सङ्घीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह र संस्थातर्फ लेखापरीक्षणबाट औँल्याइएको अद्यावधिक बेरुजु रु सात खर्ब ३३ अर्ब १९ करोड नौ लाख बराबर छ। अद्यावधिक बेरुजु अघिल्लो वर्षको भन्दा नौ दशमलव ४५ प्रतिशतले बढेको छ।

त्यस्तै, अतिरिक्त लेखापरीक्षण बक्यौता, राजस्व बक्यौता, शोधभर्ना लिनुपर्ने वैदेशिक अनुदान तथा ऋणको कारबाही गरी टुङ्गो लगाउनुपर्ने रकम रु पाँच खर्ब ५१ अर्ब एक करोड गरि कूल रू १२ खर्ब ८४ अर्ब २० करोड बराबर पुगेको हो। सार्वजनिक लेखासमितिले उठाएका सुशासनसम्बन्धी विषयहरूले दीर्घकालीन प्रभाव राख्ने क्षमता राखे पनि त्यसको निरन्तरता कमजोर देखिन्छ। निवर्तमान सभापति पोखरेलको बुझाइमा जनताले महालेखापरीक्षकको प्रतिवेदनभन्दा बढी भरोसा गर्ने ठाउँ भनेको लेखासमिति नै हो। तर समिति नै निष्क्रिय भएपछि पारदर्शीता र जवाफदेहिता दुबै कमजोर भएका छन्।

यसरी समग्रमा हेर्दा कानुनले दिएको अधिकार र व्यवहारमा देखिएको निष्क्रियताबीचको अन्तर नै अहिलेको मूल समस्या हो। राजनीतिक स्थिरता, संसद्को निरन्तरता र संसदीय समितिहरूको सक्रियताबिना बेरुजु नियन्त्रण र वित्तीय सुशासन सम्भव देखिँदैन। संसद् केवल कानुन बनाउने थलो मात्र होइन, सार्वजनिक स्रोतको निगरानी गर्ने सर्वोच्च मञ्चसमेत हो। यस अर्थमा बेरुजु लेखाङ्कनको प्रभावकारिता केवल प्राविधिक सुधारको विषय होइन, यो लोकतान्त्रिक उत्तरदायित्वको आधारभूत प्रश्नसमेत हो।रासस

# तीन मन्त्रालयको जिम्मा सम्हाल्नुभएका घिसिङलाई ज्ञापनपत्र

दमौली। भौतिक पूर्वाधार तथा यातायात, सहरी विकास र ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको जिम्मा सम्हाल्नुभएका कुलमान घिसिङलाई आइतबार तनहुँका विभिन्न ठाउँमा आयोजित कार्यक्रममा स्थानीयको गुनासो सुन्न भ्याइनभ्याइ भयो।

जिल्लास्थित शुक्लागण्डकी नगरपालिका, भिमाद नगरपालिका, व्यास नगरपालिका, बन्दीपुर गाउँपालिका, देवघाट गाउँपालिका, भानु नगरपालिकाका जनप्रतिनिधि एवं स्थानीयवासीले मन्त्री घिसिङलाई विभिन्न विषयमा ध्यानाकर्षण गराउँदै अलपत्र विकासे आयोजनामा बजेट विनियोजन गरी काम अगाडि बढाउन आग्रह गर्नुभएको छ।

मन्त्री घिसिङलाई भौतिक पूर्वाधार, सहरी विकास, ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयमार्फतका विभिन्न योजनाका बारेमा ज्ञापनपत्र बुझाइएको छ। व्यास नगरपालिका-१३ बेलबासका स्थानीय यमबहादुर आलेले तनहुँ जलविद्युत् आयोजनाबाट प्रभावित १७० घरधुरीलाई मुआब्जा दिलाउन मन्त्री घिसिङ समक्ष आग्रह गर्नुभयो। आलेले तनहुँ जलविद्युत् आयोजनाले यस ठाउँ बाढीको जोखिममा रहेको र पुनर्वासका लागि मुआब्जाको सुझाव भइसकेकाले तत्काल स्थानीयवासीको माग सम्बोधन गर्न घिसिङको ध्यानाकर्षण गराउनुभयो।



घुमाउने पुल सङ्घर्ष समितिका संयोजक सिद्धान्त थापा मगरले आँबुखैरेनी गाउँपालिका-५ र चितवनको भरतपुर महानगरपालिका-२९ जोड्ने घुमाउने पुल ११ वर्षदेखि अलपत्र रहेकाले यस विषयमा मन्त्री समक्ष ज्ञापनपत्र प्रस्तुत गर्नुभएको छ। ११ वर्षको अवधिमा ३० प्रतिशत मात्रै प्रगति भएको भन्दै मगरले यस पुल नहुँदा यस भेगका हजारौ जनता मारमा परेको उल्लेख गर्नुभयो।

उहाँले भन्नुभयो, “विकासको दृष्टिकोणले जनताको भावना चाहनाअनुसार पुल निर्माण हुनु अति आवश्यक छ। हामीले विभिन्न सङ्घर्षका कार्यक्रम गरिरहेका छौ। जसरी हुन्छ यहाँ पुलको अति आवश्यक छ। यस विषयमा मन्त्री ज्यूलाई गम्भीर ध्यानाकर्षण गराउँदछौं।”

बन्दीपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले पर्यटकीय नगरी बन्दीपुर बजारमा विद्युत्को भूमिगत तार विस्तार गर्नुपर्ने भन्दै मन्त्री समक्ष ज्ञापनपत्र बुझाउनुभयो। बन्दीपुरमा विदेशी तथा स्वदेशी पर्यटकको बाक्लो चहलपहल हुने भन्दै यसको सौन्दर्यताका लागि यो अति आवश्यक रहेको मन्त्री समक्ष ध्यानाकर्षण गराउनुभयो।

उहाँले बन्दीपुर ढाडखोला घुमाउने सडकमा बजेट विनियोजन, पिप्लेदेखि बन्दीपुरसम्म जाने सडक स्तरोन्नतिका लागि बजेट सुनिश्चित गरिदिन मन्त्री समक्ष माग गर्नुभयो। व्यास नगरपालिका-५ का वडाध्यक्ष विष्णुकुमार श्रेष्ठले मानुङकोट जाने बाटोमध्ये करिब दुई किलोमिटर सडक कालोपत्र गर्न बाँकी रहेकाले त्यसतर्फ मन्त्री समक्ष ध्यानाकर्षण गराउँदै मागपत्र बुझाउनुभयो।

देवघाट गाउँपालिकाका उपाध्यक्ष भुवनसिंह गुरुङले देवघाटका विभिन्न ठाउँमा सिँचाइ योजनाका लागि बजेटका लागि आग्रह गर्नुभयो। शुक्लागण्डकीमा आयोजित कार्यक्रममा दुलेगौडा हर्कपुर मोटरमार्ग निर्माण सङ्घर्ष समितिका संयोजक राजन रिमालले अलपत्र रहेको दुलेगौडा हर्कपुर मोटरमार्ग निर्माण कार्य तत्काल अगाडि बढाउन मन्त्री समक्ष मागपत्र प्रस्तुत गर्नुभयो। विसं २०५२ मा प्रारम्भ भएको दुलेगौडा हर्कपुर मोटरमार्ग विगत लामो समयदेखि शङ्करमाली कन्स्ट्रक्सनमार्फत निर्माण कार्य अगाडि बढाए पनि हालसम्म अलपत्र रहेको रिमालले उल्लेख गर्नुभयो।

भिमादमा नगरप्रमुख दधिराज सुवेदीले लामो समयदेखि अलपत्र रही हाल मुद्दाको क्रममा रहेको श्रृङ्गपथको विषयमा मन्त्री समक्ष ध्यानाकर्षण गराउनुभयो। भिमाद नगरपालिका-६ का वडाध्यक्ष श्यामसुन्दर जोशीले सेती नदी कटानले भिमाद बजार जोखिममा रहेको विषय मन्त्री घिसिङ समक्ष जानकारी गराउनुभयो।सबै ठाउँमा ज्ञापनपत्र बुझेपछि मन्त्री घिसिङले अलपत्र रहेका सडक आयोजनामा ठेक्का रद्द गरेर भए पनि काम सम्पन्न गराउने प्रतिबद्धता जनाउनुभयो।रासस

# एमाले महाधिवेशनस्थलः साजसज्जाले चिटिक्क, प्रविधिको उच्चतम प्रयोग

काठमाण्डु। नेपाल कम्युनिष्ट पार्टी (एमाले)को ११औँ राष्ट्रिय महाधिवेशनस्थल प्रदर्शनीमार्गस्थित भृकुटीमण्डपमा प्रवेश गर्ने बित्तिकै विभिन्न गीत/सङ्गीतका धुन सुनिन्छ। कार्यक्रम स्थलमा राष्ट्रियगान, लोक, आधुनिक, शास्त्रीय सङ्गीतको सुमधुर ध्वनी गुञ्जिरहेको सुनिन्छ।

महाधिवेशन स्थल प्रवेश गर्ने बित्तिकै सुन्दर साजसज्जा देखिन्छन्। महाधिवेशन प्रतिनिधि हिँड्ने बाटो छुट्टै निर्माण गरिएको छ। महाधिवेशनस्थलका फूलबारीमा प्रजा परिषद्देखि सम्पूर्ण कम्युनिष्ट पार्टीको संस्थापकका तस्बीर र इतिहास लिखित ‘बोर्ड’ राखिएका छन्। महाधिवेशनस्थलमा नेपाल कम्युनिष्ट पार्टीका संस्थापक पुष्पलाल श्रेष्ठ, मनमोहन अधिकारी, मदन भण्डारी गरी तीनै जनाको तस्बीर एकै ठाउँमा राखिएको छ।

महाधिवेशन प्रतिनिधि हिँड्ने बाटो आसपासमा नेपाल कम्युनिष्ट पार्टीको ७६ वर्षको इतिहास झल्काउने सम्पूर्ण जानकारी राखिएको छ। विश्व सम्पदा सूचीमा सूचीकृत भक्तपुरको चाँगुनारायण मन्दिरको तस्बिर पनि राखिएको छ। नेकपा (एमाले) भक्तपुर जिल्ला कमिटी सदस्य तथा महाधिवेशन प्रतिनिधि अनिता पाण्डेले महाधिवेशन स्थलको व्यवस्थापनमा स्वयम्सेवकको भूमिका प्रशंसनीय, सूचना प्रविधिको उच्चतम प्रयोग र नेपालको संस्कृति झल्किने सुन्दर सजावट लागेको बताउनुभयो।

“विगतको महाधिवेशनभन्दा अहिलेको महाधिवेशन फरक छ, महाधिवेशन स्थलमा समग्र नेपालको संस्कृति झल्किने गरी



स्टल तयार गरिएको छ,” उहाँले भन्नुभयो, “महाधिवेशनको उद्घाटन स्थलमा नै विश्व सम्पदा सूचीमा सूचीकृत चाँगुनारायणको मन्दिरलाई स्टेजमै सजाएको थियो, यहाँ पनि सुन्दर तरिकाले सजाइएको छ।” पाण्डेलाई मात्रै होइन झापाबाट प्रतिनिधि आउनुभएका गणेश ढकाललाई पनि महाधिवेशनस्थल अत्यन्तै सुन्दर तरिकाले सजाइएको र व्यवस्थित लाग्यो। “एमालेको महाधिवेशनस्थल सोचेभन्दा राम्रो, व्यवस्थित र भव्य लाग्यो,” उहाँले भन्नुभयो, “बस्न र कुराकानी गर्ने पर्याप्त ठाउँ छ, खाना पनि मिठो र सफा छ।”

महाधिवेशन स्थलभरी पार्टीका झण्डा फरफराइरहेका छन्। महाधिवेशन प्रतिनिधिलाई स्वास्थ्य उपचारका लागि छुट्टै कक्षको व्यवस्था गरिएको छ। महाधिवेशन स्थललाई व्यवस्थित र सभ्य बनाउन स्वयंसेवकहरु जतातत्तै खटिएका छन्। खाजा र खानाका लागि पर्याप्त स्टलहरुको व्यवस्था गरिएको छभने त्यसमा पनि मुस्लिम समुदायका लागि छुट्टै स्टलको व्यवस्था गरिएको छ।महाधिवेशनस्थलभित्रको बगैँचामा बस्न, आन्तरिक भेटघाट र छलफलका लागि बस्ने खुल्ला स्थानको व्यवस्था गरिएको छ। महाधिवेशन स्थलमा सूचना प्रविधिको प्रयोग पनि गरिएको छ। विद्युतीय भोटिङ् मेसिन ९० वटा छन्। ‘म भोटिङ् मेसिनबाट मतदान गर्छु’ भनेर एउटा ठूलो कक्ष तयार पारिएको छ।

महाधिवेशनको हल आकर्षक ढङ्गबाट सजाइएको छ। हल प्रवेश गर्ने स्थानमा स्वागतद्वार बनाइएको छ। प्रवेशद्वारमै प्रतिनिधिको ‘क्युआर’ परीक्षण गरेर मात्र भित्र जान सकिने व्यवस्था छ। जसले गर्दा प्रतिनिधिभन्दा बाहिरको मानिसलाई प्रवेश नदिने व्यवस्था मिलाइएको छ।यही मङ्सिर २७ गतेदेखि सुरु भएको महाधिवेशनमा सहभागी हुन आउने पार्टी प्रतिनिधिसहित नेता तथा कार्यकर्ताबीचको भेटघाट, छलफल, चुनावी बहस र प्रचारप्रसारले तीव्रता पाउँदा चहलपहल बढेको छ।‘निर्णायक राष्ट्रिय शक्ति निर्माण हाम्रो सङ्कल्प, समृद्ध नेपाल र सुखी, नेपाली राष्ट्रिय गन्तव्य’ भन्ने नारा महाधिवेशन स्थलको ठाउँ-ठाउँमा राखिएको छ। एमालेको महाधिवेशन स्थलमा एउटा छुट्टै रौनक छाएको छ। रासस

# कृषि क्षेत्रको समस्या समाधान गर्न सरकार तत्पर छ : कृषि मन्त्री परियार

काठमाण्डु। कृषि तथा पशुपन्छी विकासमन्त्री डा मदन परियारले कृषि क्षेत्रमा देखिएका समस्या समाधान गर्न सरकार तत्पर रहेको बताउनुभएको छ।

ललितपुरमा सोमबार आयोजित ‘नेपाल फुड फोरम-२०२५’ को उद्घाटन सत्रमा उहाँले व्यवसायीकरण र प्रतिस्पर्धी बजारको विकासमा देखिएका समस्या समाधान गर्न सरकारले काम गरिरहेको बताउनुभयो। उहाँले कृषि व्यवसायलाई संस्थागत गर्ने, ग्रामीण अर्थतन्त्रलाई पुनरुत्थान गर्ने र नेपालभर दिगो विकासलाई अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, “कृषि लगानी दशक (२०२४-२०३४) को घोषणा मार्फत प्रदर्शित सरकारको प्रतिबद्धतालाई पनि दोहोर्‍याउन चाहन्छु, जसको उद्देश्य कृषि वित्तपोषण बढाउने र संरचनात्मक आर्थिक रूपान्तरणलाई तीव्र पार्ने हो, यस दशकको दृष्टिकोण र उद्देश्यहरूलाई अगाडि बढाउन सरकार तयार छ।”

मन्त्रालयले प्रभावकारी स्रोत परिचालन र लगानी बढाउन बलियो अन्तर एजेन्सी सहकार्य र साझेदारीको महत्त्वमा जोड दिँदै उहाँले कृषि खाद्य प्रणालीमा नवीनता, जलवायु स्मार्ट खेती, उद्यमशीलता, र प्रविधि सञ्चालित रूपान्तरण मार्फत, हामी कृषिलाई नेपालको आर्थिक विकासको मुख्यधारामा दृढतापूर्वक ल्याउन सक्ने प्रतिबद्धता पनि व्यक्त गर्नुभयो।रासस

# प्रतिनिधिसभा निर्वाचनमा पर्यवेक्षण गर्न ३१ संस्थालाई अनुमति

काठमाण्डु। निर्वाचन आयोगले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको पर्यवेक्षण गर्न ३१ संस्थालाई अनुमति दिएको छ। आयोगले २७ राष्ट्रिय र चार अन्तरराष्ट्रिय संस्थालाई निर्वाचनमा पर्यवेक्षण गर्न अनुमति दिएको हो।

आयोगले गत कात्तिक ११ गते प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ को पर्यवेक्षण गर्न इच्छुक राष्ट्रिय तथा अन्तरराष्ट्रिय संस्थाबाट निवेदन आह्वान गरेको थियो। त्यसमा ४४ वटा राष्ट्रिय र पाँच वटा अन्तरराष्ट्रिय संस्थाबाट निवेदन प्राप्त भएको आयोगले जनाएको छ।

पर्यवेक्षणका लागि आवेदन गरेका संस्थामध्ये निर्वाचन पर्यवेक्षण निर्देशिका, २०७९ मा तोकिएका आधार र प्रक्रिया पूरा गरेका ती संस्थालाई पर्यवेक्षण गर्न अनुमति दिने गरी निर्णय भएको आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो। रासस

## विद्यार्थी नेता हादीलाई उपचारका लागि सिङ्गापुर लगिने

**एएफपी**

ढाका ।सन् २०२४ को विद्रोहको नेतृत्व गरेका एक विद्यार्थी नेता सरिफ उस्मान हादीमाथि हत्याको प्रयास भएको र उहाँ गम्भीर घाइते भएकाले उपचारका लागि सिङ्गापुर लगिने भएको छ ।

बङ्गलादेशको अन्तरिम सरकारले हादीमाथि आक्रमण भएको र उहाँलाई उपचारका लागि विदेश पठाउन लागिएको जनाएको छ । राजधानी ढाकास्थित मस्जिदबाट निस्कने क्रममा नकाबधारी हमलाकारीले नेता हादीलाई गोली हानेका छन् ।

शेख हसिनाको निरंकुश सरकारलाई अपदस्थ गर्ने विद्यार्थीहरूको नेतृत्वमा भएको विद्रोहपछि अधिकारीहरूले पहिलो चुनावको मिति घोषणा गरेको भोलिपल्ट उक्त गोली चलेको थियो । आइतबार अबेर एक विज्ञप्ति जारी गर्दैसरकारले हादीलाई 'राम्रो उपचारका लागि सिङ्गापुर पठाइने' र 'एयर एम्बुलेन्स र चिकित्सकहरूको टोली तयारी अवस्थामा रहेको' बताएको छ ।

हादी विद्यार्थी आन्दोलनकारी समूह इन्किलाब मञ्चका वरिष्ठ नेता हुनुहुन्छ भने उहाँ हसिना र भारतसमेतको मुखर आलोचक हुनुहुन्छ । अपदस्थ प्रधानमन्त्री स्व-निर्वासनमा भारतमा बस्दै आउनुभएको छ।

सोमबार ढाकामा सयौं प्रदर्शनकारीले आक्रमणविरूद्ध विरोध गर्दै प्रदर्शन गरेका थिए । "यो हाम्रो राजनीतिक ऐक्यबद्धतामाथिको आक्रमण हो," पूदर्शनका एक सहभागी २१ वर्षीया छात्रा गाजी सादियाले एएफपीसँग भन्नुभयो । हादीको इन्किलाब मञ्चको प्रतिनिधित्व बाङ्गलदेशको सबैभन्दा ठूलो इस्लामवादी पार्टी जमात-ए-इस्लामी र नेशनल सिटिजन पार्टी (एनसीपी) को समर्थनमा गरिएको थियो, जुन गत वर्षको विद्रोहको नेतृत्व गर्ने अन्य विद्यार्थीहरूले गठन गरेका थिए।

प्रहरीले हादीलाई गोली हान्ने आक्रमणकारीहरूको खोजी सुरु गरेको र दुई प्रमुख संदिग्धहरूको तस्बिर सार्वजनिक गरेको छ, साथै उनीहरूलाई पक्राउका लागि सूचना दिने व्यक्तिलाई ५० लाख टाका (करिब ४२ हजार अमेरिकी डलर) को पुरस्कार घोषणा गरेको छ ।ढाका प्रहरीका प्रवक्ता मुहम्मद तालेबुर रहमानले सीमा सुरक्षालाई उच्च सतर्कतामा राखिएको बताउनुभएको छ ।बङ्गलादेशको आगामी फेब्रुअरी १२ मा हुने निर्वाचनका लागि नोबेल शान्ति पुरस्कार विजेता ८५ वर्षीय अन्तरिम नेता मोहम्मद युनुसले नाम नबताउने गरी शक्तिशाली सञ्जालले योजनाबद्ध ढङ्गले गरेको प्रहार भएको शनिबार बताउनुभएको छ।

# यस्ता छन् एनपिएलमा बनेका रोचक तथ्य र 'रेकर्ड'

काठमाण्डु । क्रिकेटको महाकुम्भका रूपमा रहेको नेपाल प्रिमियर लिग (एनपिएल)को दोस्रो संस्करण सम्पन्न भइसकेको छ । नेपाल क्रिकेट सङ्घ (क्यान) को आयोजनामा मङ्सिर १ गतेदेखि कीर्तिपुरस्थित त्रिवि अन्तरराष्ट्रिय क्रिकेट रङ्गशालामा सञ्चालित प्रतियोगिता शनिबार सम्पन्न भयो । प्रतियोगिता सम्पन्न भएसँगै विभिन्न 'रेकर्ड' बारे पनि चर्चा भइरहेका छन् ।

दोस्रो सिजनको उपाधि भिडन्तमा साविक उपविजेता सुदूरपश्चिम रोयल्स र लुम्बिनी लायन्सबीच प्रतिस्पर्धा भयो । फाइनलमा लायन्स छ विकेटले विजयी हुँदै च्याम्पियन भयो । रोयल्सले भने दोस्रोपटक पनि उपविजेतामै चित्त बुझायो । टस जितेर पहिला ब्याटिङ गरेको रोयल्स १९ दशमलव एक ओभरमा ८५ रनमा अलआउट भयो । जवाफमा लायन्सले नौ ओभरमा चार विकेटको क्षतिमा लक्ष्य पूरा गर्यो । पहिलो संस्करणको फाइनलमा पनि रोयल्स जनकपुर बोल्ट्ससँग पाँच विकेटले स्तब्ध भएको थियो ।

च्याम्पियन बनेसँगै लायन्सले ट्रफीसहित रु एक करोड १० लाख पुरस्कार पायो । रोयल्सले भने रु ५१ लखमा चित्त बुझायो । यस्तै, प्रतियोगितामा तेस्रो भएको विराटनगर किङ्सले रु २५ लाख र चौथो स्थानमा पुगेको काठमाडौं गोर्खाजले रु १५ लाख पुरस्कार पायो ।

**लायन्सका कप्तान पौडेलले कार र मोटरसाइकल जिते**

लुम्बिनीका कप्तान रोहितकुमार पौडेलले टोलीलाई च्याम्पियन बनाउनुका साथै उत्कृष्ट खेल्दै कार र मोटरसाइकल जितेका छन् । लुम्बिनीको सफलता रोहितको प्रदर्शन निर्णायक रह्यो । 'प्लेअर अफ दी टुर्नामेन्ट' हुँदै रोहितले कार पाए । उनी सिजनमा सर्वाधिक २७६ रनकर्ताको सूचीमा दोस्रो स्थानमा रहे । यो नेपालको तर्फबाट सर्वाधिक रन हो । विनोद भण्डारी २६४ रनसहित नेपालका लागि दोस्रो स्थानमा रहे । रोहितले बलिङतर्फ पनि १० विकेट लिए । उनी उत्कृष्ट ब्याटरसमेत हुँदै प्रतियोगिताको 'इमर्जिङ प्लेअर अफ दी टुर्नामेन्ट' हुँदै पल्सर बाइक पाए ।

यसका साथै प्रतियोगिताभर १७ विकेट लिँदै सर्वाधिक विकेटकर्ताको सूचीमा संयुक्त (विराटनगरका सन्दीप लामिछाने र सुदूरपश्चिमका अविनाश बोहोरा) शीर्ष स्थानमा रहे, तर कम ' इकोनोमी'का कारण सन्दीपले सर्वोत्कृष्ट बलर पुरस्कारसहित बाइक पाए । बोहरा 'रेडबुल प्लेअर अफ दी टुर्नामेन्ट' भए ।

प्रतियोगिताका सर्वोत्कृष्ट खेलाडी रुबेन ट्रम्पलमेन भए । उनले रु पाँच लाख पुरस्कार जिते । लुम्बिनीका तिलकराज भण्डारी 'इनर्जेटिक प्लेयर अफ द टुर्नामेन्ट' घोषित हुँदा लुम्बिनीकै शेर मल्लले 'इमर्जिङ' खेलाडी बन्दै बाइक हात पारे ।गत वर्ष सुदूपश्चिमका कप्तान दीपेन्द्र सिंह ऐरीले कार जितेका थिए । मोटरसाइकल जनकपुरका ललित राजवंशीले हात पारेका थिए।

**'ह्याट्रिक' गर्ने बलरमा रोहित र शाहब**

यो सिजनमा दुई बलरले मात्रै ह्याट्रिक गर्न सके । दुवै नेपाली बलर लुम्बिनी लायन्सका कप्तानसमेत रहेका रोहित पौडेल र काठमाडौं गोर्खाजका शाहब आलम हुन् । रोहितले फाइनलमा सुदूरपश्चिमविरुद्ध 'ह्याट्रिक'सहित तीन विकेट लिएका थिए । यसअघि काठमाडौं गोर्खाजका आलमले यो सिजनमा पहिलो 'ह्याट्रिक' गरेका थिए । पोखरा एभेन्जर्सविरूद्ध ह्याट्रिकसहित छ विकेट लिँदै उनले 'रेकर्ड' राखेका थिए । शाहब एकै खेलमा छ विकेट लिने पहिलो बलरसमेत बनेका थिए ।

यस सिजनमा चितवन राइनोजका रञ्जित कुमारले एकै खेलमा पाँच विकेट लिएका थिए । यस्तै, एकै खेलमा चार विकेट लिने खेलाडीमा भने सुदूरपश्चिमका कप्तान दीपेन्द्र सिंह ऐरी, सुदूरपश्चिमकै अविनाश बोहरा, विराटनगरका कप्तान सन्दीप लामिछाने, पोखरा एभेन्जर्सका विपीन खत्री, चितवन राइनोजका सोहेल तनभिर र पोखराका धनन्जय लक्षन रहे ।

**एनपिएलमा ५०० रन कटाउने एकमात्रै खेलाडी रोहित**

एनपिएलको दुई सिजन सम्पन्न हुँदा ५०० रन कटाउने एकमात्रै ब्याटर पनि रोहित पौडेल बनेका छन् । दुवै सिजनमा गरेर १७ खेलबाट उनले ५५५ रन बनाएका छन् । उनले ५०० रन कटाउने पहिलो नेपाली खेलाडीको 'रेकर्ड' पनि राखे । उनलाई सुदूरपश्चिम रोयल्सका ओपनर विनोद भण्डारीले ४९९ रन बनाएर पछ्याएका छन् । यसअघि चितवन राइनोजका विदेशी खेलाडी रवि बोपराले ५०० रन पूरा गरेका थिए । उनले १५ खेलमा ५२३ रन बनाएका थिए । यस्तै, सुदूरका कप्तान दीपेन्द्र सिंह ऐरी १८ खेलमा ३८९ रन बनाएर तेस्रो स्थानमा छन् ।

**तीन शतकको कीर्तिमान विदेशी खेलाडीका नाममा**

दोस्रो सिजनसम्म तीन शतक बनाउने कीर्तिमान बने । दोस्रोमा दुई र गत संस्करणमा एकमात्रै शतक जोडिएको थियो । एनपिएलमा जोडिएका सबै शतक विदेशी खेलाडीका नाममा छन् ।

दोस्रो संस्करणमा पोखरा एभेन्जर्सका एडम रोसिङ्टन र कर्णाली याक्सका मार्क वाटले मात्रै शतक प्रहार गरे । रोसिङ्टनले कर्णाली याक्सविरुद्धको उक्त खेलमा उनले ५५ बलमा शतक पूरा गरेका हुन् । ५८ बल खेलेका एडम १०८ रनमा अविजित रहे । कर्णालीलाई ३४ रनले हराएको यो खेलमा एडम 'प्लेयर अफ द म्याच' घोषित भएका थिए । एडम इङ्ल्याण्डका हुन् ।

यस्तै, कर्णाली याक्समा अनुबन्ध स्कटल्याण्डका मार्क वाट दोस्रो संस्करणमा शतक हिर्काउने पहिलो खेलाडी हुन् । उनले लुम्बिनी लायन्सविरुद्धको खेलमा ४१ बलमा शतक बनाएका थिए । ४४ बल खेलेका वाट ११४ रनमा अविजित रहे । यो खेल कर्णालीले नौ विकेटले जितेको थियो । जसमा वाट 'प्लेयर अफ द म्याच' समेत चुनिए । वाट सबैभन्दा छिटो शतक प्रहार गर्ने र एकै खेलमा सबैभन्दा बढी रन बनाउने खेलाडीसमेत बने ।

पहिलो संस्करणको एकमात्र शतक अमेरिकी खेलाडी आन्द्रिज गोउसको नाममा छ । पोखराको टोलीमा आवद्ध गोउसले लुम्बिनीविरुद्ध शतक जोडे । गोउसले ५४ बलमा शतक पूरा गरेका हुन् । उनी १०४ रनमा अविजित रहे ।

**अर्धशतकमा पनि विदेशीकै दबदबा**

यस सिजनमा ३६ अर्धशतक प्रहार भए । जसमा २९ खेलाडी सामेल छन् । २९ खेलाडीमध्ये नौ नेपाली खेलाडीले मात्रै अर्धशतक हिर्काउन सकेका छन् । सुदूरपश्चिम रोयल्सका विनोद भण्डारीले दुई, पोखरा एभेन्जर्सका कप्तान कुशल भुर्तेलले दुई दुई अर्धशतक जोडेका छन् । यस्तै, इशान पाण्डे, विराटनगर किङ्सका लोकेश बम, बसिर अहमद, चितवनका अर्जुन साउँद, काठमाडौंका भीम सार्की,जनकपुरका अनिल शाह र आशिफ शेखले एक/एक अर्धशतक हिर्काएका छन् ।

विदेशी खेलाडीमा चितवन राइनोजका रवी बोपराले तीन, पोखराका एडम रोसिङटन, सञ्जय कृष्णमूर्ति र कर्णाली याक्सका प्रियान्क पन्चालले दुई/दुई अर्धशतक हिर्काए । यसैगरी सुदूरपश्चिम रोयल्सका जोश ब्राउन, हरमित सिंह, क्रिश लिन, विराटनगर किङ्सका साम हिजलेट, फाफ डु प्लेसिस, मार्टिन गुप्टिल, पोखराका सुमित बर्मा, जिमी निशम, रिसि धवन, चितवनका डेविड मलान, काठमाडौं गोर्खाजका जोन सिम्प्सन, बेन चार्ल्सवर्थ, कर्णालीका मार्क वाट, लुम्बिनीका डार्सी सर्ट, जनकपुर बोल्ट्सका वायन पार्नेल, माज सदाकतले एक/एक अर्धशतक जोडे ।

**छिटो अर्धशतकमा भीमको रेकर्ड**

काठमाडौं गोर्खाजका भीम सार्कीले यो सिजनमा छिटो अर्धशतक हिर्काउने रेकर्ड राखे । सार्कीले पोखरा एभेन्जर्सविरूद्ध १९ बलमै अर्धशतक पूरा गरेका थिए । उनी कम बलमा अर्धशतक हिर्काउने पहिलो खेलाडी बने । यसका साथै विराटनगर किङ्सका फाफ डु प्लेसिस र सुदूरपश्चिम रोयल्समा आबद्ध खेलाडी हर्मित सिंहले पनि १९ बलमा अर्धशतक जोडेका थिए । गत सिजनमा भने जनकपुर बोल्ट्सका जिमी निशमले १८ बलमै अर्धशतक जोडेको रेकर्ड छ ।

**सर्वाधिक विकेट लिनेमा नेपाली बलर र रनकर्तामा विदेशी**

प्रतियोगिताभर सर्वाधिक विकेट लिने शीर्ष तीन बलरमा सबै नेपाली रहेका छन् । विराटनगरका कप्तान लामिछाने, सुदूरपश्चिमका बोहरा र लुम्बिनी लायन्सका मल्लले समान १७/१७ विकेट लिएका छन् ।

बलिङ इकोनोमीका हिसाबले सन्दीप पहिलो, अभिनाश दोस्रो र शेर तेस्रो नम्बरमा पुगेका हुन् । सर्वाधिक रनकर्ताको शीर्ष स्थानमा विदेशी अटाउदना त्यसपछि दोस्रो र तेस्रो नम्बरमा भने नेपाली ब्याटर छन् ।

पोखराका एडम रोसिङटन ३२३ रन बनाए र सबैभन्दा बढी रन बनाउनेको पहिलो नम्बरमा छन् । उनले सात खेलबाट एक शतक र दुई अर्धशतकको मद्दतमा ३२३ रन बनाएका हुन् । दोस्रो नम्बरमा लुम्बिनीका कप्तान रोहित पौडेल छन् । उनले १० खेलबाट २७६ रन जोड्दै दोस्रो नम्बरमा पुगेका हुन् । तेस्रो नम्बरमा सुदूरपश्चिमका विनोद भण्डारी रहेका छन् । भण्डारी नौ खेलबाट दुई अर्धशतकको मद्दतमा २६४ रन जोड्दै तेस्रो नम्बरमा अटाएका हुन् ।

**कीर्तिमानी उच्च र खराब स्कोरमा विराटनगर**

एनपिएल इतिहासमै उच्च स्कोर बनाउने टोलीमा विराटनगर किङ्स अगाडि छ । उसले जारी सिजनमा पोखराविरुद्ध २२० रन बनाएको थियो । जुन एनपिएल इतिहासकै उच्च स्कोर हो । दोस्रो उच्च बनाउनेमा पोखरा रहेको छ । पोखराले कर्णालीका विरुद्ध २०१ रन जोडेको थियो । यो संस्करणमा सबैभन्दा कम स्कोर बनाउनेको सूचीमा पनि विराटनगर नै रह्यो । सुदूरपश्चिमविरुद्धको पहिलो 'क्वालिफायर' खेलमा विराटनगर १४ दशमलव एक ओभरमा ७८ रनमा अलआउट भयो । यो स्कोर सबैभन्दा कम रनमा अलआउट हुने रेकर्ड बन्यो ।

**सबैभन्दा बढी रनअन्तरले जित्ने सुदूरपश्चिम**

दोस्रो संस्करणमा सबैभन्दा ठूलो रनअन्तरको जित हासिल गर्ने टोली सुदूरपश्चिम रोयल्स बनेको छ । सुदूरपश्चिम रोयल्सले विरानटनगर किङ्सलाई ७७ रनको फराकिलो अन्तरले हराएको थियो ।

दोस्रो ठूलो रनअन्तरको जित विरानगटर किङ्सको नाममा रहेको छ । विराटनगर किङ्सले पोखरा एभेन्जर्सलाई ५३ रनले हराएको थियो ।यसैगरी, तेस्रो ठूलो रनअन्तरको जित काठमाडौंको नाममा रह्यो । काठमाडौंले पनि चितवन राइनोजलाई ५३ रनले पराजित गरेको थियो । एनपिएलको पहिलो संस्करणमा भने सबैभन्दा ठूलो रनअन्तरको जित सुदूरपश्चिम रोयल्सले हासिल गरेको थियो । सुदूरपश्चिमले विराटनगर किङ्सलाई ९० रनको फराकिलो अन्तरले हराएको थियो ।

एनपिएलको दुवै संस्करणमा सुदूरपश्चिम रोयल्सले विराटनगर किङ्सलाई नै सबैभन्दा ठूलो रनअन्तरले हराउँदै कीर्तिमान बनायो । दोस्रो संस्करणमा विकेटका आधारमा सबैभन्दा ठूलो अन्तरको जित कर्णाली याक्सको नाममा रह्यो । कर्णालीले लुम्बिनी लायन्सलाई नौ विकेटले हरायो ।

एनपिएलको पहिलो संस्करणमा भने विकेटका आधारमा ठूलो अन्तरको जित पोखरा एभेन्जर्सको नाममा रहेको थियो । पोखराले लुम्बिनी लायन्सलाई नै १० विकेटले हराएको थियो । पहिलो र दोस्रो दुवै संस्करणमा विकेटका अधारमा सबैभन्दा ठूलो अन्तरको हार ब्यहोर्ने टोली लुम्बिनी बन्यो ।

दोस्रो संस्करणमा सबैभन्दा कम रनअन्तरको जित भने कर्णाली याक्सले हासिल गऱ्यो । कर्णालीले लिग चरणको अन्तिम खेलमा साविक विजेता जनकपुर बोल्ट्सलाई केवल तीन रनले हराएको थियो ।

प्रतियोगितामा पहिलो विकेटका लागि चितवनका अर्जुन साउँद र डेभिड मलानले जनकपुरविरुद्ध ११२ र दोस्रो विकेटका लागि विराटनगरका लोकेश बम र मार्टिन गप्टिलले पोखराविरुद्ध १३२ रनको उच्च साझेदारीको रेकर्ड छ ।

यस्तै, यस सिजनमा सबैभन्दा बढी क्याच लिने खेलाडीमा विराटनगरका शमूएल डेली हेजलेट र सुदूरपश्चिमका कप्तान दीपेन्द्रसिंह ऐरी रहे । दुबै खेलाडीले ११/११ क्याच समाते । यसका साथै सुदूरपश्चिमका विकेटविकर विनोद भण्डारी सात क्याच र तीन स्टाम्पिंग गरेर १० जनालाई आउट गराएका छन् ।

कर्णालीका मार्क वाटले प्रतियोगिताभर सबैभन्दा बढी २१ छक्का हिर्काए । सबैभन्दा बढीपटक शून्यमा अर्थात डकआउट हुनेमा सुदूरपश्चिमका जोश ब्राउन,लुम्बिनीका सुमित महर्जन,जनकपुरका आसिफ शेख, लुम्बिनीकै सन्दीप जोरा रहेका छन् । यी सबै खेलाडी तीन/तीन पटक डकआउट भएका खराब रेकर्ड छ । शेर मल्ल लगातार दोस्रोपटक ट्रफी उचाल्ने खेलाडी बने । गत संस्करणमा जनकपुर खेलेर च्याम्पियन बनेका शेर यसपटक लुम्बिनीबाट खेलेर उपाधि उचाले ।

प्रतियोगितामा आठ टोलीको सहभागिता रहेको थियो । लुम्बिनी च्याम्पियन बन्दा सुदूरपश्चिम दोस्रो स्थानमा रह्यो । विराटनगर तेस्रो र काठमाडौंले चौथो स्थानमा चित्त बुझायो । गत वर्षको विजेता जनकपुर एक खेल मात्रै जितेर पुछारमा रह्यो । चितवन दुई खेल जितेर सातौं, समान दुई खेल जितेको कर्णाली याक्स छैटौं, तीन खेल जितेको पोखरा पाँचौं स्थानमा पुग्यो ।रासस

# अस्ट्रेलिया गोलीकाण्ड : जाइ लागेर बन्दुक खोस्ने 'नायक' र दुई सन्दिग्ध आक्रमणकारी को हुन्

**वीवीसी**

काठमाण्डु । अस्ट्रेलियाको बोन्डाइ बीचमा भएको गोलीकाण्डका बेला एक आक्रमणकारीमाथि जाइ लागेर बन्दुक खोस्ने व्यक्तिको परिचय खुलेको छ। उनको नाम अहमद अल अहमद हो। उनी ४३ वर्षका भए।

समुद्री तटमा यहुदी पर्व 'हानका' मनाउन भेला भएका मानिसहरूमाथि आइतवार राति आक्रमण हुँदा अहमद दौडिएर गई एक आक्रमणकारीलाई झम्टिएको र बन्दुक खोसेर लिएको अनि सोही व्यक्ति बन्दुक सोझ्याएको देखिने भिडिओ प्रत्यक्षदर्शीहरूले खिचेका थिए। उक्त भिडिओ वास्तविक भएको बीबीसीले पुष्टि गरेको छ। अहमद फलफूल विक्रेता हुन्। उनका दुई सन्तान छन्। उनको परिवारले 'सेभनन्यूज अस्ट्रेलिया'लाई बताएअनुसार पाखुरा र हातमा गोली लागेकाले उनको स्थानीय अस्पतालमा शल्यक्रिया गरिएको छ।



उक्त आक्रमणमा परी १५ जनाको मृत्यु भएको अधिकारीहरूले बताएका छन्। प्रहरीले उक्त आक्रमण यहुदी समुदायप्रति लक्षित "आतङ्ककारी कार्य" भएको बताएको छ। 'हानका' पर्व मनाउन आयोजित कार्यक्रममा आक्रमण हुँदा त्यहाँ १,००० जनाभन्दा बढी मानिस भएको प्रहरीले जनाएको छ। "उनी नायक हुन्, शत प्रतिशत नायक। उनलाई दुइटा गोली लागेको छ, एउटा पाखुरामा र अर्को हातमा," अहमदका नातेदार मुस्तफाले सेभनन्यूज अस्ट्रेलियासँग आइतवार राति भने।

"म उनलाई निको होस् भन्ने कामना गर्छु। म उनलाई राति हेर्न गएको थिएँ। उनी ठिकै थिए तर हामी डाक्टरले के भन्छन् भन्ने कुराको प्रतीक्षामा छौं," सोमवार बिहान उनले भने।

प्रहरीका अनुसार उक्त घटनाका सन्दिग्ध आक्रमणकारीहरू बुवा र छोरा हुन्। उनीहरूको उमेर क्रमशः ५० र २४ भएको बताइएको छ। प्रहरीले ५० वर्षे आक्रमणकारीको घटनास्थलमै मृत्यु भएको पुष्टि गरेको छ। उनका छोरा चाहिँ अस्पतालमा गम्भीर अवस्थामा छन्। अहमदका लागि 'गोफन्डमी'मा अन्लाइन चन्दा सङ्कलन गर्न थालिएको छ।सोमवार दिउँसोसम्म १० लाख अमेरिकी डलर उठिसकेको छ। एक अमेरिकी अर्बपतिले अहमदलाई ९९,९९९ डलर दिएका छन्। पर्शिङ स्क्वाएर क्यापिटल म्यानेज्मन्टका विलिअम अक्मनले दिएको उक्त रकम अहिलेसम्मको सबैभन्दा ठूलो चन्दा हो।

अहमदका बुवा मोहम्मद अल अहमद र आमा मालाकेह हसन अल अहमदका अनुसार उनीहरू केही महिनाअघि सिरियाबाट सिड्नी आएका थिए। आफ्ना छोरा सन् २००६ मा अस्ट्रेलिया आएको उनीहरूले एबीसीलाई बताएका छन्।"उसले मानिसहरू मर्न थाल्यो अनि त्यो मान्छे ृआक्रमणकारीको गोली सकिएपछि उसले खोस्यो तर उसलाई गोली लाग्यो," आमाले भनिन्, "ईश्वरले उसको रक्षा गरून् भनेर हामी प्रार्थना गर्छौं।"

"उसले जे गऱ्यो त्यो गर्दा उसले आफूले जोगाउन लागेका मानिसहरूको पृष्ठभूमिबारे सोचेन, ती बाटोमा मारिँदै गरेका मानिसहरू थिए," बुवा अहमदले भने।"उसले कसको राष्ट्रियता के हो भनेर विभेद गरेन। विशेष गरी यहाँ अस्ट्रेलियामा एक नागरिक र अर्को नागरिकबीच भिन्नता छैन।" अहमदले बन्दुक खोसेको भिडिओ अनलाइन माध्यममा व्यापक शेअर भएको छ।उक्त भिडिओमा ताडको बोटपछाडि लुकेर एक आक्रमणकारीले बन्दुक ताक्दै गोली हान्दै गरेको देखिन्छ।

पार्क गरिएको एउटा कारपछाडि लुकेका अहमद दौडिँदै गएर ती आक्रमणकारीमाथि जाइ लाग्छन्।अहमद बन्दुक खोस्न सफल हुन्छन् र ती आक्रमणकारीलाई भुइँमा धकेल्छन् र उनीतिर बन्दुक सोझ्याउँछन्। ती आक्रमणकारी पछाडि सर्दै पदयात्रीहरू हिँड्ने पुलतिर जान्छन्।त्यसपछि अहमदले बन्दुक तल झुकाउँदै आफ्नो एक हात माथि उठाएर आफू आक्रमणकारी नभएको सङ्केत प्रहरीलाई दिन्छन्।तर उही आक्रमणकारीले पछि पुलमा अर्को हतियार बोकेर फेरि गोली चलाएको देखिन्छ।

अर्का सशस्त्र आक्रमणकारी त्यही पुलबाट निरन्तर गोली चलाइरहन्छन्। तर उनीहरूले कसलाई निसाना बनाएका हुन् भन्ने कुरा चाहिँ स्पष्ट छैन। आइतवार अबेर आयोजित पत्रकार सम्मेलनमा न्यूसाउथ वेल्सका प्रेमिअर क्रिस मिन्सले आक्रमणकारीको बन्दुक खोस्ने व्यक्तिको बहादुरीको प्रशंसा गरे। तर उनले अहमदको नाम भने खुलाएनन्।"ती व्यक्ति वास्तविक नायक हुन्। उनको बहादुरीको कारण आज राति निकै धेरै मानिसहरूको ज्यान जोगिएको छ भन्ने कुरामा मलाई कुनै शङ्का छैन," उनले भने।

अस्ट्रेलियाका प्रधानमन्त्री एन्थनी अल्बनीजीले भने, "आज हामीले अस्ट्रेलियालीहरू अरूलाई सहयोग गर्न खतरा मोल्न तयार भएको देखेका छौं।""यी अस्ट्रेलियालीहरू नायक हुन्। उनीहरूको बहादुरीले मानिसहरूको ज्यान जोगिएको छ।"संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनल्ड ट्रम्पले पनि अहमदको प्रशंसा गर्दै उनीप्रति आफ्नो "ठूलो सम्मान" भएको बताएका छन्।

"उनी निकै धेरै आँटिला व्यक्ति रहेछन् जो सोझै एक आक्रमणकारीमाथि जाइ लागे अनि धेरै मानिसको ज्यान जोगाए," ह्वाइट हाउसमा क्रिस्मसका अवसरमा आयोजित एउटा भोजमा ट्रम्पले भने। स्थानीय सञ्चारमाध्यमले उनीहरूको नाम क्रमशः सजिद अकरम र नवीद अकरम भएको बताएका छन्।गृहमन्त्री टोनी बर्कका अनुसार अनुसार दुई आक्रमणकारीमध्ये बुवा सन् १९९८ मा विद्यार्थी भिसामा अस्ट्रेलिया आएका थिए। त्यसपछि उनले पार्टनर भिसा हुँदै आवासीय भिसा लिए। छोराको जन्म अस्ट्रेलियामै भएको र उनी त्यहीँका नागरिक भएको बर्कले बताए।

प्रहरीका अनुसार ५० वर्षे आक्रमणकारीसँग सन् २०१५ देखि बन्दुक राख्ने अनुमतिपत्र थियो र उनी स्थानीय 'गन क्लब'मा सदस्य पनि थिए। प्रधानमन्त्री अल्बनीजीका अनुसार अक्टोबर २०१९ मा शङ्कास्पद गतिविधिमा संलग्न भएको आशङ्कामा छोरा चाहिँ अधिकारीहरूको दृष्टिमा परेका थिए। तर त्यतिबेला छानबिन गर्दा कुनै खतरा वा उनी हिंसामा संलग्न हुन जोखिम नदेखिएको उनले बताए।

अस्ट्रेलियास्थित मुस्लिम समुदायका संस्थाहरूले उक्त घटनाको भर्त्सना गरेका छन्। एक वरिष्ठ प्रहरी अधिकारीले अस्ट्रेलियाको एबीसी न्यूजलाई सन्दिग्ध आक्रमणकारीहरूको कारमा अतिवादी समूह इस्लामिक स्टेट (आईएस)का दुइटा झण्डा फेला परेको बताएका छन्।उक्त प्रसारकका अनुसार घटनास्थलमा कारको बोनेटमा एउटा झण्डा देखिएको थियो।यसअघि प्रहरीले आइतवार राति नै दक्षिणपश्चिम सिड्नीस्थित उनीहरूको घरमा छापा मारेको छ। उक्त स्थान गाडीमा जाँदा घटनास्थलबाट एक टाढा पर्ने बोनीरिगमा छ।

"राति प्रहरीले यो घरमा छापा माऱ्यो र त्यहाँ बस्ने तीन जनालाई पक्राउ गऱ्यो।... उनीहरूलाई फिर्ता ल्याइयो र कुनै अभियोग नलगाई छोडियो। उनीहरू फेरि भित्र गए," उक्त घरनजिकैबाट बीबीसी संवाददाता केटी वाट्सनले भनिन् ।

## यु-१९ एसिया कपः
# बङ्गलादेशद्वारा नेपाल पराजित




काठमाण्डु । एसिसी यु-१९ एसिया कप क्रिकेट प्रतियोगिताअन्तर्गत सोमबारको खेलमा नेपाल बङ्गलादेशसँग पराजित भएको छ । बङ्गलादेशले नेपाललाई सात विकेटले हराएको हो ।

युनाइटेड अरब इमिरेट्स (युएई) को दुबईस्थित द सेभेन्स रङ्शालामा बङ्गलादेशले टस जितेर पहिला फिल्डिङ रोजेको हो ।

नेपालले ब्याटिङ गर्ने क्रममा निर्धारित ५० ओभरको खेलमा ३१ दशमलव एक ओभरमा सबै विकेट गुमाउँदै एक सय ३० रन बनायो । एक सय ३१ रनको विजयी लक्ष्य बङ्गलादेशले २४ दशमलव ५ ओभरमा तीन विकेट गुमाउँदै पूरा गऱ्यो । बङ्गलादेशका लागि जावाद अब्रारले ६८ बलमा सात चौका र तीन छक्काको मद्दतमा अविजित ७० रन बनाए । यस्तै कलाम सिद्दिकीले ६६ बलमा ३४ रन बनाए ।

बलिङतर्फ नेपालका लागि अभिशेख तिवारी र युवराज खत्रीले समान एक एक विकेट लिए ।त्यसअघि नेपालले ब्याटिङ गर्ने क्रममा निर्धारित ५० ओभरको खेलमा ३१ दशमलव एक ओभरमा सबै विकेट गुमाउँदै एक सय ३० रन बनायो । नेपालका लागि अभिषेक तिवारीले सर्वाधिक ३० रन बनाए । त्यस्तै आशिष लुहारले २३ तथा साहिल पटेलले १८ रनको योगदान दिए ।

बलिङतर्फ बङ्गलादेशका लागि एमडी सोबुजले तीन तथा साद इस्लाम, अजिजुल हाकिम र शाह्रियर अहमदले दुई दुई विकेट लिए । नेपाल यसअघि आफ्नो पहिलो खेलमा यही मङ्सिर २७ गते टेष्ट राष्ट्र श्रीलङ्कासँग आठ विकेटले पराजित भएको थियो । रासस

# पाँच मुरीभन्दा बढी बदाम फलाउने किसान पुरस्कृत



खोटाङ । हलेसी तुवाचुङ नगरपालिकाले पाँच मुरीभन्दा बढी बदाम फलाउने किसानलाई प्रोत्साहन रकम वितरण सुरु गरेको छ। 'बदामखेतीमा विस्तार, पोषण सुरक्षा र आम्दानीको आधार' भन्ने नाराका साथ बदामखेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गरेको यो नगरपालिकाले किसानलाई प्रोत्साहन रकम वितरण सुरु गरेको हो।

न्यूनतम् पाँच मुरी बदाम उत्पादन गर्ने किसानलाई रु दुई हजार ५०० तथा त्योभन्दा बढी उत्पादन गर्ने किसानलाई प्रतिमुरी रु ३०० का दरले प्रोत्साहन रकम प्रदान गर्ने गरिएको नगरप्रवक्ता कमल गिरीले जानकारी दिनुभयो। "हाम्रो नगरपालिकामा यो वर्ष तीन हजार १२८ मुरी बदाम उत्पादन भएको छ । बदामखेतीलाई प्रवर्द्धन गर्न किसानलाई प्रोत्साहन रकम वितरण गरिएको हो", उहाँले भन्नुभयो, "प्रोत्साहन रकम पाउनका लागि किसानले निवेदन दिनुपर्ने हुन्छ। निवेदनका आधारमा कृषि शाखाका कर्मचारी गएर मूल्याङ्कन गरेपछि पाँच मुरीभन्दा बढी बदाम फलाउने किसानलाई प्रोत्साहन रकम दिने गरेका हौँ।"

पहिलो चरणमा वडा नं ५ दुर्छिम, वडा नं ७ वहादेवस्थान र वडा नं ८ धितुङका किसानलाई नगरपालिकाको कार्यालयमा बोलाएर प्रोत्साहन रकम वितरण गरिएको नगरपालिकाले जनाएको छ। नगरपालिकाको कार्यालयले आयोजना गरेको सार्वजनिक सुनुवाइ कार्यक्रमको अवसर पारेर आइतबार दुर्छिमका १३ किसानलाई रु ६२ हजार २००, महादेवस्थानका ४३ किसानलाई रु दुई लाख ३२ हजार ३०० र धितुङका १५८ जना किसानलाई रु सात लाख १० हजार ६०० प्रोत्साहन रकम वितरण गरिएको कृषि शाखा प्रमुख रविन भट्टराईले बताउनुभयो।

नगरपालिकाको कार्यालय टाढा पर्ने वडा नं २ डिकुवा र वडा नं ११ राजापानीका किसानलाई वडा कार्यालयमार्फत वितरण गर्ने योजना बनाइएको नगरपालिकाले जनाएको छ। वडा नं २ डिकुवाका २४ किसानले २६० मुरी तथा वडा नं ११ राजापानीका २४ किसानले २३१ मुरी बदाम उत्पादन गरेको जनाइएको छ । कृषि शाखाले दिएको जानकारीअनुसार डिकुवाकाका किसानले रु एक लाख दुई हजार तथा राजापानीका किसानले रु ९३ हजार ३०० प्राप्त गर्नेछन् । सुक्खाग्रस्त क्षेत्रमा पर्ने यो नगरपालिकामा मात्र उत्पादन हुने बदामखेती प्रवर्द्धनका लागि नगरपालिकाले गत वर्षबाट प्रोत्साहन रकम वितरण कार्यक्रम ल्याएको हो।

परम्परागत (रैथाने) बाली प्रवर्द्धन कार्यक्रमअन्तर्गत बदामखेती गर्ने किसानलाई मूल्याङ्कनका आधारमा प्रोत्साहन रकम वितरण गर्दै आएको यो नगरपालिकामा यस वर्ष सबैभन्दा बढी धितुङका गोपाल बुढाथोकीले ४१ मुरी उत्पादन गर्नुभएको जनाइएको छ । जिल्लाको पश्चिमी क्षेत्रमा पर्ने यो नगरपालिकामा गत वर्षको तुलनामा यस वर्ष ४६ दशमलव ३५ प्रतिशतले बदाम उत्पादनमा वृद्धि भएको हो।

नगरपालिकाको अधिकांश भूभागमा उत्पादन हुने बदामखेतीलाई प्रवर्द्धन गर्दै ब्रान्डिङ गरेर बिक्री गर्ने योजनासहित किसानलाई प्रोत्साहन रकम उपलब्ध गराइएको नगरप्रमुख विमला राईले जानकारी दिनुभयो । "बदाम बिक्रीबाट नगरपालिकाका किसानले राम्रो आम्दानी गरिरहेका छन् । किसानले उत्पादन गरेका बदाम व्यवसायीले ठगेर अन्यत्र लैजाने गरेका छन् । त्यसलाई रोकेर किसानलाई प्रोत्साहन गर्दै ब्रान्डिङ गर्ने योजना बनाएका छौँ", उहाँले भन्नुभयो, "हाम्रो नगरपालिकामा बदाम र गहत उत्पादनको प्रचुर सम्भावना छ । रैथाने बालीका रूपमा उत्पादित बदाम र गहतलाई हाम्रो नगरपालिकाको विशेष उत्पादन बनाएर निर्यात गर्दै आम्दानीको स्रोत वृद्धि गर्ने लक्ष्य लिएका छौँ।"

हलेसी तुवाचुङ नगरपालिकाका किसानले उत्पादन गरेका अधिकांश बदाम स्थानीय तथा बाहिरबाट आएका ठेकेदारले खरिद गरेर जिल्लाकै त्रिधार्मिकस्थल हलेसी बजार, दिक्तेल, रभुँवाघाटमा लाग्ने माघेसङ्क्रान्ति मेला, बराहपोखरी मेला, दिक्तेल बजार, छिमेकी जिल्ला ओखलढुङ्गामा बिक्री गर्न लैजाने गरेका छन् । जिल्लाका १० स्थानीय तहमध्ये यो नगरपालिकामा मात्र बदामखेती हुँदै आएको छ।

विश्वप्रसिद्ध त्रिधार्मिकस्थल हलेसी आसपासका क्षेत्रमा उत्पादित बदाम कोसेलीका रूपमा पनि प्रयोग हुने गरेको छ। हिन्दू, बौद्ध र किरात धर्मावलम्बीको सङ्गमस्थल हलेसी आउने भक्तजन तथा दर्शनार्थीले कोसेलीका रूपमा यहाँ उत्पादित बदाम लैजाने गरेको व्यवसायीहरूले बताएका छन्।

नगरपालिका क्षेत्रभित्र उत्पादित कृषि उपजलाई प्रवर्द्धन तथा बजारीकरण गर्दै नगरवासीको आयआर्जनमा वृद्धि गर्न हलेसीस्थित ट्राफिकचोकमा चिस्यान केन्द्रसहितको कृषि सङ्कलन केन्द्रसमेत सञ्चालन गरिएको छ । आयातित कृषि उपजलाई निषेध गर्दै स्थानीय कृषि उपज प्रवर्द्धन गर्ने उद्देश्यले लगानीमा कृषि सङ्कलन केन्द्र स्थापना गरेर सञ्चालन गरिएको नगरपालिकाले जनाएको छ।रासस

# राजनीतिसँगै कृषिजन्य उत्पादनको व्यापारमा नेत्री राई



खोटाङ। राजनीति गर्दैमा अरु कुनै पेसा गर्नु हुँदैन भन्ने छैन। कतिपयले राजनीतिलाई नै पेसाझैँ बनाउँदा मुलकुमा भ्रष्टाचार बढेको आरोप पनि लाग्दै आएको छ।

यस्तै सन्दर्भमा संविधानसभा सदस्य दुर्गाजयन्ती राईले दिक्तेल बजारमा कृषि उत्पादनको मूल्य अभिवृद्धि र स्थानीय उद्योग प्रवर्द्धन गर्ने उद्देश्यसहित 'नमूना कृषिजन्य सामग्री प्रशोधन केन्द्र' सञ्चालन गर्दै आउनुभएको छ । स्थानीयले उत्पादन गरेका मकै, फापर-कोदो, धान, तोरीको तेल, राँगाको मासु, रायोको सागलगायत सङ्कलन तथा प्रशोधन गरेर उहाँले बिक्री गर्दै आउनुभएको छ।

नेपाली कम्युनिष्ट पार्टी (नेकपा)को केन्द्रीय सदस्यसमेत रहनुभएकी संविधानसभा सदस्य राईले विसं २०७६ सालमा रु पाँच हजार लगानीमा २५ केजी मकैको च्याँख्ला र दश प्याकेट गुन्द्रुक-सिन्की राखेर व्यवसाय सुरु गर्नुभएको थियो। नेता राईको पसलमा अहिले मकैको च्याँख्ला, फापर-कोदोको पिठो, धानको चामल, घ्यू, मह, तोरीको तेल, राँगाको सुकुटी, गुन्द्रुक, सिन्की, गेडागुडीदेखि हरियो सागसब्जीका साथै डालो/नाङ्लोसम्मका कृषि उपज तथा सामग्री पाइन्छ।

भूमिगत राजनीतिदेखि चार वर्षसम्म सङ्घीय संसद्को जिम्मेवारी निर्वाह गरिसक्नुभएकी नेता राईलाई सुरुमा व्यापारमा हात हाल्न निकै जोखिम थियो। कृषि उपजको व्यवसायमा बजार कत्तिको राम्रो होला भन्ने अनिश्चितता थियो। तर, परम्परागत स्वाद खोज्ने ग्राहकहरुले नेता राईको पसलप्रति चासो देखाए। कृषि व्यवसाय विस्तार हुँदै गएपछि नेता राईले हाल धरान, काठमाडौँ, हङकङ, सिङ्गापुर र स्थानीय हाटबजारसमेतमा सामग्री आपूर्ति गर्दै आउनुभएको छ। विदेशमा नेपालीले मन पराउने परम्परागत खाद्यवस्तुको मागले आफ्नो व्यवसाय अझै विस्तार गर्न मद्दत पुगेको नेता राईले जानकारी दिनुभयो।

हेटौँडा महाधिवेशनपछि तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)ले नेता तथा कार्यकर्ताले उत्पादन र उद्यममा पनि जोडिनुपर्छ भन्ने नीतिगत निर्णय गरेपछि उद्यमलाई नियमित, दीर्घकालीन र व्यवस्थितरूपमा अघि बढाउने मनस्थिति बनाएको नेता राईले बताउनुभयो। "पहिलाको समयमा मैले सिङ्गै समय पार्टीलाई दिएकी थिएँ। त्यहीँ परिस्थिति पनि थियो। तर, मुलुकमा शान्ति सम्झौता भयो, गणतन्त्र आयो, त्यसपछि पार्टीलाई पूरा समय दिनै नपर्ने अवस्था आयो", उहाँले भन्नुभयो, "सङ्गठनको काम आंशिक रूपमा गरे पनि पुग्ने वातावरण बनेपछि मैले उत्पादनमूलक क्षेत्रमा हात हालेको हुँ।"

'नेताले पनि आयआर्जनका स्रोत बनाउनुपर्छ' भन्ने पार्टीकै निर्णयले यस कामप्रति आफूलाई प्रेरणा मिलेको नेता राईले बताउनुभयो। "किसानसँग घुलमिल हुन पाउँदा सामाजिक चिन्तन बलियो हुन्छ । उपभोक्ता बुझ्दा हाम्रो व्यवहारिक धरातल अझै मजबुत बन्दो रहेछ," उहाँले भन्नुभयो, "उद्यमले मेरो राजनीतिक जीवनलाई पनि सकारात्मक प्रभाव पारेको छ। राजनीति निःस्वार्थ हुनुपर्छ। राजनीति गर्छु भन्ने सबै नेताले केही न केही आम्दानी हुने व्यवसाय गर्नुपर्छ भन्ने मेरो बुझाइ छ।"

प्रशोधन केन्द्रमा उत्पादनका लागि कच्चा सामग्री पर्याप्त मात्रामा नपाउनु नै प्रमुख चुनौतीको देखिएको उहाँको भनाइ छ । "सिजनमा त किसानले धेरै सामान ल्याउनुहुन्छ । तर, वर्षभरि समानरूपमा कच्चा पदार्थ पाइँदैन। त्यो नै मुख्य चुनौती हो", उहाँले भन्नुभयो, "पसलमा आउने हरेक सामानको शत प्रतिशत लागतमा २०-२५ प्रतिशत नाफा जोडेर मूल्य निर्धारण गर्ने गरेकी छु । उपभोक्ताले सधैँ यथार्थ मूल्यमै सामान पाउने गर्नुभएको छ ।" स्थानीय उत्पादनमा आधारित व्यवसायले रोजगारी, आत्मनिर्भरता र स्थानीय आर्थिक चक्रलाई मजबुत बनाउने जानकारी दिनुहुँदै नेता राईले राजनीति क्षेत्रका अन्य व्यक्तित्वलाई पनि कृषि वा स्थानीय उद्योगमा जोडिन प्रोत्साहन दिनुभएको छ।

व्यवसायको माध्यमबाट किसान र उपभोक्तासँग सीधा जोडिन पाउँदा सामाजिक तथा राजनीतिक यात्रा नै बलियो भएको नेता राईको बुझाइ छ । सरकारका तीनवटै तह सङ्घ, प्रदेश र स्थानीय सरकारले कृषि क्षेत्रमा अनुदानमार्फत उत्पादन वृद्धि गर्न सके देशको समग्र अर्थतन्त्रलाई टेवा पुग्ने नेता उहाँ बताउनुहुन्छ । दिक्तेल बहुमुखी क्याम्पसको सञ्चालक समिति अध्यक्षसमेत रहनुभएकी राई विसं २०६४ सालमा सम्पन्न पहिलो संविधानसभा निर्वाचनमा तत्कालीन जनमोर्चा नेपाल पार्टीबाट समानुपातिकतर्फबाट संविधानसभा सदस्य बन्नुभएको थियो।रासस

# महबाटै करोडको कारोबार गर्नुहुन्छ विनोद हमाल



भजनी । परिश्रम गरे स्वदेशमै मनग्य आम्दानी गर्न सकिन्छ भन्ने एक उदाहरण हुनुहुन्छ दाङको तुलसीपुर उपमहानगरपालिका-६ मदन नगरकाविनोदहमाल।व्यावसायिक माहुरीपालनबाट बर्सेनि करोडौँको कारोबार गर्दै आउनुभएका हमाल व्यवसायीमात्र होइन समाजका लागि एक प्रेरणा पनि हुनुहुन्छ।

विसं २०५५ देखि माहुरीपालन व्यवसाय गर्दै आउनुभएका उहाँबाटै सिकेको सीपबाट कैयौँ युवाहरू माहुरीपालन व्यवसायमा संलग्न हुनुभएको छ। त्यो समयमा १२-१५ जना माहुरीपालक किसान रहेका दाङमा अहिले चार-पाँच सय युवा त्यसैमा भविष्य खोजिरहेको हमाल बताउनुहुन्छ । "सुरुमा सीमित व्यक्ति मौरीपालनमा थियौँ । अहिले दाङमा मात्र चार-पाँच सय जना पुगिसक्नुभएको छ", उहाँ भन्नुहुन्छ, "थोरै लगानीले मनग्य आम्दानी दिने भएपछि युवाहरूको आकर्षण बढ्दै गएको छ।"

दाङदेखि कैलालीसम्मका तराईका जिल्लामा घुमिरहने अनि माहुरीका घार घुमाइरहने हमाल यतिबेला कैलालीको भजनी नगरपालिकामा पुग्नुभएको छ । उहाँले कैलाली र बर्दियाका विभिन्न ठाउँमा पाँच सय माहुरीका घार तोरी फुलेका खेतहरूमा राख्नुभएको छ । "आजभोलि तोरीको फूल जता फुल्यो त्यतै माहुरीका घार बोकेर हिँड्ने गरेका छौँ", उहाँ भन्नुहुन्छ, "तोरीको सिजन सकिएपछि जता फूल फुल्यो माहुरी घार त्यतै पुग्छन्।" उहाँका अनुसार कैलालीलगायतका तराईका जिल्लामा बर्सेनि तोरी फुल्ने समयमा दाङबाट दर्जनौँ मौरीपालक किसान माहुरीका घार बोकेर आउने गरेका छन्। उहाँहरू कैलाली, बर्दिया, बाँके, दाङका विभिन्न क्षेत्रमा माहुरीका घार बोकेर चराउन जाने गर्छन्। मौरीका लागि उपयुक्त हावापानी भएका कारण दाङमा माहुरी व्यवसाय फस्टाएको पाइन्छ । "दाङको हावापानी माहुरीका लागि राम्रो छ । तोरी अनि मकैखेती राम्रो हुने हुँदा पनि मौरी व्यवसाय राम्रो भएको पाइन्छ", हमाल भन्नुहुन्छ, "तोरी र मकैको फूल माहुरीको चरनका लागि निकै महत्त्वपूर्ण मानिन्छ।"

स्वर्गद्वारी विकन्सर्न प्रालिमार्फत माहुरीपालन गर्दै आउनुभएका हमालले १५ जनालाई प्रत्यक्ष रोजगारी दिनुभएको छभने अप्रत्यक्ष रूपमा सयौँ व्यवसायसँग जोडिएका छन् । हमालले एक वर्षमा एक लाख केजीसम्म मह उत्पादन गरेर बिक्री गर्दै आएको बताउनुभयो । "आम्दानी कति हुन्छ त्यो ठ्याक्कै भन्नुभन्दा पनि हामीले वर्षमा एक लाख केजी मह उत्पादन गर्छौं", उहाँ भन्नुहुन्छ, "त्यो मह न्यूनतम रु पाँच सय प्रतिकेजीभन्दा बढीमा बिक्री गर्दै आएका छौँ।" महको मूल्य पनि फूलको स्रोतका आधारमा तय गरिने उहाँ बताउनुहुन्छ।

माहुरीपालक किसानलाई बजारको कुनै समस्या छैन । अहिले पनि बजारको मागलाई पूरा गर्न नसकिएको हमालको भनाइ छ । काठमाडौँलगायत देशका तीन क्षेत्रबाट महको व्यापार गर्दै आउनुभएका उहाँ धेरै उत्पादन कम्पनीमा नपुर्याएरै बिक्री हुने गरेको विनोद बताउनुहुन्छ । उहाँको परिवार नै माहुरी व्यवसायमा लागेको छ।

पैसा कमाउनका लागि विदेश जान नपर्ने उहाँ बताउनुहुन्छ । "पैसा विदेशभन्दा स्वदेशमा धेरै छ। हामी जसरी खटिएर विदेशमा आठ घण्टा काम गर्छौं, त्यसैगरी स्वदेशमा गरौँ त", उहाँ भन्नुहुन्छ, "दश घण्टा कुरा गरेर अनि सामाजिक सञ्जाल चलाएर व्यतित गर्दा बाँकी दुईतीन घण्टा काम गरेजस्तो गएर पैसा कमाउन सकिँदैन । आम्दानी हुँदैन । व्यवसायमा दत्तचित्त भएर लाग्यो भने हरेक व्यवसायको स्वदेशमा सम्भावना छ।"रासस

# सुन्तला खेतीले फेरिँदै भोजपुरका किसानको जीवनस्तर

भोजपुर। यहाँका किसानका लागि सुन्तला खेती आम्दानीको भरपर्दो आधार बन्दै गएको छ। व्यावसायिक रूपमा सुन्तला उत्पादन गर्दै आएका यहाँका किसानले बजार विस्तारसँगै राम्रो मूल्य पाउन थालेपछि आर्थिक रूपमा सबल बन्दै गएका छन्। सडक पहुँच विस्तार भएपछि स्थानीय बजारमा मात्र सीमित रहेको सुन्तला अहिले बाहिरी जिल्लासम्म पुग्न थालेको हो।

विगतमा यातायात सुविधा नहुँदा स्थानीय बजारमै भर पर्नु परेकोमा अहिले बगानमै ठेकेदार आएर सुन्तला खरिद गर्ने अवस्था बनेको टेम्केमैयुङ गाउँपालिका-५ खावा केराबारीका किसान देवराज राईले बताउनुभयो। हाल २२ रोपनी क्षेत्रमा करिब २०० वटा सुन्तलाका बोट लगाएर व्यावसायिक खेती गर्दै आउनुभएका राईले वार्षिक रूपमा करिब पाँच लाख रुपैयाँ आम्दानी गर्दै आउनुभएको छ।"अहिले सुन्तलाको मुख्य सिजन हो," उहाँले भन्नुभयो, "गाउँभरि सुन्तला बिक्री भइरहेको छ। मैले प्रत्येक वर्ष करिब पाँच लाख रुपैयाँ बराबरको सुन्तला बिक्री गर्दै आएको छु।"

यस क्षेत्रका करिब १२० घरपरिवारले व्यावसायिक रूपमा सुन्तला खेती गर्दै आएका छन्। बगान नै एकमुष्टमा ठेकेदारलाई बिक्री गर्न पाइने भएकाले खुद्रा बिक्रीको झन्झट कम भएको राईको भनाइ छ। सडकका कारण गाउँघरमा फलेको सुन्तला धरान, इटहरी, विर्तामोड, विराटनगर, काठमाडौँलगायतका मुख्य शहर, बजारमा जाने गरेको छ। एक पटक रोपिसकेपछि लामो समयसम्म उत्पादन लिन सकिने भएकाले सुन्तला खेती किसानको रोजाइमा परेको हो।

सुन्तला खेती वडाबासीको प्रमुख आम्दानीको स्रोत बनेपछि खेती प्रवर्द्धनका लागि प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन भइरहेको टेम्केमैयुङ-५ का वडाध्यक्ष सुनिल राईले जानकारी दिनुभयो। उहाँका अनुसार सुन्तला खेतीलाई प्राथमिकतामा राख्दै पकेट क्षेत्र निर्धारण गरेर वडाले सहयोग गर्दै आएको छ। वडाध्यक्ष राईले भन्नुभयो, "यहाँका किसानले सुन्तलाको बिक्रीबाट मनग्य आम्दानी गर्दै आएका छन्। खेती प्रवर्द्धनका लागि वडाले आवश्यक सहयोग गरिरहेको छ।"कृषि पकेट कार्यक्रम अन्तरगत गत वर्ष वडाले दुई लाख रुपैयाँ बजेट विनियोजन गरी किसानलाई उन्नत जातका सुन्तलाका विरुवा वितरण गरेको थियो।

भोजपुर जिल्लाका सबै स्थानीय तहमा सुन्तला उत्पादन हुने भए पनि विशेष गरी टेम्केमैयुङ गाउँपालिकाको खावा, केराबारी, अन्नपूर्ण, छिनामखु, कोट, गोगने, भोजपुर नगरपालिकाको दावा, बोमिख, पोखरे, षडानन्द नगरपालिका, हतुवागढी गाउँपालिका र रामप्रसादराई गाउँपालिकामा सुन्तला उत्पादन बढी हुने गर्छ।कृषि ज्ञान केन्द्र भोजपुरका अनुसार गत वर्ष जिल्लामा छ हजार २९३ मेट्रिकटन सुन्तला उत्पादन भएको थियो।
रासस


## भुमि सुधार तथा मालपोत कार्यालय गौर, रौतहट

### मोहियानी हकदाबी सम्बन्धी ३५ दिने सूचना

तपसिलको जग्गाको मोही भगुवा मोही रामबहादुर माझीले मोही लागत कटा गरी पाउँ भनि ज.ध. तर्फवाट निवेदन पर्न आएकोले कार्यवाही क्रममा ३५ दिने सूचना जारी गरिएको छ। तपसिलका मोही वा हकवाला कोही भई मोही लगत कटा हुनु नपर्ने भाए सो सूचना जारी भएको मितिले ३५ दिने भित्र प्रमाण साथ लिखित हकदाबी गर्न आउनु होला वा रीतपूर्वक वारेस कानुन व्यवसायी पठाउनु होला अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा यसै सूचनाबाट सूचित गरिन्छ।

| ज.ध.को नाम | जिल्ला | गा.पा/न.पा | वडा न. | कि. न. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| केदारनाथ गौतम | रौतहट | चन्द्रपुर | ३ख | ६४ | ०-१४-१० |
| भगुवा मोही रामबहादुर माझी चन्द्रपुर वार्ड न. ४ | | | | | |

## मधेश प्रदेश सरकार
## भौतिक पूर्वाधार विकास मन्त्रालय
## पूर्वाधार विकास निर्देशनालय
## पूर्वाधार विकास कार्यालय
## रौतहट, गौर

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशति मति: २०८२/०९/०१)

यस कार्यालयबाट सौर्य राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८१/०१/१६ मा प्रथम पटक प्रकाशित सूचना अनुसार Electronic Bidding मार्फत आह्वान गरिएको बोलपत्रदाताहरुबाट प्राप्त बोलपत्र मूल्याङ्कन हुँदा तपसिल बमोजिमका बोलपत्रदाता न्यूनत्तम मूल्याङ्कित सारभूतरूपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

तपसलि:

| क्र. सं. | ठेक्का नं. | योजनाको नाम/विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (पि.एस. र मू.अ.क. सहित) |
|---|---|---|---|---|
| १ | IDO/RAU/NCB/W/14/2081/082 | Katahariya–Baderba–Jangalsahiya–Simari–Dhansar Sadak | M/s PCPL/MC JV, Ghattekulo-32 | रु. १५,७५,५१,७५७.७८ |

कार्यालय प्रमुख

## भुमि सुधार तथा मालापेत कार्यालय गौर, रौतहट

### जग्गा नामसारी सम्बन्धीबारे ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला रौतहट साविक गाविस जिगडवा वेलविछ्वा वडा न. ८ हाल परोहा ना.पा.-२ मा बस्ने शेख यासिनको नाति शेख सुयवको छोरा शेख नुरसैदले आफ्नो धर्मपुत्र वुवा नाता पर्ने शेख ओबैदुल्लाको नाउँमा दर्ता कायम रहेको जग्गा जिल्ला रौतहट साविक गाविस जिग्डवा वेलविछ्वा वार्ड नं. ३ किता नं.९७३ को ज.वि.०-१-३-१३ जग्गाको नामसारी माग गरेकोमा मोठ भिडान हुदाँ मोठ कायम रही रोका नदेखिएको साथै परोहा न.पा-१ को चलानी नं.९६ मिति २०८२/८/२५ गतेको सिफार िसमा दर्तावाला शेख ओवैदुल्ला आफ्नो कालतिवाट मिति २०७८/६/५ मृत्यु भई निजको दाम्पत्यवाट छोराछोरी नभई छोरी पट्टीको छोरानाति जि.र ौ.गाविस जिग्डवा वेलविछ्वा वडा नं. ८ हाल परोहा नं.पा १ मा बस्ने शेख सुयवको छोरा शेख नुरसैदलाई मालपोत कार्यालय गौरवाट र.नं. ३८१४ मिति २०७१/८/२ गते धर्मपुत्र लिखत पारित गरी निजको सेवा सुसार हेरचाह समेत गरी निज ज.ध. मिति २०७८/६/५ गते प्रलोक भई नजिकको हकखाने हकदार एक मात्र धर्मपुत्र छोरा शेख नुरसैदको नाउँमा नामसारी गरी दिने बारे सिफारिस भई आएकोले उल्लेखित जग्गाको नामसारी सम्वन्धी हकदावी वारे ३५ दिने सार्वजनिक सुचना प्रकाशित भई म्याद सकेपछि पेश गर्ने भनी मिति २०८२/०८/२६ गतेको आदेशा वमोजिम सोको हकदाबी बारे यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। निजको तिनपुस्ता भित्रको नाता पर्ने अन्य कोही भए, अन्य कसैलाई असर पर्ने भए वा नामसरी हुनु नपर्ने कुनै कारण भए स-प्रमाण सहित आफु वा रित पूर्वकको वारेस मार्फत यो सूचना जारी भएको ३५ दिन भित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनु होला अन्यथा कानून बमोजिम माग बमोजिम नामसारी भै जाने छ।

| जिल्ला | गाविस | वडा न. | कि. न. | क्षेत्रफल | ज.ध. |
|---|---|---|---|---|---|
| रौतहट | जिग्डवा बे. | ३ | ९७३ | ०-१-३-१३ | शेख ओबैदुल्ल वतन-सरमुजवा ७ बुबु-अहमदा बाजे-से.अनुल |

# कार्यवाहक अध्यक्षको जिम्मेवारी खोसियो



टुडे समाचारदाता

सप्तरी। हत्या आरोपी अध्यक्ष फरार भएपछि वडाअध्यक्षलाई दिइएको कार्यवाहकको जिम्मेवारी खोसिएको छ।

सप्तरीको राजगढ गाउँपालिका अध्यक्ष ओमप्रकाश मण्डलले वडाअध्यक्षलाई दिएको कार्यवाहक अध्यक्षको जिम्मेवारी अदालतले खोसिदिएको छ।

हत्या आरोपी अध्यक्ष मण्डलले गएको मंसिर १७ गते वडा नम्बर ४ का वडाअध्यक्ष अशोककुमार साहलाई गाउँपालिकाको कार्यवाहक अध्यक्षको जिम्मेवारी दिएका थिए । तर, गाउँपालिकामा उपाध्यक्ष हुँदाहुँदै वडाअध्यक्षलाई कार्यवाहकको जिम्मेवारी दिएको भन्दै उपाध्यक्ष रेणुदेवी मण्डल अधिकार माग्दै अदालत पुगेका थिए।

सोही मुद्दामा उच्च अदालत जनकपुरको राजविराज इजलासले वडाअध्यक्षलाई दिएको कार्यवाहक अध्यक्षको जिम्मेवारी खोसिदिएको हो । अदालतका न्यायाधीश उज्जवल शुक्लको इजलासले पालिकामा उपाध्यक्ष हुँदाहुँदै वडाअध्यक्षलाई अध्यक्षले कार्यवाहकको जिम्मेवारी दिनु प्रथम दृष्टिमै कानुनको प्रत्यक्ष उल्लंघन भएकोले निवेदनको अन्तिम टुंगो नलागेसम्म उपाध्यक्षलाई कार्यवाहक अध्यक्षको जिम्मेवारी बहन गर्ने कार्यमा कुनै बाधा अवरोध नगर्नु, नगराउनु भनी अन्तरिम आदेश जारी गरेको हो।

विक्रम सम्वत् २०५५ सालमा गाउँपालिका अध्यक्ष मण्डल, उनका बुवा तत्कालीन गाविस अध्यक्ष गंगाराम मण्डलसहित सात जनाले स्थानीय बेल्हीचपेनास्थित मन्दिरका पुजारी जन्तनीदास बैरागीको हत्या गरेको भनि परेको मुद्दामा सप्तरी जिल्ला अदालतबाट १५ वैशाख २०७८ मा पक्राउ पूर्जी जारी भएको थियो । तर, एमालेबाट पालिका अध्यक्षमा निर्वाचित भएपछि राजनीतिक शक्ति र पहुँचकै आधारमा मण्डलमाथि कारबाही प्रक्रिया अगाडि बढ्न सकेको थिएन।

हाल उक्त मुद्दा सप्तरी जिल्ला अदालतमा मुल्तबीमा राखिएको छ। १४ फागुन, २०७९ मा उक्त मुद्दाउपर सुनवाइ गर्दै अदालतका तत्कालीन न्यायाधीश हेमन्त रावलको इजलासले अदालतबाट जारी म्यादमा हाजिर हुन नआएको र प्रहरीले पक्राउसमेत नगरेकोले मुल्तबीमा राखिदिएको मिसिलबाट देखिन्छ । तर, उक्त मुल्तबी आदेशको केही महिनापछि २० वैशाख, २०७९ मा भएको स्थानीय तहको निर्वाचनबाट मण्डल राजगढ गाउँपालिकाको अध्यक्ष निर्वाचत भएका थिए।

# आयोगप्रति सरकार असंवेदनशील

"सरकारको बेवास्ताको परिणाम आयोगले भोग्नुपरेको छ," अध्यक्ष यादवले भने, "हिजो स्वास्थ्य क्षेत्रका विद्यार्थी आएर यहाँ होहल्ला गरे । यसमा आयोगको गल्ती के हो ?"

टुडे समाचारदाता



जनकपुरधाम । मधेश प्रदेश लोकसेवा आयोगका अध्यक्ष शिवराम यादवले प्रदेश सरकार लोकसेवा आयोगप्रति असंवेदनशील रहेको आरोप लगाएका छन्।

सोमवार एक पत्रकार सम्मेलन आयोजना गरी अध्यक्ष यादवले सरकारका विभिन्न मन्त्रालयहरूले आवश्यक कर्मचारीको माग फाराम समयमै नपठाउँदा काम गर्न समस्या भइरहेको आरोप लगाउँदै गम्भीर हुन आग्रह गरे।

उनले भने 'आयोगले आफ्नो वार्षिक कार्यतालिका अनुसार प्रदेश सरकारका सबै मन्त्रालय र मातहत निकायमा विज्ञापन गरिने कर्मचारीको सूची पहिल्यै प्रकाशन गरिसकेको छ। त्यसअनुसार माग फाराम पठाइदिन लिखितरूपमै पटक-पटक आग्रह गर्दा पनि सम्बन्धित मन्त्रालयहरूले बेवास्ता गर्दै आएको छ।'

अध्यक्ष यादवले साउन २ गते नै स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई कार्यतालिकाअनुसार आवश्यक दरबन्दीको माग फाराम पठाई सहजीकरण गरिदिन पत्राचार गरिएको भए पनि हालसम्म कुनै जवाफ नआएको बताए।

"सरकारको बेवास्ताको परिणाम आयोगले भोग्नुपरेको छ," अध्यक्ष यादवले भने, "हिजो स्वास्थ्य क्षेत्रका विद्यार्थी आएर यहाँ होहल्ला गरे । यसमा आयोगको गल्ती के हो ?"

स्वास्थ्य क्षेत्रमा तीन वर्षदेखि विज्ञापन नगरेको भन्ने आरोपबारे प्रष्ट्याउँदै उनले प्राविधिक र कार्यालय सहयोगी (का.स.) बाहेक अन्य स्थायी पदमा करार वा अस्थायी कर्मचारीको विज्ञापन गर्न कानूनले नै रोक लगाएको बताए । "यसमा पनि सरकारकै कमजोरी हो," उनले भने, "निजामती ऐन त ल्याइयो तर नियमावली ल्याइएन । नियमावलीको अभावमा विज्ञापन गर्न समस्या भएको हो।"

अध्यक्ष यादवले प्रदेश सरकारले नियमावली जारी नगर्दा स्थानीय तहका पदपूर्तिमा समेत समस्या आएको जानकारी गराए। तथापि विभिन्न प्रदेशका आयोगका कानुनलाई आधार मानी स्थानीय तहबाट प्राप्त मागअनुसार मंगलबार १७५ वटा पदका लागि विज्ञापन आह्वान गरिने उनले बताए।

उनले भने 'प्रदेशका १३६ वटै स्थानीय तहलाई पत्राचार गर्दा जम्मा ६२ वटा पालिकाबाट मात्र माग प्राप्त भएको थियो । ती पालिकाहरूले करिब १ हजार ६ सय कर्मचारीको माग गरेका थिए। प्रक्रिया नपुगेका ४ सय पद कटाएर बाँकी १ हजार २ सयमध्ये सातौं तहका १७५ पदका लागि विज्ञापन गर्न लागिएको हो।'

# प्रधानाध्यापक र लेखापालविरुद्ध मुद्दा दायर




टुडे समाचारदाता

जनकपुरधाम। धनुषाको विदेह नगरपालिका २ दुहबी गोबराहीस्थित शंकर जनता माध्यमिक विद्यालयका प्रधानाध्यापकसहित २ जनाविरूद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मुद्दा दायर गरेको छ।

प्रधानाध्यापक धनिकलाल ठाकुर र लेखापाल अरूणकुमार कुशियैतविरूद्ध अख्तियारले सोमबार विशेष अदालतमा मुद्दा दायर गरेको हो।

आर्थिक वर्ष २०७८/०७९ मा आइसिटी ल्याब स्थापना तथा आर्थिक वर्ष २०७९/०८० को राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालयमा आइटी ल्याब स्थापना तथा डिजिटल लाइब्रेरी सुदृढीकरण कार्यक्रममा रकम हिनामिना, सार्वजनिक सम्पतिको हानी नोक्सानी गरेको आरोप सहित अख्तियारले आरोप पत्र दायर गरेको छ।

आयोगका अनुसार आ.व. २०७६/०७७ मा विदेह नगरपालिकाबाट आइसीटी ल्याब व्यवस्थापन शीर्षकमा प्राप्त रु. ६ लाख ५० हजार रकमबाट सम्बन्धित सामग्री खरिद नगरी भुक्तानी लिई लाभ लिएको र उक्त कार्य ढाकछोप गर्न सामग्री खरिद गरिएको भनी नगरपालिकामा भुट्टा तथा गलत प्रतिवेदन पेश गरिएको प्रमाणित भएको भनिएको छ । त्यसैगरी सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार अपनाउनुपर्ने प्रक्रिया पूरा नगरी पछि प्रक्रिया पूरा गरेको देखाउन नक्कली कोटेशन खडा गरिएको, खरिद आदेश, दाखिला प्रतिवेदन, जिन्सी खाता लगायतका आवश्यक अभिलेख नराखिएको पनि अनुसन्धानबाट खुलेको अख्तियारको भनाई छ।

आयोगका अनुसार आ.व. २०७८/०७९ मा आइसीटी ल्याब व्यवस्थापनका लागि खरिद गरिएको रु. ८७ हजार ५ सय बराबरको प्रोजेक्टर तथा आ.व. २०७९/०८० मा आइसीटी ल्याब व्यवस्थापन अन्तर्गत खरिद गरिएको रु. १ हजार २४ हजार ६२४ रुपैयाँ बराबरको स्कुल सफ्टवेयर र स्ट्यान्ड विद्यालयको अभिलेखमा नदेखिएको हुँदा ती सामग्रीको दुरुपयोग भएको तथ्य पनि स्थापित आरोप पत्रमा भनिएको छ।

प्रधानाध्यापक धनिकलाल र अरूणकुमारलाई जनही ८ लाख ६२ हजार १५२ रूपैयाँ बिगो माग दाबी गरेको अख्तियारको सहायक प्रवक्ता गणेशबहादुर अधिकारीले जानकारी दिए । प्रवक्ता अधिकारीका अनुसार अख्तियारले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम कसूर ठहर गरी सजायको मागदाबी गरिएको हो।

# पोखरा महोत्सवमा सहभागी हुन निम्तो

टुडे समाचारदाता

जनकपुरधाम । अंग्रेजी नयाँ वर्षको अवसरमा पोखरामा आयोजना हुने २७ औं पोखरा सडक महोत्सवमा सहभागी हुन पोखराका पर्यटन व्यवसायीहरुले जनकपुरवासीलाई औपचारिक रुपमा निम्तो दिएका छन।

सोमवार जनकपुरधाममा एक पत्रकार सम्मेलन आयोजना गरी रेष्टुरेण्ट एण्ड बार एशोसियसन नेपाल (रेवान) पोखराको टोलीले आम नागरिक सहित यहाँका उद्योगी व्यवसायी, पर्यटन व्यवसायी तथा सञ्चारकर्मीहरूलाई महोत्सवमा सहभागी हुन आग्रह गरेका हुन।



पत्रकार सम्मेलनमा बोल्दै महोत्सव संयोजक वसन्त गौतमले विगत २६ वर्षदेखि निरन्तर रूपमा आयोजना हुँदै आएको पोखरा सडक महोत्सव यस वर्ष पनि निरन्तरताका साथ सञ्चालन हुन लागेको जानकारी दिए। उनका अनुसार यही पुस १३ गतेदेखि १७ गतेसम्म फेवा तालको किनारमा रहेको पोखराको लेकसाइड क्षेत्र महोत्सवस्थलका रूपमा रहनेछ।

अंग्रेजी नयाँ वर्ष मनाउने प्रमुख गन्तव्यका रूपमा पोखरालाई अन्तर्राष्ट्रियस्तरमा स्थापित गर्ने उद्देश्यले प्रत्येक वर्ष यो महोत्सव आयोजना हुँदै आएको गौतमले बताए । 'पोखराको प्राकृतिक सौन्दर्य, सांस्कृतिक विविधता र आतिथ्य सत्कारलाई एकैसाथ प्रस्तुत गर्ने यो महोत्सवले आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुर्याउँदै आएको छ,' उनले भने।

महोत्सवका प्रमुख आकर्षणहरूबारे जानकारी दिँदै आयोजक समितिले विविध जातजातिका मौलिक सांस्कृतिक झाँकी, राष्ट्रिय तथा अन्तर र्राष्ट्रिय परिकार समेटिएको फुड फेस्टिभल, चर्चित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कलाकारहरूको लाइभ कन्सर्ट, लोक दोहोरी कार्यक्रम, फेवा तालमा आयोजना हुने बोट रेस, टग अफ वार प्रतियोगिता लगायतका कार्यक्रम समावेश गरिने जनाएको छ।

रेवान पोखराका प्रतिनिधिहरूले महोत्सव केवल मनोरञ्जनको माध्यम मात्र नभई स्थानीय उत्पादन, कला, संस्कृति र व्यवसाय प्रवर्द्धनको साझा थलोका रूपमा स्थापित हुँदै आएको बताए। महोत्सव अवधिभर होटल, रेष्टुरेन्ट, यातायात, हस्तकला तथा अन्य पर्यटनसँग सम्बन्धित व्यवसायमा सकारात्मक प्रभाव पर्ने विश्वास आयोजकको छ।

साथै उनीहरुले आगामी दिनमा पोखरी सँगै जनकपुरधामको पर्यटकीय विकासका लागि सहकार्य गरेर अघि बढने प्रतिबद्धता जनाए । उनले जनकपुरधाम र पोखरालाई एकसाथ पर्यटनको रुपमा विकास गर्न यहाँका पर्यटन व्यवसायीहरुसँग समन्वय र सहकार्य आग्रह गरे।

# पालिकास्तरीय तथ्यांक संकलन व्यवस्थित गरिने

टुडे समाचारदाता

जनकपुरधाम। मिथिला नगरपालिकाकी उपमेयर सुनिता सिंह बुढाथोकीले वैदेशिक रोजागारीमा रहेकाहरुको तथ्यांक संकलन व्यवस्थित रुपमा गरिने बताइन्।

धनुषाको लालगढमा भएको सुरक्षित आप्रवासन सम्बन्धी नगरपालिकास्तरीय अन्तरक्रिया कार्यक्रममा बोल्दै उपमेयर बुढाथोकीले वैदेशिक रोजगारीमा जाने युवापुस्ताले सीप सिकेर मात्रै जानुपर्ने बताएकी छन्।

वैदेशिक रोजागारीमा जान चाहने युवाले मैनपावर कम्पनी र विदेशमा काम गर्न जाने कम्पनीको बारेमा विस्तृत रुपमा जानकारी लिए। वैदेशिक रोजगारमा जान आग्रह गरिन्।

उपमेयर बुढाथोकीले पालिकामा वैदेशिक रोजगारीमा लैजाने मैनपावर कम्पनीको तथ्यांकसमेत संकलन गरिने बताइन्। स्थानीयवासीलाई जनचेतना जगाउने आवश्यक रहेको र यसका लागि स्थानीयहरु आफैं पनि सबैभन्दा पहिला गम्भीर हुनुपर्ने उनको भनाइ छ।

वैदेशिक रोजगारीमा जानेका लागि काममा जानेहरु जानु अघि कामबारे, ठाउँबारे, कम्पनीबारे र मैनपावरबारे राम्ररी बुझेरै मात्रै जान उनले आग्रह गरिन्। उक्त कार्यक्रममा प्रज्वल बास्टाकोटी स्वागतम मन्तव्य राखेका थिए भने राष्ट्र निर्माण मञ्च नेपालका प्रतिनिधिले कार्यपत्रसमेत प्रस्तुत गरेका थिए।

उक्त कार्यक्रममा सहभागी स्थानीयहरुले वैदेशिक रोजगारीमा रहेकाहरुको दुःख र समस्याप्रति राज्य गम्भीर नहुँदा समस्या भोग्न आफूहरु बाध्य रहेको बताउँछन्। घरपरिवारमा जटिल समस्या उत्पन्न हुने गरेको भन्दै स्थानीय तहले यसप्रति गम्भीर भइ पहलकदमी लिनुपर्ने माग स्थानीय सहभागीहरुले गरेका छन्।

# पालिकास्तरीय क्रिकेट प्रतियोगिता शुरु

टुडे समाचारदाता



जनकपुरधाम। जनकपुरधाममा पालिकास्तरीय टी-२० क्रिकेट प्रतियोगिता सुरु भएको छ।

सनराइज स्पोर्ट्सको आयोजना तथा धनुषा जिल्ला क्रिकेट संघको सहकार्यमा सञ्चालन भएको पालिकास्तरीय टी-२० क्रिकेट प्रतियोगिताको उद्घाटनजनकपुरधामउपमहानगरपालिकाका प्रमुख मनोज कुमार साहले गरेका छन्।

प्रतियोगिताको उद्घाटन गर्दै मेयर साहले खेलकुद र खेलाडी राष्ट्रको गहना रहेको बताउँदै स्थानीय तहले क्रिकेटजस्ता लोकप्रिय खेललाई प्राथमिकतामा राखेर दीर्घकालीन योजनासहित अघि बढ्नुपर्नेमा जोड दिए।

मेयर साहले जनकपुरधाम उपमहानगरपालिका-१४रजौलस्थित निर्माणाधीन श्रीरामजानकी बहुउद्देश्यीय रंगशालालाई चाँडै व्यवस्थित गरी खेलकुद गतिविधिको केन्द्र बनाइने प्रतिबद्धता पनि जनाए। उनले आगामी वर्षदेखि जिल्लाका सबै पालिकालाई समेटेर प्रतियोगिता विस्तार गर्नुपर्ने धारणा राख्दै सहभागिता बढेमा प्रतिस्पर्धा थप सशक्त हुने बताए।

सो प्रतियोगितामा धनुषा जिल्लाका ८ पालिकाका टिमहरू सहभागी छन्। जसअन्तर्गत समूह 'ए' मा लक्ष्मिनिया गाउँपालिका, औरही गाउँपालिका, शहीदनगर नगरपालिका र जनकनन्दनी गाउँपालिका रहेका छन् भने समूह 'बी' मा जनकपुरधाम उपमहानगरपालिका, नगराइन नगरपालिका, कमला नगरपालिका र सबैला नगरपालिका रहेका छन्।

आयोजकका अनुसार प्रतियोगिता ९ दिनसम्म सञ्चालन हुनेछ। प्रतियोगिताको ढाँचाअनुसार प्रत्येक टिमले लिग चरणमा तीन खेल खेल्नेछ भने शीर्ष चार टिम सेमिफाइनलमा प्रवेश गर्नेछन्।

# बायो प्लास्टिक उद्योग संचालन



टुडे समाचारदाता

जनकपुरधाम । प्लास्टिक पोलिथिनले वातावरणमा नाकारात्मक असर पार्ने गरेको दृष्टिगत गर्दै त्यसको विकल्पको रुपमा धनुषाको क्षिरेश्वरनाथ नगरपालिकामा- १ मा पहिलो बायो प्लास्टिक उद्योग सञ्चालनमा ल्याइएको छ।

सो उद्योगको जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज कुमार साहले उद्घाटन गरेका छन् । उद्घाटन गर्दै मेयर साहले वातावरण प्रदुषण कम गर्न यस उद्योगबाट उत्पादन हुने जैविक पदार्थबाट उत्पादन हुने प्लास्टिकका झोलाले ठूलो भूमिका निर्वाह गर्ने बताए।

उनले अन्य प्लास्टिकको झोलाको तुलनामा यस उद्योगबाट उत्पादन हुने झोला खुला ठाउँमा राख्दा वा प्रयोग गरेर पानी अथवा भुँई संग सम्पर्कमा आएपछि स्वतः ९० दिनमा डिकम्पोज हुनुले फोहोर तथा प्रदुषण नियन्त्रण हुने बताए।

उद्योगका संचालक लक्ष्मी महासेठले यस उद्योगबाट उत्पादन हुने प्लास्टिकका झोला जलाउँदा तुरुन्त खरानी बन्ने भएकोले यसले वातावरणमा कुनै असर नपर्ने जानकारी दिए। दैनिक ८०० किलो झोला उत्पादन गर्ने क्षमता भएपनि हाल उद्योगबाट ५ सय किलो झोला मात्र उत्पादन गरिने उद्योगका इन्जिनीयर राजीव झाले जानकारी दिए।

# पेट्रोलको मूल्य बढ्यो



टुडे समाचारदाता

जनकपुरधाम । नेपाल आयल निगमले पेट्रोलको खुद्रा बिक्री मूल्यमा वृद्धि र डीजलमा घटाएको छ।

भारतीय आयल कर्पोरेसनबाट पेट्रोलियम पदार्थको नयाँ मूल्य प्राप्त भएको जनाउँदै निगमले पेट्रोल प्रतिलिटरमा दुई रुपैयाँ मूल्य बढाएको हो। डिजेल र मटिट्तेलमा भने प्रतिलिटरमा ४ रुपैयाँ घटाइएको छ । नयाँ समायोजन गरिएको मूल्य सोमवार राति १२ बजेदेखि लागू हुने निगमले जनाएको छ।

निगमले ढुवानी लागत अनुसार देशका विभिन्न भागलाई चार वर्ग कायम गरेर पेट्रोलियम पदार्थको बिक्री वितरण गर्दै आएको छ।

# अवैध गाँजा फडानी



टुडे समाचारदाता

सर्लाही । सर्लाहीको लालबन्दी नगरपालिका-१४ स्थित माईस्थान तथा आसपासका चुरे क्षेत्रमा अवैध रूपमा लगाइएको गाँजा खेती फडानी तथा नष्ट गर्ने कार्य सम्पन्न गरिएको छ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता डीएसपी सरोज कुमार राईका अनुसार आईतवार बिहान करिब ११:२५ बजेदेखि सुरु गरिएको संयुक्त कारबाही साँझ ५:१० बजे सम्पन्न भएको हो। कारबाहीमा जिल्ला प्रहरी कार्यालय सर्लाही, इलाका प्रहरी कार्यालय लालबन्दी लगायत मातहतका प्रहरी कार्यालयबाट खटिएका १०० जना प्रहरी तथा सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेस हरिवनबाट ३० जना गरी जम्मा १३० जनाको संयुक्त टोली सहभागी थियो।

संयुक्त टोलीले लालबन्दी नगरपालिका-१४ अन्तर्गत माईस्थानसहित आसपासका चुरे क्षेत्रका विभिन्न स्थानमा करिब ४० बिग्हा क्षेत्रफलमा अवैध रूपमा लगाइएको अनुमानित दुई लाख गाँजाको बोट फडानी गरी नष्ट गरेको प्रहरीले जनाएको छ।

सर्लाही प्रहरीका अनुसार लागुऔषध नियन्त्रण तथा अवैध खेती अन्त्य गर्ने उद्देश्यले यस्ता अभियानलाई निरन्तरता दिइनेछ।

**मतदान सहभागी बनौं ।**

- मतदान गर्नु नागरिकको अधिकार र कर्तव्य हो ।
- मतदाताको अधिकारलाई जिम्मेवारीपूर्वक निर्वाह गरौं ।
- मतदाता नामावलीमा आफ्नो नाम दर्ता भए नभएको एकिन गरौं ।
- मतदान स्थल, केन्द्र र समयको बारेमा जानकारी राखौं ।
- मतदान गर्न जाँदा मतदाता परिचयपत्र अनिवार्यरुपमा लिएर जाऔं ।
- दबाब र प्रभावमा परी मतदान नगरौं ।
- व्यक्तिगत विवेकका आधारमा मतदान गरौं ।
- अस्वस्थ, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिलाई मतदान केन्द्रसम्म पुग्न सहयोग गरौं ।
- सामाजिक सद्भाव, शान्ति र सुरक्षित वातावरण कायम गरी मतदान गरौं ।
- राष्ट्रिय हित, विकास र सुशासनका पक्षमा योग्य प्रतिनिधि छानौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८